# रनमाया

(उपन्यास)

नई प्रकाशन

नई
प्रकाशन

२०५२

# रनमाया

इन्दिरा प्रसाई

प्रकाशक : **नइ प्रकाशन**
पोस्टबक्स : ११४४१, काठमाडौं (नेपाल)
टेलिफोन : ४७७१४५५, फ्याक्स : ४७७०५८०
Email : nai.com.np@gmail.com
website : nai.com.np
आवरण सज्जा : उदयराज राजभण्डारी
कम्प्युटर : आयुष्मान शाक्य
मुद्रक : मोडर्न प्रिन्टिङ प्रेस
पहिलो संस्करण : २०५८ साल
दोस्रो संस्करण : २०७० साल (2013)
© सुरक्षित, २०५८ साल
मोल : दुई सय रूपियाँ

---

**RANAMAYA**
(A Novel by Indira Prasai)

**कान्छी छोरी**
अनुकृतिकालाई

# प्रकाशकीय

नेपाली वाङ्मयको श्रीवृद्धिका लागि २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो । नेपाली भाषा संसारप्रतिको साधना हेतु जन्मेको नइ प्रकाशन वसुधैव कुटुम्बकम्को आदर्शमा आबद्ध छ । नइ प्रकाशनले परम्परागत सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव शिरोपर गर्दै आएको छ । देशदेशान्तरका प्रतिभाको सम्मान गर्नु यस संस्थाको अर्को प्रमुख उद्देश्य रहेको छ ।

नेपाली भाषासाहित्य, कला, संस्कृति, समाजसेवा, ज्ञानविज्ञान, चिन्तन, खेलकुदलगायत अन्य विविध क्षेत्रका प्रतिभाको खोजी र तिनीहरूको अर्चनामा नइ प्रकाशन अग्रसर छ । यस संस्थाबाट बेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूका अतिरिक्त विविध ग्रन्थमालाहरूको पनि प्रकाशन भइरहेको छ ।

नइ प्रकाशन विशुद्ध नेपाली मूल्य, मान्यता र धारणालाई अङ्गीकार गर्दै नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवम् सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्नसमेत अग्रसर छ । जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेकले जन्मभूमिको जयगानमा आफूलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशमा आएको हो ।

रनमाया भूटानी शरणार्थीका विषयमा खिचिएको तस्बिरको रूपरेखा हो अथवा रनमाया एउटी भूटानी शरणार्थीको जीवनकथा हो । त्यहाँको त्यसै परिवेशकी एउटी महिलालाई विम्ब बनाएर, प्रतिनिधि बनाएर र नायिका बनाएर इन्दिरा प्रसाईले भूटानका तमाम रनमायाको जीवनपद्धतिमा रनमायालाई सर्लक्कै उभ्याएकी छिन् । प्रस्तुत कृतिमा उपन्यासकारले भूटानी जनजीवनलाई सूक्ष्म रूपमा अध्ययन गरी रनमाया जन्माएकी हुन् । कुनै भूगोल, कुनै राजनीति र कुनै देशसँग सरोकार नराखी उपन्यासकारले नेपालीहरूमा परेको व्यथा, वेदना र सङ्घर्षलाई रनमायाभित्र उभ्याएकी हुन् ।

**रनमाया**नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनको लागि एउटा विशेष गौरवको अवसर हो ।

• *नइ प्रकाशन*

# परिचायक अधीति

रनमाया औपन्यासिक रूपको एउटा बलियो मुद्दादराइ छ, नियाँनिसापनिम्ति, भोटाङी नेपाली एक लाख शरणार्थीहरूको पक्षमा । विवरणात्मक मात्र नभई सक्रियतावादी (एक्टिविस्ट) लेखन छ यो, भोटाङका रैथाने नेपालीहरूका नागरिक तथा मानवीय अधिकारको कायमीनिम्ति, त्यस लक्ष्यलाई व्यापक जनमत हुर्काउननिम्ति । निखिल नेपालित्व दुख्दो यस विपत्कर भैपरीमाथि समकालीन लेखन मौन रहनु अपाङ्गता दरिनेमा यस उपन्यास-उद्यमले नेपाली साहित्यिक जीवितता देखाउँछ । कृतकृत्य छौँ उपन्यासकर्त्री श्रीमती इन्दिरा प्रसाईप्रति ।

खुलस्त रूपले साधन बन्नमा, गृहीत लक्ष्य र वाञ्छित परिणामको निम्ति खुलस्त साधन बन्नमा प्रस्तुत उपन्यासको अबाध्य प्रभावकारिताको । प्रभावकता नै हुँदछ यस भैपरी लेखनको प्रथम निर्णायक कसी । प्रभावान्विति कृतिमा कसरी सम्पन्न वा सृष्ट छ देख्नु फेरि उपन्यासको विश्लिष्ट पठन हुन्छ । भोटाङको चिराख जिल्लामा, भोटाङमा अरुतिर जस्तै, अघिदेखि बसिआएका र घरगृहस्थीमा लागिबसेका सरदर नेपालीहरूको आनन्दिलो विवरण पढ्दै हुन्छौँ । लेखनमा नेपाली चोखा शब्द र कथनको नियोगले यहाँ आनन्द द्विगुणित छ । शेषसम्मै उपन्यास यस्तै जीवन र विवृत्तिमा बढेको होस् —लाग्दै हुन्छ । वैरित्व, सरकारी प्रेरणाको, फत्केको पिराहा सम्चार तर आउन र थुप्रन थाल्छन् । एकै छिनमा जस्तो उपन्यासपटमा सुखी घमाइलो छोपिई भय, असहाय, नैराश्यको फुस्रो-रातो-कालोको

प्राधान्य तन्कन्छ । 'हामी नै बाँचौं'को एकसत्तात्मकताले 'सबै बाँचौं'को बहुत्व सहँदैन । पाठक साह्रै दुःखी र क्षुब्ध बन्छन् । यसरी प्रभावमापले, उपन्यास छरितो धारिलो खुकुरी छ । यथार्थवादीय लेखनको आग्रह हुन्छ : यसै भएको हो, अरु कसै भएको होइन । यहाँ लेखाइ विश्वसनीय हुँदा उपन्यासलाई हामी पत्यार नगरी सक्तैनौँ । शान्तिकाल, अत्याचार, प्रतिरोध, विजय जगत्‌को आद्य स्थितिमा छन् र अबाधित पुनरावर्ती । उपन्यासकृतिको प्राभाविक सशक्तता यही प्रक्रम समातिएर छ ।

प्रभावोत्पादनमात्रलाई तर पर्याप्त मान्नुहुन्न लेखिका इन्दिरा प्रसाई । भोटाङली शरणार्थीहरूको समस्या एकदिन नरहेको हुनेछ, त्यसपछि पनि रहिरहेको हुनेछ यो उपन्यास भने । त्यस कालमा साहित्यिक मात्र जीवितव्यताका तत्त्व पनि यसमा यथेष्ट छन् नै । स्त्री-पुरुषहरू उपन्यासमा नामका पात्र मात्र छैनन्, जीवन्त चरित्र छन् जससँगको पाठकीय अन्तरङ्गता वैयक्तिकतातीत (ट्रान्स्पर्सनल) मानवीय साबिकतामा उक्ली सधैँलाई उनीहरू परिचेय एवं अध्येय रहिरहनेछन् । रनमाया जो जीवित्याइन् सधैँ बाँच्नेछिन्– तरुणी, गृहिणी, वृद्धा सबै सदा रहेर । चरित्रहरूमाझका सम्बन्ध उसरी झरिला तगेका हुनेछन् । भोटाङका विपत्तिहरूलाई परोक्ष र सूचक तौरले मात्र दिइएको व्याप्त असहाय स्थितिसित स्वभावमा मिल्दो र आफैमा सौन्दर्य समेत छ । अत्यन्त अन्तकालीन विषय लिइएको भए पनि कलात्मक दूरत्व संयोजित छ विषयवस्तुलाई प्रमुख पात्र रनमायाको संस्मरणको फ्रेमभित्र राखिएर, फ्रेमले पाठ र पाठकको यथार्थ अलग्गिएर । अधिकत: प्रभाव यस उपन्यासको आज हो भने कलाकौशल यसको भोलि ।

लेखिका हाम्रा एक अब्बल कथाकार, उम्दा उपन्यासकार पनि उहाँमा पाइएको हामीलाई हर्ष छ ।

२०५७ साउन २ गते सोमवार

**• इन्द्रबहादुर राई**

# मेरो भनाइ

'रनमाया' मेरो तेस्रो उपन्यास हो भने सिर्जनात्मक पुस्तकाकार प्रकाशनको सन्दर्भमा यो मेरो छैठौँ कृति हो । आजसम्मका मेरा कुनै गद्यका पुस्तकमा मैले सो पुस्तकबारे आफ्नो भनाइ राखेकी छैनँ । यस पुस्तकलाई पनि पूर्ववत् नै प्रकाशित गर्न लागेको वेला एउटा कलिलो अनुरोध मेरो अगाडि आएर उभियो । उसले विनयपूर्वक यस पुस्तकमा आफ्नो भनाइ राख्नू भनेपछि मैले 'हुन्छ लेख्छु' भनेँ । मैले मान्नुपर्ने ती व्यक्ति मेरी कान्छी छोरी अनुकृतिका अर्थात् तान्तु हुन् । तान्तुलाई यो रनमाया २०५५ साल मङ्सीर २७ गते उसैको जन्मदिनको दिन लेख्न प्रारम्भ गरेको कुरा थाहा थियो । यो कुरा प्रकाशित होस् भन्ने उसको आशय थियो । आफ्नी प्रियतर पुत्रीको एउटा ठूलो इच्छा मेरो सानो क्रियाले पूर्ण हुन सक्थ्यो । त्यसैले मैले यी शब्दहरू लेखेर पहिले उसलाई खुशी पारेँ, उ खुशी भएको देखेपछि म पनि खुशी भएँ । मैले लेख्दा, मेरा लेखमालाहरू प्रकाशित हुँदा तान्तु सारै खुशी हुन्छे । तान्तु उसको घरमा बोलाउने नाउँ हो र खास नाउँ अनुकृतिका हो । मेरो उन्नतिप्रगतिमा रमाएकी उसलाई देख्दा म पनि रमाउने गर्छु । तान्तुको विषय र सन्दर्भ धेरै लामो छ, यसलाई मैले पछि छुट्टै पुस्तकका रूपमा लेख्ने विचार गरेकी छु । अहिलेलाई उसको सन्दर्भ यतिमै टुङ्ग्याउँछु ।

मेरो उपन्यासलेखनको सन्दर्भबारे यहाँ केही उल्लेख गर्न पनि मलाई मन लागेको छ । खास गरी २०४० सालसम्म एउटा सम्पूर्ण

उपन्यास लेख्न म सफल भएकी थिइनँ । लेखनको प्रारम्भिक कालदेखि नै उपन्यासलेखनतर्फ आकर्षित भएको मेरो लेखकले धेरै उपन्यासहरू लेख्तै छाड्दै गरेको थियो । २०४०–०४१ सालतिरकै कुरा हो– एकजना नेपाल थरका साहित्यकारसँग मेरो भेट भयो । उनले मेरा कथाहरूको बयान गरे र मेरा कथाहरूमा औपन्यासिक तत्त्व फेला पारेको कुरा गरे । उनले मलाई उपन्यास लेख्नुपर्छ भनी बारम्बार भनिरहे । वास्तवमा यो सानै कुरा पनि मेरो लागि ठूलो भयो । किनभने त्यसअघि कसैले पनि मलाई यसरी उपन्यास लेखनमा प्रेरित गरेका थिएनन् । त्यसपछिका दिनहरूमा मैले पुन: उपन्यास लेख्न थालेँ । यो पनि अन्य उपन्यास जस्तै अधुरो नै हुने हो कि भन्ने मलाई डर थियो । तर त्यसो भएन । मैले सो मेरो पहिलो उपन्यास पूरा गरेँ । त्यो मेरो पहिलो उपन्यास प्रकाशनको मितिले हालसम्मको पछिल्लो भएर **शिखा**को रूपमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट प्रकाशित छ ।

यसरी **शिखा** उपन्यास पूर्ण गर्न सकेको समयमा म हर्षको अपारतामा डुबेँ । त्यसघडी मलाई त्यसरी प्रेरित गर्ने ती साहित्यकारको मैले जय मनाएँ । मैले त्यसबखत घोषणा गरेकी थिएँ 'यो उपन्यास म तिनै साहित्यकारलाई समर्पण गर्छु, जसले मलाई उपन्यास लेख्ने प्रेरणा दिए ।' तर समयको अन्तरालमा त्यसो हुन सकेन । ती मानिस जसलाई म आफ्नो आदर्श व्यक्तिहरूको नामावलीमा राखेर सम्मान गर्थें, उनी समयान्तरले रसातलमा परे । **शिखा**को प्रकाशनताका मेरो लागि मैले मनमनमा पनि तिनको नाम लिन नसक्ने अवस्थामा ती व्यक्ति पुगिसकेका थिए । त्यसैले म कृतघ्न भएँ । म मेरो दृष्टिमा अहिले पनि कृतघ्न नै छु । उनी आज जेजस्ता भए पनि त्यसक्षण उनले देखाएको बाटो हिँडेर म आज यहाँसम्म आइपुगेकी छु । मैले कथा, कविता लेखिरहेकै थिएँ, लेखिरहने पनि थिएँ, तर त्यस बेला उनले त्यसरी प्रेरित नगरेका भए मैले उपन्यास लेख्ने थिएँ कि थिइनँ,

किटानसाथ भन्न सक्तिनँ । त्यसैले मैले नाम उल्लेख गर्न नमिल्ने ती साहित्यकारप्रति सो क्षणमा उनले मलाई दिएको प्रेरणाको लागि मैले आभार प्रकट गर्नैपर्छ ।

आज नामै उल्लेख नगरेर भए पनि उनको विषयमा यति कुरा लेख्दा मेरो मन हलुका भएको छ । एक किसिमको मैले खाएको उनको ऋणबाट उऋण भएको अनुभूति भएको छ– मलाई । निरञ्जन निराकार परब्रह्मको साधक हामीले नामलाई भन्दा कामलाई नै प्राथमिकता दिनुपर्ने हो । यसै आधारमा पनि उनको त्यस क्षणको मप्रतिको प्रेरक व्यक्तित्वलाई म बारम्बार नमस्कार गर्छु ।

यसरी उपन्यासलेखनमा लागेको मेरो लेखकले लेखिएको पन्ध्र वर्षपछि मात्र **शिखा** प्रकाशनको प्रक्रममा पुगेको देख्न सक्यो । **विश्वामित्र** यस अर्थमा भाग्यमानी हो । लेखिसक्नासाथ कान्तिपुरमा धारावाहिक रूपमा छापिएर लगत्तैजसो पुस्तकाकारमा पनि प्रकाशित भयो । **शिखा** जन्मेको बाह्रवर्षपछि **विश्वामित्र**को जन्म भयो । जम्मा बाह्र दिनको अवधिमा लेखिसिद्धचाएको **विश्वामित्र** नै मेरा यी तीनै उपन्यासमध्ये मलाई पनि मन परेको उपन्यास हो । प्रकाशनको मितिले **विश्वामित्र** नै जेठो पनि हुन पुग्यो । लेखनमा जेठो भएर पनि प्रकाशनमा **शिखा** पछिल्लो हुने भयो ।

यो **रनमाया**को विषयवस्तु मलाई मेरा सहयात्री नरेन्द्रबाट प्राप्त भएको हो । ग्रामीण परिवेशको उपन्यास र भूटानी 'शरणार्थीकै विषयवस्तु भन्ने उनको आग्रहलाई स्वीकारेर मेरो लेखक उपन्यासलेखनमा अग्रसर भयो । हुन पनि खुल्ला सीमानाबाट रातोदिन नेपाल प्रवेश गर्ने लाखौँ सङ्ख्याका भारतीयहरू क्रमशः नेपाली हुँदा छन् भने आफ्नै पितृभूमिमा आएका एक लाखको हाराहारीका नेपाली मूलका भूटानी भने 'शरणार्थीमा दर्जिनुको विडम्बनाले पनि मलाई दुःखाएको छ । अन्ततः **रनमाया** यस रूपमा आयो पनि ।

म सशरीर भूटान नपुगेकी हुँदा त्यहाँको स्थानविशेषका नाउँहरूको लागि मैले भाइ पशुपति तिमिल्सिनासँग सहयोग मागेँ । भाइ पशुपतिबाट मलाई अपेक्षातीत सहयोग प्राप्त भयो । **रनमाया**लाई यस रूपमा आज प्रस्तुत गर्न पाउनुलाई भाइ पशुपति तिमिल्सिनाको सहृदयताकै प्रतिफल मानेकी छु ।

उपन्यास तयार भइसकेपछि मैले प्रसिद्ध साहित्यकार इन्द्रबहादुर राईसँग भूमिकाको अपेक्षा गरेकी थिएँ । इन्द्रबहादुर दाइले सहजता र शीघ्रतासाथ यस उपन्यासको भूमिका लेखिदिँदा म थप प्रोत्साहित भएकी छु । यस भूमिकाको तारतम्य मिलाउने प्रसिद्ध गायिका दिदी दिलमाया खातीलाई मैले बिर्सें भने म कृतघ्न ठहर्छु । त्यसैले यस बेला राई दाजु र खाती दिदीप्रति आभार प्रकट गर्दा मलाई आनन्द आएको छ । यसैगरी हामी लेखनधर्मीहरूका लागि प्रेरक भूमिका निर्वाह गर्दै यो पुस्तकको प्रथम संस्करणको प्रकाशन सौजन्य जुटाइदिनुहुने समाजसेवी दाजु सुरबहादुर श्रेष्ठप्रति कृतज्ञता व्यक्त गर्दछु ।

•

वर्तमान पृथ्वी भोग्न विवश मेरो मानस भने सृष्टिको प्राग्विन्दुका अवस्थामा पुगेर रमाउने गर्छ । विश्व, देश, समाज, परिवार र व्यक्तिका प्रारूपहरूमा म जहिले पनि आफूलाई व्यक्ति मात्रै बुझ्छु । व्यक्तिलाई क्रमश: घेरामा पार्ने परिवार, समाज, राष्ट्र र विश्वको परिवेश मलाई कहिल्यै सुखद् लागेन । एउटा व्यक्ति आफैमा पूर्ण हुँदाहुँदै पनि ऊ एक्लै रम्न नसक्ने हुनाको कारण व्यक्ति स्वयंले आफ्नो लागि आवश्यक घेरा तयार गरेको हो । व्यक्तिव्यक्तिबीचको विभाजन कालान्तरमा देशदेशबीचको विभाजनरेखा भयो । व्यक्तिकै सुव्यवस्थाको लागि कोरिएको विभाजनको यस रेखाले व्यक्तिलाई नै अव्यवस्थित पारेको देख्ता म आन्दोलित हुने गर्छु । संसारमा जहाँ, जुनसुकै ठाउँमा भएका, हुने गरेका मानववविरोधी कुकृत्यले मेरो लेखक आहत हुने गर्छ । ती पीडा कहिले कविता र कहिले कथाका

रूपमा मबाट बाहिरिने गर्छन् । **रनमाया** पनि तिनै अनुभूतिको एउटा अंश हो ।

मलाई यो चराचर जगत्को माया लाग्छ; सृष्टिको प्रत्येक वस्तु सुन्दर लाग्छ र आफ्नो दृष्टिमा परेका सबैसबै नै आफ्ना लाग्छन् । त्यसैले जहाँसुकै जोसुकैले जोसुकैलाई गरेको दुर्व्यवहार मैलाई गरेको अनुभूतिले पिरोलिने गर्छु– म ।

राष्ट्रियता र जातीयताभन्दा पनि मानवताको कुरामा म अत्यधिक घाइते हुने गर्छु । इथियोपिया वा हुम्लाको भोकमरी, आन्ध्र प्रदेश, भेनेजुएला वा बङ्गलादेशको अथवा केट्रिना, सुनामीलगायतका समुद्री आँधी, विश्वका जुनसुकै भूभागमा जुनसुकै बेला गएको भुइँचालोदेखि आफ्नै देशभित्रका बाढीपहिरोजस्ता प्राकृतिक बीभत्सताद्वारा आहत मानवजगत्को विभीषिका र धार्मिक पाखण्डको प्रकोपमा युगाण्डाका मानवसमूहको आत्मदाह अथवा छिमेकी मुलुक र समुद्रपारीकै पनि सभ्य भनाउँदा मुलुकहरूमा घट्ने असभ्य आतङ्ककारी घटनाहरू देख्ता ती घटनाद्वारा पीडित हरेकको पीडा म आफैँले भोगिरहेकी हुन्छु ।

मेरै माटोमा पनि प्रहरी र माओवादी भएर हताहत भएका र ती दुवैका यातना रूपी प्रताडनाले विस्थापित हुन पुगेका निमुखा मनुवाहरू देख्ता मलाई आफू मानव भएकैमा पनि आत्मग्लानि हुने गर्छ । नाबालक बालिकाहरू बलात्कृत हुनु, दूधे दाँत नसाटिएका बालकहरूलाई यौनतृप्तिको साधन बनाउनु, व्यक्तिगत वैमनस्य र आर्थिक क्षुधातृप्तिका खातिर अपहरण र हत्याका शृङ्खला बढ्दै जानु, आफ्नो महत्त्वाकाङ्क्षाको लागि बम र बारुदले कैयौँ जीवनको संहार गर्नु, राष्ट्र र राष्ट्रियताको नाममा आणविक र रासायनिक अस्त्रहरूको होडबाजीमा मानवजीवनको मान्यता नहुनु जस्ता कुराहरूले पनि म आन्दोलित हुन्छु । रगतपसिना पोखेर पुस्तौँपुस्ता

बिताएको भूमिबाट व्यक्तिलाई विस्थापित गर्ने पृथ्वीको कुनै पनि पाटोमा भएको दुर्नियतले झन् मलाई आक्रोशित बनाउँछ ।

कलम समात्न अभ्यस्त मेरा हातले बन्दुक बोक्न सक्तैनन् र मेरो चाहनाको तृप्ति दिन बन्दुक सक्षम पनि छैन । आफ्नो नितान्त निजी चाहनाको परितृप्तिको माध्यम नै मेरो सृजना हो । प्राप्तिको नजिक पुग्न लागेको सुखद अनुभूति हुन खोजे पनि मेरो लेखक तृप्तिका विन्दुको लागि निरन्तर प्रयासरत रहेको छ । यसै प्रयत्नको एउटा नमुना रनमाया हो ।

**• इन्दिरा प्रसाई**

रनमाया

# रनमाया

- 'आमा ! यसपालि दसैँमा मलाई कानको इयररिङ बनाइदेऊ है ? हर्कमायाको कस्तो राम्रो छ हौ । हर्कीले माथि डम्फुबजारको श्यामभाइ सुनारकोमा बनाको हौ । मलाई पनि ठ्याम्मै हर्कीको जस्तै बनाइदेऊ ल आमा ! ल भनन' राममायाले जिद्दी गरी ।

- 'ए आमा ! सुन है यो शन्चवार म पनि स्कूलबाट वनभोज जाँदै छु है । यसपालि चैँ 'नजा छोरा ! बाटोघाटो डरमर्दो छ । अस्ति पनि पैरोले मान्छे पुऱ्यो रे' नभन है । मैले ऐल्यै भन्दऱ्या छ' कान्छो छोरो हीरा बुरुक्क उफ्रँदै बोल्यो ।

- 'मम्मा ! मलाई पनि अक्को एउटा पुतली किन्दिनू नि ल । हेर त मेरा नौवटा मात्रै पुतली छन्, अब एउटा भयो भने एकलाई सुन्ने दश हुन्छ' कान्छी रमाई ।

- 'ए ! सुन त, धनमायाकी आमा ! आज दुई दिनदेखि शिकार खान मन लाग्दै छ है मलाई । आज बेलुकी त्यो परेवा नै भए पनि पकाउन लगाऊ है । सिरुवा बनाऊ मजाको । यो साल जाडो पनि चम्कन्छ जस्तो छ है' बूढा मान्छे तमाखु तान्दै कराए ।

- 'आमाहौ ! हिजो स्कूलपारिको हाटमा धन दिदीलाई भेटेको थिएँ, भिनाजु पनि साथै थिए । के राम्रो जोडी हो पराईको । भिनाजुले मलाई भोलि आऊ है भनेका छन् म त आज दिदीकोमै रात बस्तै जान्छु है' माइलो बिराजसिंहले भन्यो ।

- ‘के भनेको सासू बजैले पनि, मलाई मेरी आमाले सधैँ सासूको गोडामा तेल नलगाई सुत्लिस् भनेकी छिन् । आमा मारी हत्ते म त तपाईंलाई चिल्लो नलगाई सुत्नै जान्नँ । के थाक्नु त्यति जाबो भातभान्सा गर्दा । सबै काम त सिङ्गेदाजु र हर्कलीले गरिहाल्छन्’ बुहारी सुनकेसरीले सासूका ताता खुट्टामा आफ्नो चिसो हात दल्दै भनेकी थिई ।
- ‘होइन हो माजन्नी माजन कता जानुभो ? आजकल बडै देखिँदैनन् बूढा, जीउ बिसन्चो त भइगएन !’ पल्ला घरका वैदार बाजेले भने ।
- ‘होइन आमा ! गोठमा एकपल्ट गएर राम्ररी धूप गर है । सप्लाई त राम्रै छ, तर पन्ध्रओटा लैना गाईको दूध स्वाट्टै घटेको छ है । कसैले घोटाला पो गऱ्यो कि भनी चियो बसेको होइन रछ, पापै सोचेछु बित्थामा’ जेठो छोरो शमशेरबहादुरले सल्लाह दियो ।
- ‘के हो माजन्नी बजै ! साँधै जोडिएको मात्रै रछ मन त कति टाढो हगि ? माइलीको कुरो छिन्यौ रे नि होइन ?’ वैदार्नीले रिसाएको अभिनय गर्दै भनिन् ।
- ‘ए आमा ! माल्दिदीको जस्तो मेरो चैँ बिहे नछिन है । म त पढेर गुरुआमा हुन्छु । बिहे त गर्दै गर्दिनँ । मलाई गुरुआमाले ‘मन लगाएर पढ्नू तँलाई राम्रो पढ्नु आउँछ, सुनमाया गुरुआमा हुन्छे बुझ्यौ तिमीहरूले ?’ भनेर सबै क्लासका साथीहरूलाई भन्नुभएको छ’ सुनमायाले दङ्ग पर्दै भनी ।

यी सबैले यी सबै कुरा आउँदै भन्दै गए र रनमाया बूढीले सुनिरहीन । आजकल रनमाया यी कसैसँग बोल्दिनन । दोहोरो कुराकानी कसैसँग गर्दिनन । कसरी गरुन् बरीले । यी सबै रनमायाका आँखाका पर्दामा आउँछन्, बोल्छन्, विदा हुन्छन् । आजकल रनमाया जत्ति पनि कुरा सुन्न सक्छिन् । उनलाई यिनीहरूको कुरा सुन्न रमाइलो लाग्छ ।

त्यसैले त फुर्सत भएपछि रनमाया एउटा कुनामा आँखा चिम्लेर बसिरहन्छिन् । यसरी घण्टौँघण्टा एकै ठाउँमा आँखा चिम्लेर बसिरहँदा पनि रनमायालाई निद्रा लाग्दैन, झर्को पनि लाग्दैन, बरु उनलाई त चरम आनन्द आउँछ । त्यस्तो वेलामा कसैले उनलाई बोलायो भने उनी अचाक्ली रिसाउँछिन् । त्यसैले अरुले उनलाई नबोलाइदिउन् भनेर उनी सबै कामधन्धा सकेपछि मात्र यसरी बस्ने गर्छिन् । शिविरका मान्छे पनि हिजोआज त्यसरी बसेकी रनमायालाई बोलाउँदैनन् ।

आज पनि झन्डै तीन घण्टादेखि रनमाया त्यो अँध्यारो कुनामा बसिरहेकी छिन् । शिविरका सबै छक्क पर्छन् रनमाया बूढी कसरी एक्लै त्यसरी बस्न सकेकी होलीन् ! तर रनमाया एकनास बसिरहेकी छिन् ।

# एक

'ए रनमाया ! के सारो फुर्केकी हाउ तिमी, कसैले नपाको बूढा पाएँ भनेर कि कसो !' मनमायाले इत्तरिँदै भनी । मनमायाका कुराले हूलै तरुनी गलल्ल हाँसे । 'होइन है मनमाया आफुलाई के सारो शरम लाग्छ, उ भने ऊन् जिस्क्याएर मर्छे ।' रनमाया साँच्चै लजाएकी थिई त्यसवेला । कात्तिकेको पुछारबाट ऊन्डै एक बिहान टाढा पल्लो बडहरे गाउँमा उसको बिहे भएको थियो । सोह्रदिने साइतमा आएकी रनमायालाई घेरेर गाउँका तरुनीहरू बसेका थिए ।

रनमायाकी आमाको पनि खुशीले भुइँमा खुट्टै थिएन आज । उनी पनि राताम्मे भएकी छोरीलाई धेरैपल्ट भित्रबाहिर गर्दै हेरेर फर्केकी थिइन् । रनमायाका बाबु भने तल्लो गाउँमा परारको हैजा फैलेको वेला खुत्रुक्कै भए । बूढा मान्छे अत्यन्तै परोपकारी स्वभावका थिए । हैजा लागेका मान्छेको उपकार गर्दागर्दै उनैलाई सल्केछ हैजा । कसैले बचाउन सकेनन् बूढालाई । पैँतालीसवर्षे जोवनमै बूढा गए । बूढी यही चालीसकी होलिन्, सेताम्मे भइन् ।

आफु रहरमै सेता पहिरनमा परेकी रनमायाकी आमालाई छोरीको बेहुलीपहिरनले हुनसम्म आत्मतृप्ति दिएको थियो । आफु चिनी रोगले मिठाई खान नसक्ने भएकोले आफन्तलाई मिठाई ख्वाउँदा पाएको आनन्द जस्तै थियो उनको त्यो आनन्द ।

रनमायाको दाजु र रनमाया दुई जना मात्र थिए उनीहरू । दाजु करवीरको बिहे बाबु चाहिँ खस्नु एकैवर्ष अघि भएको थियो ।

ऐले त बूढीको काखमा बुहारीले नाति पनि हाल्दिइसकेकी थिई । रनमायाका बाजेले लेकमा भैंसीगोठ पालेका थिए रे । 'उ जमानामा दूधे बाजे भनेपछि नचिन्ने को थियो र !' रनमायाकी आमा स्मृतिका कुरा उघार्दा भन्छिन् ।

'तेरा बाउलाई गोठ जान मन लागेन । एक्लो भएर पनि हो कि, उनलाई यतै रमाइलो बस्यो । त्यसैले उनले गोठ बेचे, जम्मै धन खेतमा हाले । त्यसपछि उनले खेत रोपेनन्, सबै अधिया नै गराए । हेर बाबै ! तिमेरका बाउले मलाई समेत कहिल्यै दु:ख गर्न दिएनन् । भातभान्से पनि राखिदिने गरेको तिमीहरूलाई थाहै छ । के गर्नु बूढा यति छिट्टै अलपत्र पारेर हिँडे । के गरूँ त यो जिन्नगी भएर पनि !' रनमायाकी आमाले बाउ बित्नेबित्तिकैजसो छोराबुहारी समेत राखेर दुखेसो गरेकी थिइन् ।

करवीर पनि सपूत छ । स्कूलपास मात्र भए पनि उ राम्रै इलमी भएको छ । आफै खेत रोप्ने र राम्ररी बाली लगाउने सुरमा छ । 'यसको कामगराइ त यसका बाजेको जस्तो पो छ है, रूप पनि बज्जेको काटीकुटी उनैको जस्तो छ ।' आमा भन्ने गर्छिन् । बुहारी पनि ऊर्को फर्को गर्दिन, मीठो चोखो खानदिन्छे । बूढा नभएपछि सबैथोक भएर पनि रित्तै लाग्थ्यो बूढीलाई । तर सबै थोक पुऱ्याइदिएको छ करवीरले ।

'ए केटीहो ! तिमेरलाई घर जानु पनि पर्दैन र आज यसलाई यत्तिकै घेरेर बस्छौ ! उता ज्वाइँनारान राम्रै छटपटिएजस्तो छ । दाजु चाहिँ पनि बढै बोल्दैन, म बूढी के बोलूँ, उहाँ निराश हुनुभयो होला ।' बूढी केटीहरू धपाउने सुरमा लागिन् । बूढीले ज्वाइँका कुरा गर्नासाथ उत्ताउलिएका तरुनीहरू खित्का छोडेर हाँसे । 'जा है रनमाया ! छिटो जा, परैलाई सारो पारिसक्यो रे' मनमायाले रनमायाको तिघ्रामा चिमोट्दै छिल्लिएर भनी ।

'छि .... तिमीहरू कस्तो हो, लाजै छैन जे पनि बोल्छौ' रनमाया लाजले रातीपहेँली भई । आमाको छेउमै मनमायाको वचनले उसलाई कुरिकुरी भएको थियो ।

'ओहो, ल भइगयो रानीचरी ! अब केको लाज, हामीसँग लाजको नाटक गर्छेस्, उसँग लाज मानेको भए पो, हैन आमा !' मनमाया आमासँग टाँसिन गई । आमा बूढी पनि धित मरुन्जेल हाँसिन् । यस्ता कुराले उनलाई पनि भित्रैदेखि काउकुती लागेर आयो । झट्ट आफ्नो बिहे, बूढासँग बिताएका क्षण एकएक सबै सम्झिन् उनले । 'आज बूढा बाँचेका भए उनकै रात पनि त कहाँ बिरानो हुने थियो र !' हाँस्ताहाँस्तै भित्र मुटु छुने वेदनाले गर्दा उनले चिसो खुइय काढिन् ।

'यो मनमाया पोइ नपाएर मर्न लागी, तँलाई पनि यसैसाल गोरु नखोजी कहाँ हुन्छ र ! म तेरी आमालाई भन्दिन्छु है' आमाले मनमायालाई अँगालोमा बाँधेर भनिन् ।

सबै तरुनीहरू बिदा भएपछि खानपिन सुरु भयो र सकियो पनि । रातको प्रथम प्रहर सुरु हुँदानहुँदै रनमाया खसमको कोठामा पुगेकी थिई । सोह्र दिन बितेपछि पनि उसलाई त्यत्तिकै लाज लागिरहेको थियो ।

गोपालले आफ्नी नवविवाहिता पत्नीलाई टाउकोदेखि खुट्टासम्म हेर्‍यो । 'रनमाया साँच्चै सुन्दरी हो' यस्ती सुन्दरी पत्नी पाएकोमा गोपाललाई गर्वको अनुभूति भयो । रनमाया रूपकी मात्र सुन्दरी थिइन, उ स्वभावकी झनै परम सुन्दरी थिई । गोपालको मनमा विराजमान रनमायाको रूपले उसको सारा संसारमा राज्य गर्न लाग्यो । गोपालले थाहै नपाई रनमायाले उसमाथि राज्य नै गर्दा पनि गोपाल भने झन् परमानन्दमा पुग्न लाग्यो ।

•

शिवबहादुरसिंह खड्काका चार भाइ छोरामध्ये गोपाल कान्छा छोरा थिए । शिवबहादुरले पल्टनबाट निकै धन ल्याएर दक्षिण भूटानको

चिराङ जिल्लामा पर्ने बडहरेमा निकै जमिन किनेका थिए । गोलटोलमा त्यस्तै चालीसपचास एकड जमीन खेत, सुख्खा बारी, सुन्तलाबारी र अलैँचीबारी किनेका थिए । त्यसैले गाउँमा सिपाही महाजन भनेपछि शिवबहादुर भन्ने बुझिन्थ्यो । सिपाही महाजन शिवबहादुर खड्काको ठाटबाट निकै थियो । उनले पल्टनबाटै ल्याएको पहेँलो हत्था भएको गजबको लौरो थियो । उनी त्यही लौरो लिएर हिँडडुल गर्दथे । असी वर्षको उमेरमा पनि कसिएका दौरासुरुवाल, टलक्क टल्कने गरी पालिस गरिएका छालाका जुत्ता, शिरमा भादगाउँले टोपी र उनी कोटमा ठाँटिएका उनलाई भेट्ने जोकोही नतमस्तक भइहाल्थे । उनको पहिरन मात्रै रौनकदार हुने होइन, उनको आवाज पनि त्यत्तिकै रोवदार हुने गर्दथ्यो । यस्तो बुढेसकालमा पनि उनको भरभराउँदो रातो अनुहार देख्ता केटाकेटी र नचिन्ने नजान्नेले पनि बक फुटाउन साहसै गर्नुपर्दथ्यो । आफु बिरामी पर्दा गाउँको वैद्य बाहेक कसैसँग नभेट्ने उनीसँग घर परिवारले पनि निकै अदब राख्नुपर्दथ्यो ।

सिपाही महाजन शिवबहादुर खड्कालाई सम्झने हिजोआजका मानिसहरू उनको ठाटबाटको कुरा आज पनि झिक्छन् । 'बूढाले कसैलाई बिझाएनन्, सबैको सक्दो भलो गर्थे' शिवबहादुरलाई चिन्ने बूढाहरू अझै पनि यसरी बूढाका कुरा गर्छन् ।

शिवबहादुरको जेठो छोरो सोह्रसत्र वर्षको भएपछि घरबाट भागेको थियो, पछि खुट्पत्तै पाइएन । माइलो सन्तवीर बिहे गरेको दुई वर्ष नपुग्दै साँच्चिकै सन्त भयो । सन्तवीरकी स्वास्नी पुण्यमाया केहीदिन घर बसेपछि माइत गएकी थिई, फर्केर आइन । साइँलो जङ्गवीर चाहिँ बाबुको भक्त थियो, तर बिहे गरेपछि के भयो कुन्नि बाबुलाई देख्नै नहुने भयो । बाबु छोरा आमुन्नेसामुन्ने हुनेबित्तिकै लाप्पा नै पर्ला जस्तो हुने गर्दथ्यो । केही नलागेर बूढाले जङ्गवीरलाई उसको भाग जग्गाजमीन दिएर छुट्टचाइदिए । त्यस वेलासम्म जङ्गवीर नै कान्छो छोरो थियो ।

जङ्गवीर छुट्टिएर गएको रात बूढालाई आफु सन्तानहीन भएको अनुभूति भयो । बूढालाई त्यसरात निद्रा परेन । बिहानीपख बूढीले उठेर साबिक झैँ बूढाका खुट्टा ढोगिदिई । त्यसैवेला बूढाले बूढीलाई च्याप्प समातेर छातीमा टाँसे । 'हेर बूढी ! जङ्गेले मेरो चित्त दुखायो, म अर्को पनि एक भाइ छोरो जन्माएर छोड्छु । जेठोको पत्तो छैन, माइलो जोगीको के कुरो, जङ्गे कपूतै भयो, भोलि पिण्डपानी पनि देलानदेला, तँ चित्त नदुखा, अब तेरो महिनावारी सुकिसक्यो, तँबाट सन्तान हुँदैनन् पनि, म बिहे गर्छु ।' बूढाका कुरा सुनेर बूढीको मुटु नै हल्ल्यो । शरीरभरि आगो लाग्यो, भुइँचालो गयो, उसैमाथि पहिरो पनि गयो । बूढाका कुराले बूढीको केही अघिको झलमल्ल संसार अँध्यारो भयो । तर बूढीले के भन्ने ! जीवनमा उसले बूढाबाट सुन्ने अधिकार मात्रै पाएकी थिई । बोल्ने, आफ्ना कुरा भन्ने अधिकार उसले कहिल्यै पाइन र खोजिन पनि । 'चितायो कि बितायो' खाले बूढा थिए ।

त्यसपछि साठी वर्षका शिवबहादुरले सोह्र वर्षकी फूलमायालाई बिहे गरे । नभन्दै वर्षदिनमै फुलमायाले छोरो जन्माइदिई । तर छोरो जन्माएर कुनाबाट फुलमाया बाहिर निस्किन, उसलाई दैवले त्यतैबाट लगे । त्यस घरमा फुलमायासँग खासै सरोकार कसैलाई पनि थिएन । बूढा शिवबहादुरलाई पनि आँपको बोटसँग होइन फलेको आँपसँग मतलब थियो ।

बूढाको इच्छा पुगेको थियो, बूढीको पनि मुटुको कीलो दैवले झिकेर लगेका थिए । टुहुरो केटोको भने बूढीलाई औधी माया थियो । माइला र साहिँला छोराले नामअनुसारको काम गरेको कारण शिवबहादुरले आफु र दुनियाँदारलाई समेत पालन गरोस् भनेर भगवान् कृष्णलाई सम्झँदै छोराको नाम गोपाल राखेका थिए ।

रनमायालाई बूढा शिवबहादुरले आफैले हेरेर मागेका थिए । स्वास्नी मरेको राँडो बूढोलाई अब पनि गतिली बुहारी भित्राउन नसके आफ्नो परन्तुको पीर परेको थियो ।

रनमायाले ससुरा बूढाको कुनै इच्छा बाँकी राखिनन् । बुहारीभन्दा पनि छोरी जस्ती भएर शिवबहादुरको सुखसुविधाको विचार गर्थिन् रनमाया । सधैँ आशीष दिइरहन्थे बूढा पनि । रनमायाले जेठो छोरो जन्माएपछि त्यसको नाम पनि बुढैले शमशेरबहादुर राखेका थिए ।

विधिको लेखान्त कसले बुझ्ने र ? सरसाउँदा बाबु छोडेर गोपाल भारततिर गएको वेला बूढा शिवबहादुरको चोला उठ्यो । सञ्चारको कुनै माध्यमसँग नगाँसिएको गोपाललाई त्यसवेला झिकाउन सक्ने अवस्थै रहेन । अब के गर्ने ? रनमाया बालख छोरो र नोकरचाकरसँग थिइन् । आत्तिइन्– के गर्ने ? साहिँलो छोरा जङ्गवीरसँग पानी बाराबार छ, बाबुछोराको बोलचाल नभएको वर्षौं बितिसकेको थियो ।

गाउँलेहरूले साहिँलालाई गएर घेरे 'जे भए पनि तिम्रै बाउ हुन् बाबु ! बूढाको लाश बेवारिसे पार्नु त भएन है ! भगवान्ले तिम्रै द्वारमा ल्याए अहङ्कारी बूढालाई भन्ठान बाबु !' पहिले त जङ्गवीरले मान्दैमानेन, तर गाउँका बूढापाकाले आकाश धरती एकै पारेर धर्मशास्त्र, पापपुण्य सबै सुनाएर सम्झाइबुझाइ गर्दा जङ्गवीर बाउको सद्गति गर्न राजी भयो ।

जङ्गवीरले तेह्र दिनको काम सकेको भोलिपल्ट मात्रै गोपाल घर आइपुगेका थिए । त्यसपछि गोपालले पनि बाउको किरिया बारेका थिए ।

# दुई

जङ्गवीरलाई बूढाले रिसाएर नाममात्रैको जग्गाजमीन दिएर पाखा लगाएका थिए । जङ्गवीरले पनि त्यही खेत खनजोत गरेर दुःखैले गुजारा गरे पनि बाबुको अघि कहिल्यै सम्पत्तिको लागि घुँडा टेक्न गएको थिएन । बूढा शिवबहादुरले बुढेसकालमा आफ्नो क्रियापुत्र छोरो जन्माउनै भनेर बिहे गरेको कुरा सारा गाउँलाई थाहा थियो । यो कुरा जङ्गवीरलाई झनै राम्ररी थाहा थियो । तर बूढाको इच्छाविपरीत भवितव्यवश जङ्गवीरले नै बूढाको सद्गति गरेपछि गाउँघर सबैलाई जङ्गवीरप्रति सहानुभूति पलाएको थियो । 'बूढाले असमान व्यवहार गरे, एकातिर त्यत्तिको अपार सम्पत्ति छ, अर्कातिर जङ्गवीरलाई सधैँको टिमटिम छ, यो अन्याय हो, गोपालसिंहसँग कुरा गर्नुपर्छ' गाउँलेले आपसमा सल्लाह गरे । जङ्गवीरले चासो देखाएन । 'आफ्नो बाउ त बिरानो थियो, अब परचक्रीसँग म किन आशा गरूँ, ईश्वरले साथ दिए यही लाख हुन्छ' जङ्गवीरले निराश भएर भनेको थियो ।

कुरा गोपालसिंहसम्म पनि पुऱ्याइयो । 'दाजु हुन्, मलाई दैवले ठग्यो, परन्तुमा बुबाज्यूको काम आउन सकिनँ, दाजुले रोजेको खेत दाजुलाई दिन तयार छु म ।' नहनुभन्दा कानु मामा निको भनेझैँ गोपालसिंहले भने बमोजिम सबैभन्दा मलिलो र तीन बाली लाग्ने गैरी खेत जङ्गवीरलाई दिलाए गाउँलेले ।

गोपालसिंहले पनि दाजुले गरेको किरियाबापत आफ्ना राम्रा खेतहरूमध्येकै गैरी सिमसार खेत दाइलाई दिँदा बाउको आत्मालाई पनि बोझ भएन भन्ठाने ।

खाईखेली छेलोखेलो अन्न भित्रने घर, बाह्रै महिनाजसो कलिला पाडापाडी र बाच्छाबाच्छी नटुट्ने गोठ, खसीबाखा, परेवा पक्षी सबै थोकले पुगीसरी थियो गोपालसिंहको घर । बूढाले आफ्नो पालनपोषण गरोस् र लोकको पनि भलो गरोस् भनेर गोपालसिंह नाम राखेको भएरै हो कि गोपालसिंहको स्वभाव अत्यन्तै नरम थियो । त्यसैले गोपालसिंह गाउँघर, इष्टमित्र सबैको अत्यन्तै प्रियपात्र थिए । चिराङ जिल्लाको डम्फुस्कूलसम्म पढेकोले अङ्ग्रेजीभाषाका पनि पुस्तक पढ्न सक्ने गोपालसिंहको गाउँमा निकै ख्याति थियो । उनी गाउँभरमै शिष्ट, सभ्य, धनी र इमान्दार मानिस मानिन्थे । उनको परोपकारी प्रवृत्तिको कीर्तिले उनलाई गाउँलेले महाजन भन्न लागे । महाजनअनुसारकी अत्यन्तै मिलनसार, लक्ष्मी जस्ती थिइन् महाजन्नी पनि ।

त्यसवेला त्यता परिवारनियोजनको कथा यसो खस्याकखुसुक एकदुईले भन्ने गर्थे, तर त्यस वेलासम्म त्यहाँ सन्तान ईश्वरकै वरदान थिए । महाजन्नी रनमायाले पनि गोपालसिंहसँगको मायाप्रीतिका फलहरू फलाउँदै गइन् ।

गोपालसिंहको बगैँचामा माइलो सन्तान र जेठी छोरी भएर धनमाया जन्मी । त्यसपछि माइलो छोरो विराजसिंह जन्म्यो । वर्षदिनको फरकमै माइली छोरी राममाया जन्मी । राममायाको जन्मपछि झन्नै चार वर्ष जति रनमायाका कोखमा कुनै बच्चा रहेनन् । 'ए ! अब नहुने भएछ, के भो र दुई भाइ छोरा दुई बहिनी छोरी भैगए, पगितो किन चाहियो र यिनैले बाँचीचर्ची राज्य गरुन्, भैगयो' बूढाबूढीले चित्त बुझाएका थिए । तर राममाया चार पुगेर पाँच लागेकी मात्र थिई रनमायाको नछुने थुनियो । बूढा हाँसे, बूढीले जिब्रो टोकिन् ।

छोरी, पहेँली सुनकै डल्ली जस्ती जन्मी, नाम राखे सुनमाया । 'ए रातै ! बुढिया त अझै तरुनी रैछे' बूढा रमाए । सम्पत्ति के ख्वाऊँ के दिउँ ? भन्नुपर्ने थिएन । जन्मेका सन्तान के धेर हुन्थे ! अबको पालि फेरि छोरै जन्म्यो ! 'लौ यो हीरा' बूढाले दङ्ग परेर नाम राखे ।

त्यसपछि पुनः बुढियाको चालचुल भएन । 'अब त हुँदैनन् होला' दुवैले अड्कल काटे । हीरा छ वर्षको भइसकेको थियो । जेठो छोरो शमशेरबहादुरको पनि बिहे गर्ने वेला भइसकेको थियो । त्यसैसाल उसले स्कूल पास गरेको थियो । गोपालसिंह चाहिँ भनेजस्ती बुहारी पाए यसै साल भित्र्याउने सुरमा थिए । यसपालि पनि बूढी मान्छेको नछुने रोकियो । 'हैन यसपालि सुक्न खोजेको होला' बूढीले आफ्नो तर्क दिइन् । तर दिनप्रतिदिन भुँडी अकासियो । यसपालि भने छोराछोरीकै अघि बूढीलाई लाजमर्नु भयो । जेठी छोरी धनमाया पनि तेह्र वर्षकी भइसकेकी थिई । तर के गर्नु भगवान्को इच्छा भनेर उनले लाज टारिन् ।

कान्छी छोरी मीठीमायालाई 'मीठु' भने बूढाले । यत्तिका छोराछोरी जन्मिसकेपछि जन्मेकी त्यो छोरी बूढाको लागि झन् अतिप्रिय भई । मीठु बूढालाई नभई नहुने मिठाई भई । तर मीठु भने साँच्ची नै पुछाउनी अथवा फाउ नै आएकी थिई । मीठुपछि भने रनमायाले कुनै सन्तान जन्माइनन् ।

# तीन

गोपालसिंहले जति नै कर गरे पनि र रनमायाले भुतुक्क रहर गरे पनि शमशेरबहादुरले दश पास गरेपछि पढ्नै मानेन । बूढा मान्छेले छोरा तर्साउने छाँटले ढ्याङ्ग्रो पनि ठटाए, तर अहँ छोराचाहिँले 'पढ्दिनँ, भनेपछि पढ्दैपढ्दिनँ, मारे पनि पढ्दिनँ, काटे पनि पढ्दिनँ' भन्यो । बूढाबूढीको केही लागेन । तर चित्त बुझाउने बाटो भने थियो । छोरो बरालसिंह चाहिँ भएको थिएन । घरव्यवहार, खेतीव्यवहारमा निकै रुचि लिन थालेको थियो । 'ठीकै पनि छ, जेठो छोरोले घरव्यवहार हेरिदिँदा आफैलाई होलो हुने, पढेरै पनि के नापेका छन् र दुनियाँका छोराले ! अङ्ग्रेजी पढ्यो, खेत हेर्न गाह्रो लाग्छ र बन्यो बडाबाबु त्यत्ति न हो ! त्यसो हुनुभन्दा यसै हुनु भलो' बूढाबूढीले चित्त बुझाएका थिए ।

नभन्दै शमशेरबहादुरले बाबुचाहिँको जम्मै व्यवहार थामिदियो । थामेर मात्रै कहाँ बस्यो र उसले त इलम गर्ने पनि विचार ल्याएछ । 'बा ! गोठ राख्ने विचार गरेँ, हाम्रो लेकमा त्यत्रो जग्गा पनि छँदैछ, दूध र घ्यूको व्यापार गर्नुपर्‍यो, तपाइँलाई कस्तो लाग्छ ?' शमशेरबहादुरले बाबुलाई सोधेको थियो । कलिलो केटाको ठूलै आँट देखेर खेती त्यो पनि अर्कालाई रोपाएर कमाई खाने गरेका बाबु चाहिँ डराए । 'ए केटा ! बस्तुभाउ पालेर मात्रै हुँदैन, निक्कै स्याहारसम्भार गर्नुपर्छ, यी मूक प्राणी पालेपछि आफ्नै बच्चा जस्तो गर्नुपर्छ बाबै ! अहिले तुरुन्तै के बितेको छ र !' बाबुचाहिँका कुरा सुनेर छोरोको

उत्साह चिसिन लागेको थियो । 'कस्तो कुरा गरेको ? छोराले आँटेपछि पुऱ्याउँछ होला नि, फेरि हाम्रै पनि के काम छ र सबैले भरथेग गर्न सके कसो नपाल्ला यल्ले गोठ, दुनियाँका छोराले पालेका गोठ देख्नु भा'छैन ? अब हामीले त पुर्खाले जोडेको खेतमा फलेको खाएर जिन्नगी बितायौँ, तर यिनले त्यसरी बिताउन गाह्रो छ । अब ऐले बजार जान मन लाग्दैन मलाई । सबै सामान जिनिस जे पनि महँगा छन् । जेठाले आँट्छ भने गर्छ है बूढा मान्छे ! अब संसार यिनकै हो हाम्ले रोकेर कतिन्जेल रोक्छम् र !' आमाका कुरा सुनेर जेठो छोरो रमायो । 'ए ! तिमेरु आमाछोराको पहिल्यै सल्लाह भैसकेको रछ होइन ? मलाई ठिक्क पार्न मात्रै सोधेको तैँले !' बूढाले रिसाउन खोज्दै भनेका थिए ।

'तपाईं मारी हत्ते, म तपाइँसँग त्यस्तो जाली काम किन गर्थें र ! यसले गोठ राख्ने कुरो गरेको आजै तपाईंसामु सुन्दै छु म । तर मलाई जेठाको विचार राम्रै लाग्यो । पढ्न पनि छोडिगो, एउटा इलममा लाग्यो भने राम्रै हुन्छ भनेर पो म बोलेकी, भैगो मैले बोलेको तपाईंलाई मन नपरे म बोल्दिनँ' बूढीले चित्त दुखाएर बोलिन् । आइमाईको जात चित्त दुख्नु बेर न आँखा रसाउनु बेर । तर आँखाबाट पानी चुहुन दिइनन् उनले । आँखैमा सुकाउन खोज्दै थिइन् । तर बूढाको अभिप्राय: बूढीको चित्त दुखाउनु थिएन । गोपालसिंह हत्तपत्त कसैको चित्त दुखाउँदैनथे, त्यसमा पनि आफ्नी प्राणप्रिया पत्नी रनमायाले अलिकति अँध्यारो मुख मात्रै पारिन् भने पनि बूढालाई संसारै अँध्यारो लाग्थ्यो । छोरा इलमी हुन खोजेको कुरामा बूढा पनि भित्रभित्रै दङ्ग परेका थिए, तर यसै ह्वात्त 'हुन्छ' भन्दियो भने भोलि गएर छोराले आफुखुसी गर्न खोज्ला र नाफाको बदला नोक्सानी भोग्नुपर्ला भनेर मात्रै उसलाई अलमल्याउन खोजेका थिए ।

'ए लाटी आइमाई ! मैले पनि त्यसो उसले गर्दै नगर भनेको पनि छैनँ नि, अब तेरो सहमति पनि भएपछि म नाइँ भनुँला ?

आजसम्म तैँले के नचाहिँदो कुरै भनेकी छस् र मैले चाहिँ कुन तेरो कुरा नमानेको छु हँ ! यो बूढी उ बाहेक मेरो कोही छैन भन्ने थाहा पाएर मलाई दङ्ग्याउँछेस् ? हेर् बूढी ! हाम्रा सन्तवीर दाजु जस्तै म पनि जोगी भइदिउँला अनि खालिस् ।'

'भो भो, अब जोगी हुने भनी घुर्क्याउनुपर्‍या छैन, म पनि पुण्यमाया भाउजू जस्तै हुँ कि क्या हो लोग्ने गएको हेरिरहने, म पनि सबै छोराछोरी अघि लगाएर तपाईंकै पछिपछि लागिहाल्छु नि के सम्झेको मलाई' रनमायाले हाँस्तै भनिन् । बूढीका कुरा सुनेर बूढा पनि हाँसे । आमाबाबु हाँसेको देखेर जेठो पनि हाँस्यो ।

त्यसपछि लगत्तैजसो शमशेरबहादुरले त्यहाँबाट एक घण्टापर नीरपोखरीमा गोठघर बनायो, पच्चीस माउ लैना गाई र दश माउ लैना भैँसी गरी दूघघ्यूको ससानो व्यापार सुरु गर्‍यो । तीन जवान गोठाला केटा कामदार राख्यो । घरकै पुरानो सेवक सिङ्गेदाजुलाई त्यहाँको हेरचाहको जम्मै जिम्मा दियो ।

वर्षदिनमै गोठमा वस्तु थपिए । व्यापार राम्रो चलेको हुँदा सबै खुसी थिए । त्यसैसाल जेठाको बिहे पनि भयो । सुनकेस्री शमशेरबहादुरकी जीवनसङ्गिनी भएर आई । सुनकेस्री नै कसरी शमशेरकी जीवन सङ्गिनी भई भन्ने कुरा सम्झँदा शमशेरलाई अचम्म लाग्छ । हुन पनि शमशेरबहादुरको कामधन्धा देखेर दङ्ग नपर्ने ओल्लोपल्लो गाउँमै कोही थिएन । झन्नै छ फुटभन्दा अग्लो दोहोरो जिउको गहुँगोरो शमशेरबहादुरलाई ज्वाइँ बनाउने रहर धेरैले गरे । बिहेको कुरा चलिरह्यो । कुरा आउँदै जाँदै गर्थ्यो । 'यो केको सधैँको झङझुङ, एउटी गतिली बुहारी भित्र्याइदिए यसरी दिनरातको छोरी दिनेको कुरा त सुन्नुपरोइन' मीठु एक वर्षकी भएपछि चाहिँ बूढाबूढीले भन्ठाने ।

त्यसैवेला एकदिन बेलुकीको भात खाइसकेपछि बाबुछोरा बसेर व्यापारका कुरा गर्दै थिए । हर्कलीहरू चुलोधन्धा गर्न लागेका थिए ।

बूढी पनि मीठु बोकेर बाबुछोरा भएठाउँमै आइन् । केहीबेर आमाको दूध चुसेपछि मीठु निदाएकी थिई । रनमाया छोरीलाई बिछ्यौनामा सुताएर आइन् । सधैँ जस्तो भए उनी पनि छोरीसँग ढल्केर निदाउने थिइन्, तर आज उनलाई बाबुछोराबीच केही कुरा गर्नुपर्ने थियो । त्यसैले उनी पनि आएर त्यहीँ सिकुवामै बसिन् । छोरा चाहिँ 'बाखापालन पनि राम्रो हो, धेरै नाफा हुन्छ' भन्दै थियो । उसको आशय बाखा पनि पालौँ भन्ने थियो । तर बाबु चाहिँ 'बरु अरु गाईभैँसी थप बाखापट्टि नजा, दुई थरी भएपछि समस्या पनि दुई थरी हुन्छ' भन्दै थिए । रनमाया सुन्दै गई, तर आज व्यापारको कुरामा उसलाई पटक्कै रौस लागेन । 'ए बाबु ! अब बिहे गर्नुपर्छ, बुहारीलाई घर पनि जिम्मा लाउन पाए मलाई सन्चो हुन्छ । केटी दिने मान्छेले हैरानै पारिसके; रिसाउँछन् पनि । पल्लो गाउँबाटै दुई थरी कुरा आएको छ, आफ्ना गाउँका पनि गोडा तिनेक छन् केटी दिने । अब हामीले रोजेर हुन्छ कि आजकलको चलन पनि छ ! तैँ हेर्, ठहर गर् । बाबु !, तर बिहे त यसैपालि मङ्सीरमै गर्नुपर्छ' आमाले बोलिसकिन् । जेठो बोलेन । गोपालसिंह पनि चुपचाप बसिरहे । कोही बोल्दैन । 'ल है मैले भन्दिएँ जेठा ! म यसपालि मङ्सीरमा बुहारी नभित्र्याई छोड्दिनँ । तैँले रोजे रोज् नत्र मै ठहऱ्याउँछु है । पछि दोष नदिए बाबै भन्दिया छु' रनमाया बूढीले आफ्नो निर्णय सुनाइन् ।

'बिहे नगरी नछोड्ने हो भने आमाहौ ! नीरपोखरीका जुँगे अधिकारीकी जेठी छोरी सुनकेस्री पनि एकपल्ट हेरन है, तिमीलाई कस्तो लाग्छे' हतारहतार यति बोलिसकेर शमशेरबहादुर त्यहाँबाट भागेझैँ बेपत्ता भयो ।

'ए ! यसको ता मायाप्रीति नै बसिसकेको रै'छ क्यारे, तब ता लाजले भाग्यो है' बूढाबूढीले अड्कल काटे ।

त्यसो त शमशेर र सुनकेस्रीको मायाप्रीति गाँसिएको नै चाहिँ थिएन । गोठको नजिक पर्ने घर जुँगे अधिकारीकै थियो । आफ्नो घर

अलि एकलास जस्तो ठाउँमा भएकोले जुँगे अधिकारीलाई शमशेरले गोठ राख्नेबित्तिकै निकै भर भएको थियो ।

त्यसदिन गोठालाको दुर्बुद्धिले गर्दा आगो बाल्ने सलाई नै लपक्कै भिजेको रहेछ । अब नजिक कतै दोकानसोकान थिएन; कि त आउने र जाने गरी डेड घण्टाजतिको बाटो काटेर भालुखोप पुग्नुपर्थ्यो, नत्र ओरालोओरालो गयो भने आधा घण्टाको बाटो नाघ्दा मगर्नीकान्छीको भट्टी थियो । त्यससाँझ वस्तुको खोले पकाउन बेर भइसकेको थियो । साँझ पनि झमक्कै परिसकेको थियो । अब नजिक घर भनेको त्यही एउटा घर थियो । शमशेरले त्यो घर जुँगे अधिकारीको भन्ने त सुनेको थियो, तर चिनजान भने थिएन । एउटा गोठालो साथ लिएर शमशेर पहिलोपल्ट जुँगे अधिकारीको आँगनमा उभिएको थियो । जुँगे अधिकारी सिकुवामा बसेर हुक्का तान्दै रहेछन् । लामालामा जुँगा पालेको अधबैँसेलाई जुँगे अधिकारी ठहर गरेर नै शमशेरले अभिवादन गऱ्यो ।

'ओहो नानी ! बसौँ न ! मेरो भाग्य यस्ता रामचन्द्र जस्ता बाबुलाई मेरा घरमा स्वागत गर्न पाएँ ।' शमशेरले आफुलाई गोठधनी भन्नेबित्तिकै जुँगे अधिकारी तान्दातान्दैको हुक्का पन्छाएर शमशेरको स्वागतमा जुटे । 'यत्रो स्वागत गरे यिनले, आफु चाहिँ आगो माग्न आएको भनी कसरी भनूँ । नभनी पनि ता भा छैन, नत्र बस्तु भोकै ...' शमशेरका मनमा कुरा खेले ।

'होइन दाजु ! म त आगो पो पाउँछु कि भनेर आएथेँ । आज गोठालाले सलाईको बट्टै पानीमा चोपलेछ' शमशेरले लाज मानीमानी पनि आफु आउनुको कारण भन्दिए । 'ए त्यतिलाई यत्रो दु:ख पाएछौ नानीले, यही गोठालालाई पठाएको भए पनि भइजान्थ्यो । बित्थैमा दु:ख पाउनु भो तपाइँले । तरै पनि हाम्रो परिचय भयो यसै बहानाले भए पनि, त्यस गोठालोलाई मेरो धन्यवाद छ । उसले सलाई नभिजाइदिएको भए तपाइँ आउनुहुन्नथ्यो भाइ !' जुँगे अधिकारी परर

बोलेर गलल्ल हाँसे । 'मान्छे फरसाइला रहेछन्' शमशेरले मनमनै सम्झ्यो । जुँगे अधिकारीले एउटा बट्टामा सलाईका काँटी र गाइगोठमा बलिरहेको एउटा अगुल्टो पनि गोठालोलाई दिई पठाए । शमशेर पनि गोठालासँगै विदा भएर हिँड्न लागेको थियो । 'होइन बाबु ! आज यतै भान्सा गर्नुपर्छ, रुखोसुखो जे पाकेको छ, खाऊँ आजलाई बाबु !' बूढाले शमशेरलाई च्याप्प समातेर भने । 'ए ! सुन् आज मालिकलाई उता भात नपकाउनू है, यतै खान्छन् भन्दे' बूढाले गोठालालाई खबर पनि पठाए ।

शमशेर अकमक्क पऱ्यो, बूढा मान्छेको आत्मीयता लत्त्याएर हिँड्ने आँटै भएन उसलाई । हुनत शमशेर प्रायः घरै पुग्थ्यो । बिहानबेलुकीको भात उ घरमै खाने गर्थ्यो, तर कहिलेकाहीँ भने गोठमै बस्नुपर्थ्यो । घरमा पनि बाआमा 'साँझ परेपछि नहिँड्नू, जमाना निको छैन, दुश्मनले मौका पाउँछ, राति अँधेरोमा नहिँड्नू' भन्ने गर्थे । त्यसैले उसले साँझ झमक्क पर्दा घर पुग्नुपर्थ्यो, अन्यथा गोठैमा वास हुन्थ्यो । त्यसो त कहिले केकसो पर्छ भनेर उसले गोठमा आफ्नो एकसरो ओढ्ने ओछ्याउने समेतको आट आफ्नो लागि छुट्टयाएको थियो । यसरी बसेको वेला गोठालाहरू मालिकलाई खीर पकाएर ख्वाउने गर्थे । त्यसैले उनी गोठमै बस्ता पनि घरमा बाआमा खास पीर गर्दैनथे ।

आज पनि त्यस्तै अबेर भएकोले शमशेर घर नगएको हो । तर यसरी जुँगे अधिकारीको पाहुना हुन पुग्ने कुरा चाहिँ उसले सपनामा पनि सोचेको थिएन ।

अर्को हुक्का भरेर ल्याइएको थियो । शमशेरको अगाडि हुक्का राखेर बूढाले हुक्का तान्ने नली दिए । 'म हुक्का पिउँदिनँ' शमशेरले भने । 'बाबै नि, यत्ति धनीमानी भएर पनि हुक्का नपिउने ! जूठो होइन, नली त अझ मुखमा चाँदी नै भएको छ, बिटुलो छैन' बूढाले कर गर्दै भने । 'होइन दाजु ! मैले त कहिल्यै पिउने गरेको छैनँ'

शमशेरबहादुरले भन्यो । हुक्काप्रसङ्ग त्यहीँ सकियो । बूढा मान्छे एकनास बोलिरहे । कति कुरा उसले सुन्यो, बुझ्यो, कति चाहिँ सुने पनि बुझेन । उसले धेरै कुरा बुझ्न पनि चाहेन ।

भित्र भान्साघरबाट झ्वाइँय तरकारी ओइरेको आवाज आयो । शमशेरबहादुरको मनमा भने कतिकति कुराहरू आइरहे, गइरहे 'व्यर्थै यो बूढाको फतफत सुन्न बसेछु । म खाँदै खान्नँ, गोठमै भात पकाएको छ भन्दिया भए पनि हुन्थ्यो । तर कसरी भन्नु र आगो नभएर आगो माग्न आउनेले भात पकाएर आएको कसरी भन्न मिल्थ्यो र ! हत्तेरिका, म आज कहाँ आएर फसेछु ।' आफ्ना नातागोता बाहेक अन्यत्र कतै कहिल्यै भात नखाएको शमशेरबहादुरको जीवनमा एउटा अचम्म नै भएको थियो । त्यसै पनि जसतसकहाँ सजिलैसित भात खाइहाल्ने मान्छे होइन शमशेरबहादुर । गाउँघरको भोजभतेरमा निम्ता मान्न पनि उ हम्मेसि जाँदैनथ्यो । बुबाआमा जान नसक्ता पनि भाइबैनी पठाएर पन्छने मान्छे हो उ । चुलै निम्तो मान्ने ठाउँमा समेत घरका सबै गए पनि उ एउटा नोकरलाई भात पकाउन लगाई खाने गर्थ्यो । 'यो केटाको सबै बानीबेहोरा राम्रो छ, यो अर्काको घरमा नखाने बानी साह्रै नराम्रो छ, पछि ससुरालीमा के गर्छ यसले ?' आमा चिन्तित हुँदै भन्थिन् । 'यस्ता नरखटेहरू घरज्वाइँ बस्छन् किन चिन्ता गर्छेस् बूढी !' बूढालाई पनि छोराको यस्तो बेहोरा पटक्कै मन परेको थिएन । 'आफुलाई श्रद्धा गरेर कसैले बोलाउँछन् भने उनीहरूको इच्छा र आफ्नो शरीरको क्षमताअनुसार खाइदिनुपर्छ' बूढा मान्छे छोरालाई सम्झाउँथे ।

शमशेरबहादुरले रिसले, घिनले वा अहङ्कारले नखाएको त हुँदैहोइन, तर उसलाई अर्काको घरमा खान भनेपछि पटक्कै मन पर्दैनथ्यो । दसैँमा मावलमा र आफ्ना नातागोताका नगई नहुने बिहाबटुलोमा मात्रै उसले खाएको थियो ।

आज कहाँबाट कसरी कुन विडम्बनाले उ यहाँ भात पर्खेर बसेको छ । एकमन उसलाई जुरुक्क उठेर 'म गएँ' भनेर हिँडूँ गोठमा

केही भए खाऊँ नत्र भोकै भए पनि सुतूँ जस्तो पनि लागेर आएको थियो । तर भर्खरै आगोको अभर यिनीहरूसँगै टारियो, भोलि केकसो पर्छ । 'सबैभन्दा नजिकका छिमेकी यिनै हुन्, आज मैले आफुलाई यिनकै जिम्मा छोड्नुपर्छ' शमशेरबहादुरको मनले निर्णय गऱ्यो ।

'नानी उतिसारो कुरा गर्न मन गर्दा रहेनछौ म नबोली बस्न सक्तिनँ, नानीलाई झर्को पनि लाग्यो होला मेरो फतफत सुनेर' बूढाले शमशेरबहादुरकै मनको कुरा भनेका थिए । 'होइन दाजु ! आफुभन्दा ठूलाबडाको कुराबाटै त हामी ज्ञानगुनका कुरा सुन्ने सिक्ने मौका पाउँछौँ' प्रत्यक्षतः शमशेरबहादुरले बूढालाई यसो भन्दै खुसी तुल्यायो ।

कुरैकुरामा बूढाले शमशेरबहादुरको तीनपुस्ते सोधे, आमाका मावली, बाउका मावली गर्दागर्दै बूढाले एउटा नातो फेलापारि छोडे । उनले शमशेरबहादुरका पिताको उमेर सोधेपछि आफु कान्छो भएको ठहर गरी आफुलाई शमशेरबहादुरले 'काका' भन्नुपर्ने साइनो गाँसे ।

'बा ! भान्सा तयार भयो' शमशेरबहादुरको नीरस वातावरणमा कतैबाट मधुर स्वर घन्क्यो । बूढाको रुखो र एकनासे फतफतबाट आजित भइसकेको शमशेरबहादुरलाई कोकिलकण्ठी नारीको स्वर अनुपम मिठासले युक्त लाग्नु अनौठो थिएन ।

स्वरधारिणी नारी अम्खोरामा पानी बोकेर उनीहरूबीच उभिएकी थिई । ढिब्रीको उज्यालोमा त्यो अनुहार उसले राम्ररी देख्न पाएन । अम्खोरा उनीहरूनजिक राखेर उ झटपट त्यहाँबाट बिदा भइसकेकी थिई । शमशेरबहादुरलाई अनकन्टार मरुभूमिमा फेला पारेको पानीको कुवा पुनः अनकन्टारमै विलीन भए जस्तै लाग्यो ।

'लौ नानी ! भान्सा गर्न जौँ, नानीहरू जस्ता महाजनलाई हाम्रो घरको यसोतसो भान्सा गराउन मलाई लहड चलेको मात्रै हो नानी ! मनको ता म पनि महाजन नै छु है बाबु !' अम्खोराबाट पानी खन्याउँदै बूढाले भने र भनिसकेपछि मन खोलेर गललल हाँसे ।

'होइन काकाले पनि के भन्नुभएको होला, हामी पनि गरिखाने मानिस नै हौँ काका ! फेरि मन नभए धनको के काम । काकाले म पराई मान्छेलाई स्नेहपूर्वक भान्साको व्यवस्था गर्नुभयो । यसभन्दा ठूलो कुरा के चाहियो र !' शमशेरबहादुरलाई यतिखेर बल्ल बूढाले भनेको कुराले कहीँ कतै च्वास्स लाग्यो । उसको तुलनामा न्यूनतम आयस्रोत भएको यो बूढो मान्छेले यति श्रद्धासाथ भात ख्वाउनु भनेको साँच्चै यी मानिस मनकै राजा रहेछन् उसले मनमनै ठहर गऱ्यो ।

शमशेरबहादुरको तुलनामा साँच्चै यिनको आर्थिक स्थिति निकै तल्लो स्तरकै हुनुपर्छ भन्ने अनुमान उनीहरूको रहनसहनले पनि भनिरहेको थियो । शमशेरबहादुरको घडेरी एक दृष्टिमा भ्याउनै नसकिने थियो भने यिनको घडेरी साँगुरो देखिन्थ्यो । शमशेरबहादुरको गाईबस्तु बाँध्ने गोठ अलग्गै, भान्साघर अलग्गै र सुत्ने बस्ने घर दुईतले च्यादरले छापेको थियो । यिनको भने एउटा घरको तलतिर आधा बारेर गाई बाँध्ने ठाउँ र आधामा भान्सा बनाइएको थियो । त्यसकै मास्तिर आफुहरू सुत्नेबस्ने व्यवस्था गरिएको थियो । घरको छाना पनि खरले छाएको थियो । जुँगे बूढाले आफुलाई 'मनको महाजन' भनेपछि नै शमशेरबहादुरले यिनीसँग आफ्नो तुलना गरिहेरेको थियो ।

उनीहरू भान्सामा पुगेर आआफ्नो पिरामा बसिसकेका थिए । भान्सामा चुलोको र ढिब्रीको उज्यालो भएकोले भान्सेलाई राम्ररी देख्न सकिन्थ्यो । केही अघि देखेको छाया र अहिलेको भान्सेको आकारप्रकारको तादात्म्यले गर्दा उसले ती दुवै एकै हुन् भनेर ठहर गऱ्यो । 'यसकी आमा बिरामी भएको पनि धेरै भयो, हुँदाहुँदा ओछ्यानै परिसकी, हिजोआज भात भान्सा सबै यही गर्छे । एउटी बहिनी चाहिँ टाढा भए पनि कात्तिके स्कूलमै पढ्दै छे, ढिमिक्क केही गर्दिन, सबै यसैको जिम्मा छ । छोरो मोरो बिहे गर्नेबित्तिकै छुट्टिएर हिँडचो । दश पास गरेको छ, डम्फुको डाकखानामा काम गर्छ । चित्त त रुन्छ, तर धैर्य गर्नुबाहेक अरु कुनै बाटो छैन । आफ्नै कर्मको दोष बाबु !

उसलाई नै पनि किन गाली गरूँ ?' बूढाले लामो खुइञ्चय काढ्दै आफ्नो परिवारको कहानी सुनाए । शमशेरबहादुरलाई ती झन्नै एक घण्टाभन्दा बढी समयदेखि फतफत गरिरहेका बूढाको स्वरको पीडाले भित्र कताकता दुखेजस्तो लाग्यो । खानेकुरा मीठो थियो, उसले जीवनमा पहिलोपल्ट अर्काको घरमा यसरी मीठो मानेर खाएको थियो । हुन पनि त्यसदिन उसले थपीथपी नै खायो ।

त्यसबेलुकी त्यसरी भात पस्कने भान्से सुनकेस्री नै थिई । त्यसपछि उसले सुनकेस्रीलाई दोहोऱ्याएर भेटेको पनि थिएन । त्यसो त उसले सुनकेस्रीसँग बिहे गर्ने कुरो उसको कल्पनामा पनि थिएन । अझ भनौँ त्यस रातपछि उसले सुनकेस्रीबारे केही सोचेकै थिएन । त्यसक्षण आमाले बिहेको कुरा झिकेर केटी हेर्ने कुरो निकाल्नेबित्तिकै उसका आँखामा झलझली सुनकेस्री आई ।

सम्पन्नताको दृष्टिले असमान स्तर भए पनि केटाले नै केटी मन पराएको भनेपछि सुनकेस्री र शमशेरबहादुरको बिहे भएरै छोड्यो ।

जेठो छोराको बिहे गर्दा गोपालसिंह महाजनले निकै ठूलो खर्च गरे । भोज मात्रै पनि लगातार पन्ध्र दिनसम्म गरे । दिनकादिन जङ्गेअजङ्गे खसी गिंडिए । बिहेको रमझम र भोजभतेर देखेर वल्लापल्ला गाउँ सबै छक्क परे । चिराङ जिल्लामै यसअघि यति धुमधामसँग कसैको बिहा नभएको चर्चा पनि त्यहाँ चल्यो । त्यसैवर्ष गोपालसिंह महाजनले चिराङ डाँडामा बीस एकड मलिलो खलो पनि दश लाखमा किने । चिराङ डाँडाको हावापानी मनपरेकोले उनले प्राय: आफ्नो रासोबासो पनि उतै सारे । तर बडहरेलाई पनि उनले चटक्क चाहिँ छोडेनन् । उमेरको कारणले पनि होला अलि वर्षपछि चाहिँ बूढा वर्षैभरिजसो चिराङ डाँडामै बस्न लागे ।

गरिब घरबाट आएकी सुनकेस्रीले घर परिवार सबैलाई रिझाउँदै गई र बिस्तारैबिस्तारै शमशेरबहादुरको रोजाइलाई घरका सबैले प्रशंसा गर्दै गए ।

# चार

'बा ! देश भनेको के हो ?' गोपालसिंहको अगाडि उनको कान्छो छोरो हीरा उभिएको थियो । 'ए ! तँ स्कूलबाट भागिस् कि किन हो आज छिटो पो आइस् त हँ ?' 'मलाई रिन्जिन र उसको साथी केजाङले चुटचो' –हीराले रुन खोज्दै भन्यो । 'तैँले बदमाशी गरिस् होला अनि चुटचो होला केटाहरूले, तँ कम्तीको छस् छुल्याहा !' बूढाले छोरालाई सम्झाउन खोज्दै भने । 'बा पनि अब मैलाई गाली गर्नुहुन्छ ! उनीहरूले त मलाई तँ भाग् तेरो देश जा भने । के हो बा ! देश भनेको के हो ? हाम्रो देश कहाँ छ बा ?' हीराले झन्डै रुन खोज्दै भन्यो । अब बूढा मान्छेलाई पनि आपत् पऱ्यो । उनले यो कुरा सोचेकै थिएनन् । कहिल्यै देशको कुरा आएन उनको मनमा । 'आफु जन्मेको, हुर्केको, बाँचेको ठाउँ नै देश हो, हाम्रो देश यही भूटान हो' बूढा मान्छेले निकै दरो भएर छोरालाई जवाफ दिए । 'त्यसोभए केजाङले किन मलाई तेरो देश जा भनेको ?' हीराले प्रश्न पुन: तेर्स्यायो । बूढासँग यसको जवाफ नै थिएन । उनी केहीबेर वाल्ल परेर हीराको मुखमा हेरिरहे । 'तिनीहरूको बुद्धि छैन, त्यो जातको उति बुद्धि पनि हुँदैन । त्यसैले भने होलान् । अब यत्ति कुराले तैँले किन पढ्न छोडेको ?' बूढाले छोरालाई अलमल्याउन भने ।

'जा, स्कूल बाह्र बजेको घण्टी लाग्दै होला' –बूढाले नारीमा बाँधेको घडी हेर्दै भने । 'नाइँ, म जान्नँ, छिरिङ लोपनेले कुट्नुहुन्छ ।

केजाङले कुरा लगाउनेबित्तिकै छिरिङ लोपेनले चुटिहाल्नुहुन्छ' हीराले मन दुखाएर भन्यो । त्यसपछि बूढाले छोरालाई केही भनेनन् ।

स्कूल गाउँकै हो । छ कक्षासम्म पढाउने यो स्कूल चलाउन निकै धौधौ परेको थियो । गोपालसिंहले पनि सालको बीस मुरी धान स्कूललाई खेपिदिएका छन् । 'आफ्ना पनि छोराछोरीले विद्या आर्जन गर्छन्, जनताको भलो हुने काम हो' यस्तै सोचेर एकसाल स्कूलको छानामा उनले च्यादर पनि हाल्दिएका थिए ।

आज हीराको कुरा सुनेर गोपालसिंहको मनै अमिलो भयो । छोराले स्कूलबाट आएर सोधेको प्रश्न उनले आफैलाई सोधे 'हाम्रो देश कुन हो ?'

शिवबहादुरसिंह खड्काका पनि बाजे सञ्चमानसिंह खड्का चाहिँ नेपालको पश्चिमपहाड पाल्पाबाट आएका थिए भन्ने कुरा गोपालसिंहका पिताले उनलाई भन्ने गर्थे । तर त्यस वेलादेखि यस वेलासम्म पनि उनका कुनै पुर्खाले पाल्पा देखेका थिएनन् । गोपालसिंहलाई एकताका देशदेशावरको यात्रा गर्ने सौख चलेको थियो । तर आफ्नो यसै यात्रासौखले गर्दा पिताको सद्गतसम्म गर्न नपाएको पीडाले उनको यात्रासौख लङ्गडाएको थियो ।

उनलाई पनि आफ्ना पुर्खाको थलो हेर्ने उत्कट इच्छा थियो नै । तर 'देश'को कुरा कहिल्यै उनले सोचेनन् । यहाँ पुर्खाले आर्जेको यत्तिका माटो, सम्पूर्ण सिरिखुरी यता छ । यहाँको ढुङ्गा, माटो, खोलानाला सबैसँग माया गाँसिएको छ । अब 'देश' चाहिँ हाम्रो कहाँ छ ?

गोपालसिंहलाई जीवनमा पहिलोपटक यस्तोबिघ्न अत्यास लाग्यो । उनले हर्कलीलाई बोलाएर हुक्का भर्न लगाए । आज असमयमा बूढाले हुक्का मागेको देखेर हर्कली पनि छक्क परी ।

'बा ! त्यो सोनामले यसपालि अधियाको अन्न दिँदैन रे, 'हाम्रो खेतमा उसको राज' भनेर मलाई ठुल्ठूला आँखा पारेर हेर्दै हकाऱ्यो'

आज बूढालाई झन्डै पन्ध्र दिनअघिजसो माइलो छोरो विराजसिंहले भनेको कुरा पनि झ्ल्याँस्स सम्झना भएर आयो ।

'के यिनीहरू हामीलाई विदेशी नै भन्छन् त ?' बूढाको मथिङ्गल घुम्न थाल्यो ।

•

जेठी छोरी धनमायाको किकोरथाङ ब्लकका असल कुटुम्ब खोजेर बिहे गरिएको छ महिना पनि बितेको थिएन । ज्वाइँ असल छन्, ग्र्याजुएट भएर विभिन्न नोकरी गर्दै ठिङग्राफ भएका छन्, खेतिपाती सबै भएका । धनमाया राम्रा ठाउँमा परी, बूढाबूढी ढुक्क भएका छन् ।

धनमायाको बिहेमा जन्ती आएको धनमायाको मामाससुराको छोरोले माइली छोरी राममायालाई मनपराएर गएछ । धनमायाले आफै मागेर गएकी छ । अब कुटुम्बेली कुरो, छोरी जात दिनै पनि पर्ने– भर्खरै जनैसुपारी भएको थियो ।

माइलो छोरो विराजसिंह पढ्नमा ठिकठिकै छ, तर बिदामा होस्टलबाट घर आएको वेला उ पनि खेतीबारी, उठौनी उठाउनमा लागिपर्छ । शमशेर गोठव्यापारमा पसेपछि फुर्सत पायो कि खेतीपातीको सबै काम विराजै गर्छ । पढ्न त्यति मन गर्दैन र बूढा पिरिन्छन् । बूढा जत्तिको पनि कुनै छोराको पढाइ नहुने भो । उहिले बूढाले पढेको कुनैकुनै अङ्ग्रेजी किताब कहिलेकाहीँ बूढाले जेठा माइलालाई पढ्न लगाउँछन् । तर कसैको गतिलो उच्चारण छैन । शुद्ध अङ्ग्रेजी उच्चारण नै छैन । यही एउटा कुरामा बूढा गोपालसिंहलाई चिन्ता छ– 'आफुभन्दा जान्ने कुनै छोरा भएनन् । 'साहिँली छोरी सुनमायाको चाहिँ पढाइमा निकै रुझान छ । पहिलो कक्षादेखि दोस्रो दर्जा त्यसले देखेकी छैन । पढ्छु भन्छे । सानो हीरा र मीठु त बालखै छन्, अहिले के भन्न सकिन्छ र ! सधैँभन्दा आज बूढालाई बढी चिन्ता लागेको

छ । यी कुरा सधैँकै हुन्, तर यिनै कुरा बूढालाई आज ओल्टीपल्टी घोच्न खोज्दै छन् ।

'किन आज यसरी धुमधुमती बसेको हौ बूढामान्छे ! सन्चो पो भएन कि हँ ?' बूढीले नजिकै आएर सोधेकी थिइन् । 'हिजोआजु डम्फुबजार गर्नु जान पनि मलाई गाह्रो लाग्नु थाल्यो हौ बूढा मान्छे, आज माइलीलाई उसको रहरको इयरिङ बनाइदिऊँ भनी साथै लगेकी थिएँ । एकहूल आबारा भोटेको हूल कहाँबाट आयो थाहै पो पाएनम् हाम्ले । आम्मो ! माइली चिच्याउँदा पो म आत्तिएँ । के सारो शरमछाडा भएका मोराहरू, उसलाई अप्ठचारोसँग धकेलेर हिँडेछन् । मलाई ता सपना जस्तो पो भएछ । त्यसपछि त मलाई डरले थरथर काम छुट्न लाग्यो । अघि बढ्न पनि पाइला चलेन, म त त्यहीँ बाटैमा थुचुक्क बसेछु । माइलीले पाखुरामा समातेर तान्दै ल्याई । के डरलाग्दो भयो हौ ।' बूढीले बेलीविस्तार लगाइन् । बूढाले बूढीमान्छेको अनुहारमा हेरे, त्यहाँ अझै पनि आतङ्कका रेखाहरू हराएका थिएनन् । बूढा केही बोलेनन् । धेरै बेर चुपै लागेर बसिरहे । बूढाले केही प्रतिक्रिया नदिँदा बूढी छक्क परिन् । 'ए बाबै ! यत्रो ठूलो घटनामा पनि बूढा त चाइँचुईं नै गर्दैनन्, हन के भाका बूढा हुन् यी !' बूढी अचम्म पनि परिन् र भित्रभित्रै ससानो असन्तोष पनि फक्रन खोज्यो बूढाप्रति । त्यसपछि बूढीले पनि केही नबोली लामो खुइय मात्रै काढिन् । बूढाले एकैछिन बूढीको मुखमा हेरिरहे, केही बोल्न खोजे, तर अऋ केही बोलेनन् । बूढीले बूढाको यस्तो चुपचापले आफुहरूप्रति बूढाले बेवास्ता गरेको सम्झिन्, मन दुखाइन्, नरमाइलो मानिन् । 'अबहुँदो बजार जाँदा आइमाई केटाकेटी मात्रै नजानू तिमेरु, हिजोआज समय बिग्रेको छ' बूढाले धेरै बेरपछि यत्ति मात्र भने । बूढाको आवाज आज निकै गह्रौँ छ । रनमायाले ऋट्ट सम्झीन्– धेरै वर्षअघि ससुरा बाजे परलोक भएको कुरा सुनेपछि पनि बूढाको यस्तै अनुहार भएको थियो । त्यसताका पनि बूढाको आबाज यस्तै मात्र निस्कन्थ्यो । रोएको पनि होइन, खुसी

भएको पनि होइन, तर गहिरो वेदनाले ढाकेको भारी स्वर । बूढीलाई बूढाको आबाज सुनेर चिन्ता लाग्यो । अलि अघि बूढासँग दुखाएको मनलाई बूढाको माया भरिएको चिन्ताले हत्तपत्त ढाकिदियो ।

उता बूढाको मनमा अब एउटा खाता खुलेको थियो । दिउँसो कान्छो छोरोले ल्याएको 'देश', विराजसिंहलाई पन्ध्र दिनजतिअघि हरुवाले भनेको 'हाम्रो खेतमा उसको राज' र आज भोटेको हूलले बिहेको कुरा छिनिइसकेकी छोरीलाई बजारबीचमा धकेलेको समेत गर्दा उनको हिसाबकिताब झन्नै झन्नै बुझिने खालको हुँदै आएको थियो । हुनत यस्तो कुरा बुझेको भन्दा नबुझेको जाती । 'के त पुर्खाले यो माटो जोतेको, आफ्नो पसिना हालेर गोडेको व्यर्थै जाने भयो त ?' गोपालसिंहले आफैले आफुसँग प्रश्न गरे । तर उनको अर्को मनसँग जबाफ थिएन । चाँचे खोलाको किनारमा सञ्चमान खड्का, वीरमान खड्का, शिवबहादुरसिंह खड्का समेत उनका तीन पुस्ताले विश्रान्ति लिइसकेका थिए । आफ्नो जीवनको धोको भन्नु आफु पनि त्यही बाबुबाजेको खरानी पखालेको किनारामा विलीन हुनु त थियो ।

'आफु त डाँडामाथिको घाम भइहालियो, यी सन्तानको के गत हुने हो ! ओहो, आफ्नै घर कसरी पराई बनाइदिन लागे यिनीहरूले !' बूढाको देब्रे छाती बेस्सरी चस्क्यो । दाहिने हातले आफ्नो छातीको देब्रेपाटो कस्सेर थिचे बूढाले । निकैबेर आँखाअघिल्तिर कालो अँध्यारो पनि देखे उनले । गोपालसिंहले यसो आँखा चिम्लेर आराम गर्न खोजे ।

# पाँच

गोपालसिंहको घरमा त्यसरात भात खाने वेलामा कोकोहोलो मच्चयो । भान्सा तयार भएपछि बूढी मान्छे आफै बूढालाई डाक्न आम्खोरा बोकेर गएकी थिइन् । तर बूढा बोल्दै बोलेनन् । लालटिनको उज्यालोमा राम्ररी बूढाको अनुहार देखिएको थिएन । बूढीले आम्खोरा भुइँमा राखेर बूढामान्छे निदाएको भन्ठानेर झकझकाउँदै उठाइन् । तर बूढाको चालचुल छैन । 'ए के भो हँ ?' बूढी आत्तिएर चिच्याइन् ।

'के भो आमा !' आमाको आवाज सुनेर भान्सा कोठाबाट जेठो आइपुग्यो । 'बाबु ! हेर्, बा बोल्नुहुन्न, के भो के भो' आमाले रुँदै भनिन् । 'बा ! बा !' शमशेरले पनि बाउलाई झकझकायो, तर कुनै पनि उत्तर आएन । अब उ पनि आत्तिएको थियो । त्यस वेलासम्म सबै छोराछोरी नोकरचाकर कोठामा भेला भइसकेका थिए । भान्साको र अरु कोठाका पनि सबै लालटिन ल्याएपछि कोठा झलमल्ल उज्यालो भएको थियो । सबैले देखे गोपालसिंह मस्त निद्रामा निदाएका थिए । आमा रोएको देखेर भर्खरै चार वर्ष पुगेकी मीठु पनि रुन लागेकी थिई, माइली, साइली पनि रुने तरखरमा थिए । सबै किङ्कर्तव्यविमूढ भएका थिए । 'ए माइँला ! जा जा पल्लो घरको बैदार काकालाई सँगै लिएर आइज । कान्छा ! तँ साइँलालाई साथी लिएर तलबाट कम्पाउन्डर काकालाई साथै लिएर आइज' शमशेरबहादुरले भाइहरूलाई अह्राएको थियो ।

पन्ध्र मिनेटपछि नै बैदार काकालाई लिएर विराजसिंह आइपुगेको थियो । उमेरमा गोपालसिंहभन्दा केही कान्छा बैदारसँग गोपालसिंहको निकै मन मिल्थ्यो । दुवै दुःखसुखको कुरा गर्थे । उनी आज सरकारी बैदार नभए पनि बीस वर्षको उमेरदेखि चार वर्षअघिसम्म चिराङडाँडा मण्डलको बैदार बसेका थिए । तर बैदारी छोडे पनि गाउँमा परी आएको कानूनी कागतपत्र बुझ्नेबुझाउने भएकाले सबैले उनलाई बैदार मान गरेका थिए । 'ए बाबु ! ए भाउजू ! तल पो सार्नुपर्छ । ए बुहारी ! तुलसीको मठअगाडि लिप बा ! अब कुनै केही बाँकी छैन । हैन, कस्ता रछन् यी माजन, हामी सबैलाई यसरी झुक्याउलान् जस्तो लागेको थिएन । शमशेर ! सबैको जाने बाटो उही हो बाबै, ढिलो चाँडो मात्रै हो । अब यिनको राम्रोसँग सद्गति गर्ने तयारी गरौँ । हामीले गर्ने यत्ति मात्रै हो अबलाई' बैदार बूढाले गोपालसिंहको नारी छामेर, छाती सुनेर, सबै गतिविधि जाँचेपछि निर्णय दिए ।

त्यसपछि सबै परिवार एकै स्वरमा कोकोहोलो गर्न लागे । रनमाया बैदार बूढाका कुरा सुन्नासाथ लडिहालिन् । कान्छा कम्पाउन्डरलाई लिएर आइपुग्दा गोपालसिंहलाई तुलसीको मठमा पुऱ्याइसकिएको थियो । शमशेरबहादुरलाई कम्पाउन्डर देख्नासाथ केही आशा जागेर आयो । तुलसीमठमै लडाइएका बाबुलाई पनि उसले जाँच्न लगायो । तर कम्पाउन्डरले बूढाको छातीमा यन्त्र लगाएर जाँचेपछि आफ्नो यन्त्र झोलामा थन्काउँदै टाउको हल्लायो ।

भोलिपल्ट बिहानै शङ्ख बज्न सुरु भएको थियो । रातैदेखि गोपालसिंह खड्का महाजनको घरमा खबर सुन्नेहरूको भीड जम्मा भइसकेको थियो । निकै धेरै मानिसहरू जम्मा भएर बूढाको लाश रातभरि रुँगे । बिहान शङ्खध्वनि सुनेपछि त मानिसहरूको ओइरो नै लागेको थियो । आफन्त र खालवंश आइसकेपछि लप्सिबोटे गैरी गाउँमुनिकै चाँचेखोलाको घाटमा बूढाको सद्गति गरियो । गोपालसिंह महाजनका मलामी पनि धेरै नै भएका थिए । झन्नै आठ नौ सय

मलामी हुनु भनेको ठूलै ख्यातिको कुरा भएको थियो । हुन पनि वरपर ब्लकका सबैजसो ठूलाठालु आएका थिए ।

यसरी भोलिपल्ट बिहान बूढाको अन्त्येष्टिक्रिया पनि चाँचेखोलाको किनारमै गरियो । बूढाको इच्छा पुग्यो । गाउँमा गोपालसिंहको निकै प्रतिष्ठा थियो । बूढालाई प्राय: सबै नै स्नेहपूर्ण आदरसम्मान गर्थे ।

यसपल्ट बूढाको मलामी जाँदा एउटा अचम्म चाहिँ सबैले महसुस गरे । यसपल्ट बूढाको मलामीमा एउटै भोटे थिएन । नत्र गाउँमा एकोहोरो शङ्ख बजेपछि सबै घरबाट कम्तीमा पनि एकएक जना मलामी पुग्ने चलन त्यहाँ वर्षौंदेखि चल्दै आएको हो । ऋन्नै साठी घर भएको त्यस गाउँमा पाँच घर भोटेका थिए ।

बाबुको चिता पखालिसकेपछि निराश भएको शमशेरले मलामीको अनुहार हेरेको थियो । 'माजन मान्छे धर्मात्मा हुन्, कति छिट्टै खरानी भए, दुई घण्टा पनि लागेन हौ !' मलामीमध्ये कोही भन्दै थियो । 'होइन असारको महिनामा पनि आज पानी परेन । सबै उनको धर्मको प्रताप हो । नत्र हामी भिजेर भतेर हुन्थ्यौँ' अर्को कसैले थपेको थियो ।

'ए ! यी नाकथेप्चेहरू किन एउटै पनि आएनन् हँ आज ? यिनले के गर्न खोज्दै छन् हौ ! अब विचार गर्नुपर्छ है ! अस्ति सीताराम अधिकारीको मलामीमा त दुई घर आएका थिए । आज त एउटै घरका पनि छैनन् । यिनेरले सल्लै गरेजस्तो छ है साथीहो !' अच्युत ढुङ्गेलले भने । यो कुरा कानमा परेपछि शमशेरले पनि मलामीतिर ठहर गर्ने गरी हेऱ्यो । 'हो, कोही पनि आएको थिएन । भोटेका घरमध्ये दुई घरमा त उसका सहपाठीहरू नै छन्' उ छक्क पऱ्यो ।

तेह्र दिनको कामभरि पनि कुनै भोटेको अनुहार शमशेरले देखेन । वल्लो पल्लो गाउँबाट जान्ने चिन्नेमध्ये पनि भोटे जाति एउटै

आएन । भोटेको नाउँमा उसको गोठमा दूध ठेक्का गरेर व्यवसाय गर्ने दुईजना भोटे थिए । तिनीहरू सिवाय अरु कोही देखिएन । 'उनीहरूको बुद्धि आएन, तेह्रदिने शुद्धिशान्तिको भोजका लागि गाउँको सबै भोटेको घर पनि निम्तो गर्नू' शमशेरले अह्राएको थियो । तर त्यो निम्तो मान्न पनि कोही भोटे आएन ।

# छ

शमशेरका टाउकोमा सिङ्गै आकाश खसेको थियो । बाबुले घरमा बसेर आशीर्वाद मात्रै दिइरहँदा पनि उसलाई ठूलो हिम्मत थियो, केके न गरुँला भन्ने हौसला थियो । तर आज घरपरिवारको सम्पूर्ण व्यवहार उसको टाउकोमा आइपुगेको थियो ।

रनमायाले छ सात दिनसम्म त छिनमा होस र छिनमा बेहोस हुँदै बिताइन् । कान्छी छोरी मीठु टाँसिएर 'आमा ! उठ न, बोल न' भनिरहँदा मीठुको मोहमै बूढीले आफुलाई सह्माालिन् ।

'कस्तो छल गऱ्यौ नि बूढा ! तँलाई अघि लाएर म पछिपछि आउँछु, म गएँ भने तैँले रोएर अपहत्ते गर्छेस् भन्ने पीर छ मलाई भन्थ्यौ' बूढी रनमाया रुँदै भन्दै गर्थिन् ।

हुन पनि गोपालसिंहले रनमायालाई औधी माया गरेका थिए । रनमायालाई चारपल्ट हाच्छिउँ आयो भने बूढा छोरी बुहारीलाई बोलाएर बेसार पानी पकाउन अह्राउँथे । रनमायालाई नानी पाउने व्यथा बीमारी लागेपछि गोपालसिंह अतालिन्थे । सुँडिनीहरू बोलाएर बच्चा नजन्मुन्जेल आफु ढोका कुरेर बस्थे । त्यसपछि आफ्नै निगरानीमा रनमायाको खानपिनको बन्दोबस्तमा गोपालसिंह जुट्थे । तीन महिनासम्म पुरै सुत्केरी ब्यवहार गरेर रनमायालाई बलियी नबनाउन्जेल गोपालसिंहको अर्को काम केही हुन्थेन । बूढाको त्यसबिघ्नको स्याहारसम्भारले पनि होला सातओटा सन्तानकी आमा हुँदा पनि

रनमायाको शारीरिक तन्दुरुस्ती गजबको थियो । सुत्केरी हुँदा कुनैदिन तेल लगाउने सुडिनी आइन भने बूढा मान्छे आफै पनि तेल लगाइदिन्थे । भारी जीउ भएपछि बूढा रनमायालाई आमाले गर्ने जस्तो माया गर्थे । त्यसरी स्याहारसम्भार पुगेरै होला उनको कोखको एउटै सन्तान पनि अधिंग्रो गएन ।

अब गोपालसिंह छैनन् । रनमाया उनन्चास वर्षकी भइन् । बूढाबूढीबीच चार वर्षको जेठकान्छी थियो । यस हिसाबले बूढा त्रिपन्न वर्षका भएका थिए । असी वर्ष नाघेर मात्र परलोक गएका बाबुबाजेका सन्तान उनी साठी वर्ष पनि नपुगी बित्लान् भन्ने कसरी सोच्नु !

बिहे गर्दा गोपालसिंह एक्काइस वर्षका थिए र रनमाया सत्रकी थिइन् । वैवाहिक जीवनको बत्तीस वर्षसम्ममा उनका बा खस्ने वेलामा परदेश गएको बाहेक गोपालसिंह एकै रात पनि अर्को कोठामा सुतेनन् । सुत्केरी भएताका पनि एउटै कोठामा ओछ्यान फरक गरेर सुत्थे उनी । रनमाया माइत गएर बस्ने कुरै गर्न पाउँदिनथिन् । रनमायाकी आमा परलोक भएपछि पनि गोपालसिंह उनलाई सँगै लिएर गए र उनी बसुन्जेल सँगै बसे पनि । 'रनु ! तँविना एकै पल पनि बस्न सक्तिनँ म' गोपालसिंहले भनेका कुरा सम्झन्छिन् रनमाया । 'तर खोई उता जाँदा त थाहापत्तो पनि दिएनन् निष्ठुरीले, यस्तो एक्लो जीवन पनि बाँचुँला भन्ने पटक्कै सोच्न सकिनछु, एक्लै बस्न पो कहिले दिए र छलीले' रातभरि अनिद्रामा अनेक तर्कना आउँछन् रनमायालाई ।

'रनु ! किन रुन्छेस् म त सधैँ तँसँगै बसेको छु, कस्ती लाटी ! तँविना मलाई कसरी हुन्छ भन् त ! पहिलेपहिले त छोराछोरीले के भन्लान्, जोरीपारीले पनि बिग्रेको बूढो भन्लान् भनेर म तँसँग अँगालो मारेर बसिरहन पाउँदिनथेँ, तर हेर हिजोआज जतिखेर पनि म तँलाई अँगालो मारेर तैँसँग टाँसिएको हुन्छु । मेरी प्यारी ! अब कहिल्यै नरो

है ! नत्र म तँसँग बस्तिनँ, मलाई तँ रोएको देख्ता सारै पीर पर्छ । तर हेर् मैले जति कोशिश गर्दा पनि तँलाई जति सम्झाए पनि तँ मेरो कुरै सुन्दिनस् । मलाई तेरो व्यवहारले दिक्क लागिसक्यो । प्यारी ! भोलिदेखि तिमी सधैँ हाँस है । मलाई तिम्रो उज्यालो अनुहार मन पर्छ ।' रनमाया झल्याँस्स भई । धेरै रातपछि आज रनमाया निदाएकी थिई । ब्यूँझँदा बिहान रिमरिम भएको थियो । 'अहो ! कस्तो मजाले सरसाउँदो गरी बात मारे बूढाले, बितेकै छैनन् जस्तो ।' केहीबेर बूढीले आफुले देखेको सपना हो कि विपना सोचिरहिन् । विगतका सबै कुरा सम्झँदै ल्याइन् । 'बूढा काँ हुनु र विपनामा, खरानी भएको पनि वर्षौं हुन लाग्यो' बूढीले ठहर गरिन् ।

बूढालाई सम्झनेबित्तिकै रनमायाको मन भरिएर आयो, आँखा पनि रसाउन खोजिहाले । 'तँ रोएको देख्ता सारै पीर पर्छ, सधैँ हाँस् है' सपनामा बूढाले भनेको रनमायाले झट्ट सम्झिन् । 'बिहे गरेपछिका दिनहरूमा जस्तै कस्तरी अँगालोमा कसेका थिए, मान्छे पनि कस्तो जवान भरभराउँदो देखेँ' सपना कल्पिरहिन् बूढी मान्छे । 'म आजदेखि रुँदै रुन्नँ, उनी मसँग छन् भनेका छन्, म किन रुनु !' त्यसैवेला रनमायाले निश्चय गरिन् ।

नभन्दै रनमायाले आँसु सुकाइन् । छोराछोरी र बुहारीलाई पनि आफुले देखेको सपना सुनाइन् रनमायाले । सपना सुनाउँदा सुनाउँदै भक्कानिएर आएको थियो उनलाई । तर उनी रोइनन् ।

•

खोइ दैव पनि कस्ता छन् ? लट्ठी हान्न थालेपछि एकै ठाउँमा हानिरहन्छन् । चैतको उराठलाग्दो दिन थियो । धनमाया उसको कान्छो देवर साथमा लिएर टुप्लुक्क आइपुगी । आमा र भाउजूलाई ढोग गरेर चुपचाप बसी । दाजु चाहिँ गोठैमा थियो । आमाका छेउमा बसेकी धनमाया विस्तारै सुकसुकाउन लागी । आमा छक्क । भाउजू

छक्क । 'के भयो धनमायालाई ?' धनमायाको देवर कान्छाको अनुहारमा दुवैले एकैचोटि हेरे, शङ्करको अनुहार पनि मलिन थियो । उ पनि निहुरेरै बसिरह्यो, केही बोलेन । 'कतै ज्वाइँसँग त झगडा भएन ! ज्वाइँले केही विज्याइँ पो गरे कि ! लोग्नेमान्छे, उमाथि पढेका, सरकारी अफिसर, अफिसमा कुनै केटीसँग पो सल्के कि !' आमा र भाउजूका मन:स्थितिमा किसिमकिसिमका कुरा आए गए । 'ए ! के भो हँ, छोरी धन किन चित्त दुखायौ ?' बाउ चाहिँ खसेकामा मैले शोक गर्दा पनि मलाई सम्झाउने, धर्मशास्त्र, गीता सुनाउने छोरी हो धनमाया । उ सितिमिति त शोक गर्दिनथी !' बूढीको मनमा पीर सलबलायो । 'धनु ! के भो छोरी ! किन पीर गरिस् ! हे भगवान् ! के आपत् पऱ्यो होला मेरी जेठीलाई !' रनमायाले भनिन् । तर धनमाया झनै रुन लागी । केही भन्दिन । 'धन नानी ! किन यस्तो गरेको ? बल्लतल्ल आमाका आँखामा आँसु ओभाएको छ । अब केको पीर ल्यायौ नानीले ? हामीलाई दशै लागेको छ, हे भगवान् !' सुनकेस्रीले भनी र लामो सास तानेर ओठ गोलो पारेर बिस्तारै अलिअलि सुसेलेको तालमा खुइय काडी । आमासँग अँगालो मार्दै रोएकी धनमाया अब भाउजूपट्टि फर्केर भाउजू चाहिँलाई नै अँगालो मार्दै उसैको काखमा मुन्टो लुकाएर घोप्टी । अझै केहीबेर रोइरही धनमाया । सबै किङ्कर्तव्यविमूढ । साहिँली सुनमाया, माइलो विराज, कान्छो हीरा र सानी मीठु पनि स्कूल गएका थिए । माइलीले बिहेको कुरा छिनेपछि पढ्न छोडेकी थिई । शमशेर गोठकै कामले बजारतिर गएको थियो । त्यसैले यसवेला धनमायाको नखुलेको पीरको व्यथा भोग्ने रनमाया, सुनकेस्री र राममाया मात्रै थिए । गानेगुने हर्कली सुन्दै थिई । उ त्यहाँ थिइन, भान्सामा बेलुकीको तयारीमा जुट्तै थिई ।

'आमा ! ज्वाइँको नोकरी छैन अबदेखि । उसलाई हिजोदेखि काममा नआउने चिट्ठी दियो' धनमायाले निकै बेरपछि कुरा खोली 'हेर्नू नि उनी त पीरले एकै दिनमा आधा भइसके । विस्तरामा गुटुमुटु

भएर सुतेका सुत्यै छन् । घरमा पनि कसैसँग बोलेका छैनन् । अफिसबाट आएर मलाई चिट्ठी दिएर सुतेका मान्छे बोल्दै नबोली सुतेका छन् । म त के गर्नु गर्नु भएँ नि । हिजो राति बाबाले जबर्जस्ती उठाएपछि उनले भात खाए । आज बिहान पनि भाग मात्रै बसे ।' उदास अनुहार पारेर धनमायाले आफुभित्रको बोझ बाहिर निकाली । 'ओहो ! त्यत्रो ठूलो अफिसरी कसरी गयो ? ज्वाइँ भलाद्मी मान्छे, जाँडरक्सी भनेपछि छुँदै नछुने । सरकारले विश्वास गरेरै ठिङ्ग्राफ बनाएको थियो होइन धन ?' रनमायाले आश्चर्यचकित हुँदै छोरीलाई सोधेकी थिई । 'आमा ! तिमेरुलाई यहाँ घरमा के थाहा आजकल नेपाली जति सबै सरकारी कर्मचारीहरूलाई पनि कामबाट एउटा एउटा निहु गरी झिक्तै छन् । ज्वाइँको भन्दा एक दर्जामुनि रोङथोङ भन्ने भोटे छ हो त्यसलाई नि बढुवा गरेर ज्वाइँको कुर्सीमा बसालि पनि सकेछ । 'बाँकी ग्रेर्जोटी पैसा र केके जातिको पाउने पैसा पनि छिट्टो झिक्नू, नत्र त्यो पनि पो नदिनु सक्छ' भन्न आज बिहान ज्वाइँकै अफिसको बडाबाबु खाने शिव आएको थियो । उसैले पो भनेको ज्वाइँसित, 'दाजु ! पीर नगर्नूँ, अब सरकारी काममा हामी नेपाली जतिको भोग पुगेजस्तो छ, हामीलाई पनि कतिदिन र कुनदिन झिक्छ थाहा छैन । हिजोआज सबैतिर यिनीहरू आफ्ना मान्छे मात्र भर्दै छन्' उनीहरूको कुरा सुनेर म त छक्क परेँ । अब के गर्नु के भन्नु म त छक्क परेँ । अफिसर भएर इज्जतले हिनेका मानिस उनको मन कसरी बुझाउनु !' धनमाया पुनः शोक गर्न लागी । रनमाया, सुनकेस्री र राममाया कथा सुनेझैँ एकनास धनमायाका कुरा सुनिरहेका थिए । धनमायाको देबर केटो एउटा कुनै किताब हातमा लिएर पढेजस्तो गर्दै पन्ना पल्टाउँदै थियो ।

'के गर्नु नानी ! सबै भाग्यकै खेल हो, हाम्रा निधारमा छैटीका दिन लेखेको मात्रै हुन्छ, अरुले जतिसुकै देखे पनि केही हुँदैन । ज्वाइँले अब कुनै इलममा लाग्नुपर्छ नि, त्यत्रो पढेको मान्छे, आफ्नै काम

खोलेर अघि लाग्नुपर्छ' असह्य मौनतालाई छिचोलेर सुनकेस्रीले आफुलाई प्रौढतोन्मुख तुल्याई । सुनकेस्रीका कुराको कसैले केही प्रतिक्रिया दिएन ।

खाजा आएर धनमाया गइहाली । हेर्दा नजिकै जस्तो देखिए पनि जाँदा ओरालो र चाँचेखोलो तरेपछि लगातार उकालिनुपर्दा किकोरथाङको बोक्रे पुग्न पूरै दुई घण्टा त लागिहाल्छ ।

'सुन्नुभो ?' सधैँभन्दा अबेर रात आएको शमशेरलाई राति ओछ्यानमै सुनकेस्रीले भनी । 'के भयो हँ' शमशेरलाई आज सुनकेस्रीको शब्दमा धेरै पीर लुकेजस्तो आभास भएकोले शमशेर थाकेको शरीरमा आइसकेको निद्रालाई पन्छाएर चनाखो भयो । 'के कुरा भन, आफ्नै व्यापार सिवाय के सुन्नु र मैले !' केही ठटचौली हुन खोज्दै शमशेरले भने । 'धन नानी दिउँसो उनको कान्छा देवरको साथमा आएकी थिइन् । ज्वाइँलाई नोकरीबाट झिकेछन् । कस्तो पीर गरिन् बिचरा धन नानीले' सुनकेस्रीले एकै सासमा भनी सकी ।

अबेर घर आएकोले सबै आआफ्ना कोठामा पुगिसकेका थिए । लोग्नेलाई भात कुरेर बसेकी सुनकेस्री मात्रै जागा थिई । नत्र आमाबाटै यो कुरा शमशेरले सुन्ने थियो । पहिलोपल्ट यस्तो डरलाग्दो समाचार लोग्नेलाई सुनाउँदा सुनकेस्री केही आत्तिएकी पनि थिई । 'हन, के भन्छे यो केसु ! ज्वाइँको त ठिङ्ग्राफ जस्तो ठूलो सरकारी नोकरी हो, कसरी जान्छ ?' विस्तरामा ढल्किसकेको शमशेर सुनकेस्रीका कुरा सुन्दा विजुलीको करेन्टले झस्केझैँ गरी जुरुक्क उठेर बस्यो । त्यसपछि दिउँसो नन्दको मुखबाट सुनेजति सबै कुरा सुनकेस्रीले लोग्नेलाई सुनाई । सबै कुरा सुनेपछि शमशेर डङ्ग्रङ्ङ विस्तरामा ढल्यो । उसको सारा शरीर गलेर आयो । शमशेरलाई सानो कुराले त ठूलो पीर पर्छ । त्यसैले भात ख्वाइसकेपछि मात्रै सुनकेस्रीले यो समाचार सुनाएकी थिई । 'नत्र आज आमाकै जस्तो विजोक गरेर भात मात्रै छुन्थे यिनले पनि' सुनकेस्रीले शमशेरलाई हेर्दै मनमनै भनी । 'केसु ! भोलि बिहान सबेरै भात पकाऊ है ! मेरो डम्फुबजार जानु पनि छ,

बोक्रे पुगेर ज्वाइँलाई पनि भेटीवरी आउँछु । अब यी नाककटाले हामीलाई काम गरेर पनि खान दिन्छ जस्तो छैन है केसु ! आज सिङ्गेदाजुले भनेको गोठमा ती दुई दूध ठेक्का गर्ने भोटे केटासँग साथ लागेर रमीतलाग्दा मानिस आउँछन् रे, सिङ्गे दाजुलाई हप्काएर रिसाएर दूध लिएर जान्छन् रे । कता हो कुनै घरमा यस्तै आउजाउ गर्दै गरेको एउटा भोटेले जम्मै जिनिस गुटमुटचाएर राति सबै निदाएको वेला घरमा आगो लगाएर बेपत्ता भएछ । त्यो त कसोकसो चाल पाएर मान्छेको ज्यान बाँचेछ । पुलिसले पनि रिपोर्ट लेख्न मानेन अरे । के हुन खोज्दै छ, केसु !' आफ्नो छातीमा टाँसिन आइपुगेकी पत्नीको टाउको मुसार्दै निराश स्वर निकालेर शमशेर बोलेको थियो ।

त्यसरात ती दुवै यस्तै कुराकानी गर्दागर्दै निकै अबेर मात्र निदाए । सुनकेस्रीले सपना पनि डरलाग्दोडरलाग्दो देखी । बिहानीपख तर्सेर उ फेरि लोग्नेसँग टाँसिएर सुती । त्यही पनि त्यस सपनाको भयले उसलाई निद्रा लागेन । निदाएको शमशेरसँग गाँसिएर आफ्नो डर कम्ती पार्न खोजिरही । तर त्यसवेला पनि डरलाग्दो सपना मात्रै सम्झिरही उसले ।

# सात

'ज्वाइँ अब पिरिएर पो के गर्नु र ! कुनै उपाय भए गरौँ, नत्र साहससँग कुनै आफ्नै इलम गर्नुपर्छ । तपाइसँग सबै चीज छ, त्यति चिन्ता नगरे पनि हुन्छ । हजुर जस्तो विद्वान्, मेहनती र अनुभवी कर्मचारी पनि भन्दैन भने यो सरकारले अब कसलाई चैँ राम्रो गर्ला हो !' बोक्रेमा धनमायाका घरमा पुगेर निकै बेर ज्वाइँका सामुन्ने बस्ता पनि नबोलेको ज्वाइँलाई शमशेरले भनेको थियो । 'जौँ उतै बडहरेतिर अलिदिन । नीरपोखरी गोठतिर पनि दुई भाइ सँगै जाउँला, हजुरको मन पनि बहलिन्छ, म त लिनु पो आको' झोक्राएको ज्वाइँलाई ढाढस दिन खोज्दै भन्यो शमशेरले ।

'दाजु ! मलाई कतै जानु मनै लाग्दैन । सबैले कुरिकुरी गरेजस्तो लाग्छ । सरकारको नमकको सीधा गर्दाहुँदी कसैलाई पनि काखापाखा गरिनँ । कत्तिले ललाइफकाइ गरेर काम मिलाउन पैसा दिन ल्याउँदा पनि कहिल्यै लिइनँ । दाजु ! ती सबै ऐले खुच्चिङ गर्दै होलान् । म त कतै मुख देखाउन नहुने भएँ हो !' ज्वाइँले अन्त:पीडा पोखेर भने ।

'आम्मै नि ज्वाइँ पनि !, हजुरको त कुनै गल्ती छइन नि । अब यो सरकारको नमकको सोझो गर्नेकै यसले भलो गर्दैन भने त यो सरकारकै मगज बिग्रेको छ । हजुरले शरम मान्नुपर्ने त म केही देख्तिनँ है । गरेर खाएर, झन् देखाइदिनु पो पर्छ ल । निराश हुनु हुँदैन । उमेर छ, धन पनि छ, बिद्या छ, सीप पनि छ । एउटा नोकरी रहेन केही छैन । हिम्मत गरेर काम गर्नुपर्छ । आफ्नो शिर आफै

उठाउनुपर्छ, किन झुकाउनु ज्वाइँ ! हजुरले ?' शमशेरले जोशिलो पाराले ज्वाइँलाई साहस दिन खोज्यो ।

'खोइ दाजु ! उ त तीन दिनदेखि कतै त गाको छैन हो, यत्तिकै विस्तरामा लम्पसार परेको पऱ्यै । आजु तिमीसँग त बोल्यो पो । घरमा त उसको नोकरी गाको भन्दा पनि उसको बेबहारको पो पीर परेको छ । बाबा र आमा पनि कस्तो पिरिनुभएको छ । आज पल्लो घरमा सत्यनारायणको पूजा लगाउने भनेर बिहानैदेखि उतै जानुभएको छ' धनमायाले आफुभित्र लुकाएको पोइको पीर दाजुलाई पोख्तै भनी ।

'तिमीले नोकरी खाएको भए पो पीर बुझ्छौ' पतिले पत्नीलाई भन्यो । त्यसपछि त्यहाँ कुनै कुरा भएन । शमशेरलाई पनि ज्वाइँलाई अरु ज्यादा केही भन्न मन लागेन । 'शमशेरले पनि नोकरी त खाएको छैन' ज्वाइँले स्वास्नीलाई भन्ने निहुले उसलाई पनि भनेको हो जस्तो लाग्यो शमशेरलाई । त्यसपछि शमशेरले पनि अँध्यारो अनुहार पाऱ्यो । धनमायाको अनुहारमा अझ अँध्यारो थपियो । ज्वाइँको अनुहारमा उज्यालो सुरुदेखि नै थिएन ।

'धन ! तँ र ज्वाइँलाई लिएर आउनू भनेर आमाले पठाएकी छिन् । मैले ज्वाइँलाई पनि अघि नै भनिसकेँ । ज्वाइँको मन पनि अलि फुक्छ ।' शमशेरले प्रसङ्ग अन्तै पुऱ्याउन खोज्यो । धनमायाले पोइको अनुहारमा हेरी, आइमाई जात माइत जाने भन्दा अलिअलि रौनक पनि देखियो उसको अनुहारमा । 'बिहेको सोह्रदिने साइत बिताउन एक रात बाहेक ज्वाइँ कहिले पनि हाम्रो घरमा एक रात बसेको थाहा छैन मलाई । त्यो घर पनि हजुरकै हो जौँ हो आज ।' शमशेरले वातावरणलाई रसिलो पार्न खोज्दै ज्वाइँलाई हँसाउन खोज्यो । तर ज्वाइँको अनुहारबाट खुसी टाढै भागेजस्तो लाग्यो उसलाई । ज्वाइँले उसका कुरालाई पटक्कै सकारेनन् । 'अब यस्तो वेलामा..., दाजु ! आउनेजाने त पछिसम्म छँदैछ नि ।' ज्वाइँले सकेसम्म नरम हुन खोजेर भनेको थियो, तर वाक्यमा लुकाएर उसले खसालेको कठोरताले

कताकता दुख्न खोज्यो शमशेरलाई । 'अब के गरूँ त यी चटपटाउँदैनन्' शमशेर आफ्नै मनसँग बोल्यो । मनले पनि केही भनेन । 'अब म जौँ त धन ! ज्वाइँको राम्रो हेरविचार गर । बेपारका काममा माथि डम्फुबजारमा मेरो एकैछिन अलमल छ । म फेरिफेरि आउँछु' शमशेरले बिदा माग्यो । ज्वाइँले हत्तपत्त हात जोडेर बिदा गऱ्यो । धनमाया गाह्रो मानीमानी दाजुलाई बिदाको हात जोर्दै दाजुसँगै बरन्डामा निस्की । शमशेरले देख्यो, धनमायाका आँखाभरि आँसु थियो । ज्वाइँको नोकरीको भन्दा पनि ज्वाइँको र ज्वाइँको बेबहार देखेर बैनीको चिन्ता लाग्यो आज शमशेरलाई । उ धेरै बेरसम्म धनमायासँग बसिरहन सकेन । मन पोल्न खोज्यो । धनमायाको केशमा हातले बिस्तारै सुम्सुम्याएर उ केही नबोली फटाफट हिँडचो । पछि फर्केर हेरेन पनि ।

•

'ठूलो दाजु ठूलो दाजु ! छिट्टो घर आउनू अरे ! आमाले भनी पठाको !' हीराले आत्तिएर भनेको थियो । हीरा दौडँदै आएजस्तो थियो । निकै बेर स्वाँस्वाँ गऱ्यो उसले । शमशेर गोठमा आएको पनि धेरै बेर भएको थिएन । त्यसवेला बिहानको एघार बजेको हुँदो हो । 'आमाले किन लिन पठाइन्, भर्खरै त आमासँगै बसेर सुनकेस्रीले पस्केको भात खाएर आएको म' शमशेरले मनमनै सोच्यो । 'किन कान्छा ! के भयो, आमालाई सन्चो भएन कि के हो ?' प्रत्यक्षत: शमशेरले भाइलाई सोध्यो, तर भाइले जबाफ दिनुअघि नै उसको मनमा निकै कुरा आउन लागे 'राति सुनकेस्री भुँडी दुखिराख्छ हिजोआज भन्दैथी । आमा पनि बिहानीपख निक्कै खोक्तैथिन् । एकै छिनमा केके हुन्छ केके, बाउलाई पनि त सरसाउँदो छोडेर लास मात्रै भेटेको थिएँ ।' हीरा अझै स्वाँस्वाँ गर्दै थियो । दाजुको सोचमग्न अवस्था देखेर हो कि उ केही नबोली बसेको थियो । त्यसो त हीरा दाजुसँग बढी बोल्दैन, हीरा मात्र होइन सबै भाइबहिनीहरू उसँग बढी बोल्दैनन् ।

शमशेर पनि कसैसँग जिस्कने, फाल्तु कुरा गर्ने गर्दैन र उनीहरू पनि दाजुचाहिँसँग अदब राख्छन् ।

'ए घरमा के भो, किन बोलाइन् हँ आमाले ?' शमशेरले पुन: प्रश्न गऱ्यो ।

'मलाई केही थाहा छैन दाजु ! धनमाया दिदीको कान्छो देवर शङ्कर सोल्टी घरमा आएका छन् । सोल्टीले आमालाई कोनि के भन्नुभयो, आमाले भाउजूलाई बोलाएर भनिन् । त्यसपछि आमा र भाउजू दुवै रुँदै थिए । सोल्टी पनि रुँदै थिए । अनि आमाले मलाई तिमीलाई बोलाएर ल्याउनु पठाकी हुन् । सबै रुनु लागेपछि मैले त केही पनि सोध्नु डर लाग्योहो ।' हीराको कुरा सुनेर शमशेरको मन कुनै अनिष्ट कल्पनाले गर्दा ढक्क भएर फुल्यो । 'हे भगवान् ! के भयो नि !' अनिष्टको कुनै आकारप्रकार पनि आएन उसको कल्पनामा । 'धनमायाका वृद्ध सासूससुरामध्ये कसैलाई केही पो भयो कि !' उसको जिज्ञासालाई केही शान्त पार्न खोज्यो मनको टाठो पाउले ।

हीरा सुस्ताइसकेको थियो । सिङ्गेदाजुलाई केहीबेर गोठको सबै कामधाम अह्राइवरी हीरालाई अघि लगाएर उ घरतिर लाग्यो । झन्नै आधा बाटो पुगेपछि मनका तरङ्गहरूसँग सङ्घर्ष गर्दागर्दै झट्ट उसले सँगै हिँडिरहेको हीरालाई सम्झ्यो । हीरा कसरी घरमा थियो । उ त आठ बजे नै स्कूल गएको थियो । 'ए हीरा तँ स्कूलबाट किन छिटो घर आइस्, स्कूलबाट भागिस् ?' –प्रत्यक्षत: हीरालाई हकारेर सोध्यो उसले । हीरा हिँडाइको क्रममा नै असिनपसिन भइरहेको थियो । दाजु चाहिँको प्रश्नले गर्दा उसको अनुहारमा रातोपन बढ्यो र नाकमुन्तिरको भागमा थप पसिना देखा पऱ्यो । तर हीरा केही बोलेन । शमशेर धेरै बोल्दैन पनि । आज उ झनै बोल्ने स्थितिमा थिएन । तर 'हीरा किन स्कूलबाट छिटो आयो, भागेको हो भने राम्रो भएन' –उसको मनमा पीर थपियो । सधैँसधैँ घण्टाभर हिँडेपछि घर पुगिने बाटो आज दुई भाइले पौने घण्टैमा पार गरेका थिए । 'हीरा त

मभन्दा पनि छिटो हिँड्दो रहेछ ।' घरको कान्लामा पुगेपछि शमशेरले ठहर गर्दै हीराको फुर्तिलो शरीरमा आँखा पुऱ्याएको थियो । शमशेर भने आफ्नो दोहोरो काठीले गर्दा पनि हीराभन्दा बढी नै स्वाँस्वाँ गर्दै थियो ।

शमशेरले घरतिर चनाखो भएर कान तेर्स्यायो 'अहँ, कुनै चालचुल छैन ।' भान्साघरनिर पुगेपछि त्यहाँभित्र शमशेरले चियाएर हेऱ्यो, हर्कली चुलो पोत्दै थिई । त्यसपछि उ सरासर आमाको कोठातिर लम्क्यो ।

आमाका कोठामा हीराले भने झैँ निहुरमुन्टो लगाएर शङ्कर बसिरहेको थियो । आमा र सुनकेस्री पनि चुपचाप बसिरहेका थिए । माइली बहिनी राममायालाई त्यहाँ देखेन शमशेरले । शमशेरभन्दा अलि अघि नै हीरा त्यस कोठामा पुगिसकेको हुनाले शमशेरको उपस्थितिको पूर्व सूचना उनीहरूलाई भइसकेको थियो ।

'नानी ! हामीलाई दैवले फेरि ठग्यो' आमाले शमशेरलाई देख्नासाथ रुँदारुँदा सुन्निएका आँखा चिम्लँदै भनिन् । शमशेर आमासँगै बसिसकेको थियो । 'के भो आमा ! कुरा खोल न, कसलाई के भयो शङ्कर ?' शमशेरले आमालाई अङ्कमाल गर्दै शङ्करलाई प्रश्न गऱ्यो । शमशेरको प्रश्न सुनेपछि सुनकेस्रीले पनि घुँडामा लुकाएको आफ्नो टाउको उचाली –शमशेरले सुनकेस्रीका आँखामा पनि प्रश्नवाचक दृष्टि गाडचो । शङ्कर केही नबोलेर रुन लागेको थियो ।

'ज्वाइँले अपहत्ते गरेछन्' सुनकेस्रीले गहभरि आँसु पारेर भनी । सुनकेस्रीको उत्तर सँगसँगै शमशेरलाई एकपल्ट सारा संसारै अँध्यारो भएको जस्तो भयो । एकैछिन विचेत जस्तो हुन पुग्यो शमशेर । तर एकै छिनमा आफुलाई निद्राबाट बिउँझेको जस्तो पायो उसले । उ अब शङ्करछेउ पुगेको थियो । 'सोल्टी नानी ! के भनेको यस्तो, त्यस्तो विद्वान्ले यस्तो मूर्ख काम गरेको हुनै सक्तैन' शङ्करको हात समातेर शमशेरले भन्यो । शङ्कर शमशेरको हात समातेर आबाज निकाल्दै रुन लाग्यो । सोह्र सत्र वर्षको शङ्करलाई शमशेरले बालखलाई जस्तै

छातीमा टाँसेर अँगालो माऱ्यो । शङ्कर एकछिन रोइरह्यो । शमशेरले 'नरोऊ' पनि भनेन । शमशेरले शङ्करको टाउको र ढाड मुसारिरह्यो । शङ्करले पनि धक फुकाएर रुने मन रोएरै सकेजस्तो गऱ्यो । त्यसपछि शङ्कर शमशेरको अँगालोबाट बाहिर निस्क्यो ।

'राति कुनवेला गोठमा पासो लगाउनुभएछ, बिहान झिसमिसेमै भाउजूले बिस्तरामा नभेटेपछि घरका सबैलाई उठाएर खोज्दा गोठाला त्यो बिजोग देखेर चिच्यायो । हामीले हत्तपत्त डोरी काटचौँ । नारी छामेर बाबाले 'सकियो लीला सकियो अब' भनेर त्यसैवेला माया मार्नुभयो । तर गाउँघर सबैको सल्लाहले कुदाउँदै डम्फुको सरकारी अस्पताल पुऱ्यायौँ । अस्पतालको डाक्टरले जाँचपास गरेर बाबाकै कुरा ठहर गऱ्यो । पोस्टमार्टम गर्न लागेपछि सबैले आजै चार बजे त्यहीँ भेला भएर चाँचेखोला लाने सल्लाह भएपछि यता खबर गर्न त्यतैबाट म आएको ।' शङ्करले सबै कुरा भनिसक्यो । शङ्करको कुरा सुनेर शमशेरले नारीमा बाँधेको घडी हेऱ्यो– बाह्र नाघिसकेछ ।

'तिमीले केही खाको छैन होला, ए कोसु ! सोल्टी नानीलाई केही खुवाऊ' शमशेरले भन्यो ।

'ए जा ! हामीलाई ता केही सुद्धी नै आएन बिचरा नानी बिहानैदेखि घरमा त्यस्तो भएपछि भोकै त छन् नि । जाऊ बुहारी ! झट्टै तातो बनाऊ' रनमायाले पहिले नै त्यति कुरा पनि सम्झन नसकेकोमा आफुलाई धिक्कार्दै बुहारीलाई अह्राइन् !

'होइन आमा ! मलाई केही खानु मन छैन । केही पर्दैन, भाउजू !' उठ्न लागेकी सुनकेस्रीलाई हेर्दै शङ्करले भन्यो ।

'नानीले कस्तो कुरा गरेको ? म पुरी तरकारी बनाएर ल्याइहाल्छु ।' सुनकेस्री भान्सा पुग्न हतारिएर ढोकामा पुगी ।

'नाइँ भाउजू ? केही नपकाउनुहोस्, मलाई खानु मनै छैन, भोक पनि लागेको छैन, बरु दाजु ! हामी छिटो गरेर निस्कि पो हालुम्

कि ! यस्तो वेलामा के खाने ? दाजुलाई घाटमा ल्याउनुअघि नै एकचोटि घरमा पुगेर भाउजूलाई दाजुले भेटेर पो जानु हुन्छ होलाहो । भाउजू बिहान नै बेहोस हुनुभएको थियो । आमाको पनि जीउ उतिसारो सन्चो थिएन । घरमा कोही थिएन ।'

शङ्करले हतारिँदै बेबहारका कुरा गरेपछि शमशेरले पनि बहिनीलाई सम्झ्यो । अस्तिका दिन मात्रै उसको रातो सिउँदो सँगैको केश मुसारेको आफ्नो हात हेऱ्यो । 'धनसँग को छ त ?' उसले शङ्करलाई सोध्यो ।

'धनलाई सह्माल्न भनेरै मैले साहिँलालाई साथ लगाएर माइलीलाई उता पठाइदिएको छु जेठा !' रनमायाले भनिन् ।

'ए ! त्यसो भए त ठीक छ' शमशेरले आमाको कुरामा सही थप्यो ।

'बुहारी बेलुकी जमाएको दही राम्रो छ, दही च्यूरा र कोला ल्याइदेऊ न साना ज्वाइँलाई, छिटो पनि हुन्छ, कोलासँग दही च्यूरा अडिलो पनि हुन्छ पेटलाई ।' –रनमायाले ढोकामा उभिएकी बुहारीलाई आदेश दिइन् ।

'होइन आमा ! केही पर्दैन, दाजु ! गइहालौँ कि ?' शङ्करले उठ्न खोज्दै भन्यो ।

'कस्तो कुरा गरेको सानो ज्वाइँ ! सद्गति नगरुन्जेल खाँदा हुन्छ, केटाकेटी मान्छे बिहानदेखिको खाली पेट, कलिलो उमेर, यत्रो बाटो हिँड्नु छ, जीउ त सल्याक्कै हुन्छ नि नानी ! त्यति दही चिउरा नखाई त हुँदै हुँदैन ।' रनमायाले जिद्दी गरिन् ।

झट्टैजसो उठ्न खोजेको शङ्कर रनमायाको मायालु जिद्दी र आफ्नो पेटको भोकको ज्वालाले पनि आक्रमण गर्दै ल्याएकोले बसिरह्यो । त्यसपछि उ केही बोलेन । सुनकेस्रीले झटपट दहीको ठेकी, चिउरा चिनीको भाँडा, केराको काइँयो र खानको लागि थाल

कचौरा पनि नाङ्लोमा राखेर ल्याइपुऱ्याई । भुइँ गलैँचाको एकछेउमा सर्दाम समेतको नाङ्लो राखेकी मात्र थिई रनमाया जुरुक्क उठेर अघि बढिन् र आफ्नै हातले थाल शङ्करको अगाडि राखेर चिउरा हाल्दै केरा ताछेर हाल्न लागिन् । सुनकेसी पानी लिन पुनः त्यहाँबाट बाहिर निस्की ।

शङ्कर केही नबोली खाइरह्यो र रनमायाले थपीथपी ख्वाइन् । भोकले त्यसबिघ्न खरिएको शङ्करले खान नमानेको देखेर बूढीलाई झनै शङ्करको माया लागेर आयो 'बिचरा नानी ! अतास्सिएर भोक पनि बिर्सेछन् ।' रनमायाले मनमनमा भनिन् ।

शमशेर र शङ्कर त्यहाँबाट हिँड्दा मध्याह्नको एक नाघिसकेको थियो ।

# आठ

'सान्नानी स्कूल जानै मान्दैनन्, म तपाइँको डर देखाएर पठाउँछु । तर बाह्र बजेको घण्टी पनि नबिती भागेर आउँछन् । मैले कतिचोटि गाली गरेँ, सम्झाएँ, आमाले पिटिन् पनि, सम्झाइन् पनि । तर अहँ उस्तै छ ।' त्यसैरात शमशेरले हीराको कुरा सुनकेस्रीलाई सोधेपछि सुनकेस्रीले जवाफ दिएकी थिई ।

'कति भो त्यसले यस्तो गरेको ?' शमशेरले चिन्तित हुँदै सोधेको थियो ।

'बा खस्नु भएपछिदेखि नै उ स्कूल जान मन नगरेको मलाई सम्झना छ' सुनकेस्रीले सम्झँदै भनी ।

'मलाई यो कुरा तिमीले पहिले नै भन्नुपर्दैन ? माइलाले पनि पढ्न मन गरेन, यो कान्छालाई राम्ररी पढाउन मन छ मलाई । बालाई छोराहरू धेरै पढाउने मन थियो । मैले पढिनँ भनेर मन दुखाएका थिए । आमा त कतिपल्ट मैले बाको चित्त दुखाएकोमा मसँग रोएकी पनि छिन् । अब यो हीराले पनि पढेन भने आमालाई ठूलो पीर पर्छ' शमशेरले पीर गरेर भन्यो ।

सुनकेस्रीले केहीबेर लोग्नेको अनुहारमा हेरिरही, केही बोलिन ।

'होइन, साना नानीलाई हामीले सम्झाउँदै मान्छन् होला, तिमीलाई घरको सबै कामको चिन्तामा किन उनको पनि पीर थप्नु ! हामीले नसके तिमीलाई भनौँला भन्ने आमाले र मैले सल्लाह गरेका थियौँ ।

कहिले के कहिले के एउटा न एउटा टाउको दुख्ने कुरामा तिमी परिरहेका छौ । त्यसैले पनि मैले नभनेको हो' –सुनकेसीले स्पष्टीकरण दिन खोजी ।

'भैगयो, म भोलि त्यसलाई सम्झाउँछु ।' शमशेरले कुरा सिद्ध्यायो ।

रात पनि निकै छिप्पिइसकेको थियो । त्यसपछि उनीहरूबीच केही कुरा भएन ।

'हीरा ! हेर स्कूल त तैँले पढ्नैपर्छ, तँ सानो छस्, तैँले ऐलेदेखि नै पढ्न छोडिस् भने पछि के गर्लास् । तँ आजुदेखि स्कूलबाट भाग्दैनस्, बुझिस् ।' बिहान शमशेर हीरालाई आफ्नो अघि राखेर सम्झाउँदै थियो । शमशेरले हीरालाई गाली गर्दै गरेन । शमशेरले हीरालाई फकाउँदै पढ्नुपर्ने, पढेर ठूलो नामप्रतिष्ठा कमाउनुपर्ने, अफिसर बन्नुपर्ने आदि सपना देखाइरह्यो । हीरा भने केही नबोलेर मुन्टो निहुराउँदै दाजुका अघि उभिइरह्यो । शमशेरले आफ्नो खाट अगिल्तिर उभिएको आफ्नो कान्छो भाइलाई धेरै बेरसम्म एकनास हेरिरह्यो । शमशेरभन्दा निकै कान्छो हीरा शमशेरको लागि सन्तानतुल्य प्रिय पनि थियो । यसवेला आफु अघि उभिएको बालख अवस्था पार गर्न लागेको हीराप्रति शमशेरको मनमा अगाध स्नेह पलाएर आयो । हीरा जन्मेको वेला उसका बाले खुसी भएर न्वारन नै नगरी कान्छाको नाम हीरा राखेको कुरा सम्झ्यो शमशेरले । शमशेरले आफ्नो नजिकै उभिएको हीरालाई समातेर तान्दै आफ्नो काखमा राख्यो । ठूलो दाजुले आफुलाई त्यसरी काखमा राखेको देख्ता छक्क पऱ्यो हीरा । हुन पनि केटाकेटीलाई त्यसरी काखमा हाल्ने किसिमको शमशेर थिएन । आज शमशेर स्वयं नै आफ्नो व्यवहारले छक्क पर्दै थियो । काखमा कान्छालाई राखेपछि शमशेरको भावनाको गङ्गामा बाढी आउन खोज्यो । उसले हीराका गालामा म्वाई खायो । हीरा झनै छक्क पऱ्यो । 'आज ठूलो दाजुलाई के भएछ, मलाई किन यस्तो गरेका होलान् !' हीराले मनमनमा आफैलाई सोध्यो । तर हीराको मनसँग कुनै जबाफ थिएन ।

'भन् त नानी ! तँ भोलिदेखि राम्रोसँग पढ्छस् हैन ? स्कूलबाट भाग्दैनस् हैन ?' शमशेरले कमलो आबाजले हीरालाई पुनः फकाउन खोज्यो । 'ठूलो दाजु !' हीराले सम्बोधन गर्‍यो, तर अगाडिका कुराहरू केही भन्न नसकेर चुप बस्यो । 'के भन्छस् भन् त' शमशेरले भाइको कपाल मुसारेर सोध्यो । हीरा बोलेन । अरु केहीबेर बोलेन । 'ठूलो दाजु ! म त्यो स्कूलमा पढ्नु त जान्नँ । त्यहाँ केजाङ, रिन्जिनहरू सबै मिलेर मलाई गिज्याउँछन् । उनीहरू सबै मिलेर रबिन, सुनील, रमेश, अम्बर, सावित्री, जमुना, पार्वती, शैलेश, विष्णु हामी सबैलाई गाली गर्छन् :

'नेपाली भतुवा भागी जा
आफ्नु देश भागी जा
हाम्रोमा बस्नु लाज लाग्दैन
अर्काको देशबाट गइजा !'

हामीलाई भेटेपछि यही गीत गाउँछन् तिनीहरू । हामीले किन हामीलाई यस्तो भन्छौ भन्दा हामीलाई जे पायो त्यसैले चुट्छ । अस्ति उनीहरूले हानेको ढुङ्गा लागेर अम्बरको टाउको फुटेर रगत आयो । हामी सबै हेड सरकोमा गयौँ, सबै कुरा भन्यौँ । हेड सरले केजाङलाई अफिसमा लगेर चुट्नुभयो । पछिबाट छिरिङ लोपेन र पेमा गुरुमाहरू गएर हेड सरलाई गाली गरेछन् । अनि छिरिङ लोपेनले हाम्रो क्लासमा आएर हामीलाई पनि चुटे' हीराले एकै सासमा सबै कुरा भनी सक्यो ।

'यस्तो सानो स्कूलमा यति ठूलो कुरा भएको पनि मलाई थाहै छैन । यो स्कूल बनाउँदा बा कत्ति खुसी हुनु भएको थियो । बाले त्यति धेरै चन्दा, सहयोग गरेपछि स्कूलको जुनसुकै क्रियाकलापमा पनि हाम्रा बालाई सोधेर सल्लाह लिइन्थ्यो । तर बा खसेपछि स्कूलको कुनै मिटिङ्गमा हामीलाई खबर नै गरेको छैन ।' शमशेरले मनमनै कुरा पैल्यायो र उसलाई भित्रैसम्म चिसो भयो । त्यसपछि उसले हीरालाई केही भनेन ।

'ओहो ! नानीहरू पनि यस्तो कुरामा आए भने त निकै नराम्रो हुन्छ ।' शमशेरलाई असाध्यै चिन्ता लागेर आयो । त्यसपछि हीरा दाजुको काखबाट उठेर गयो । शमशेर केहीबेर त्यत्तिकै चुपचाप बसिरह्यो । बिहानको आठ बज्दै थियो । 'ढिलो हुन लागेछ' उ बिस्तराबाट हत्तपत्त उठेर गुसलखानातिर लाग्यो । दैनिक क्रियाकै समयमा उसले ठहर गऱ्यो 'आज हीरालाई साथै लिएर स्कूलमा हेड सरसँग कुरा गर्नु जानुपऱ्यो ।'

'ए हीरा ! म पनि तेरो स्कूल जान्छु, ल हिँड, छिटो तयार पर !' शमशेरले आफु तयार हुँदै भन्यो । 'म स्कूलबाट फर्केर भात खान्छु' सुनकेस्रीलाई सूचना गरेर हीरालाई अघि लगाउँदै शमशेर स्कूलको लागि हिँड्यो । माने (गुम्बा) मास्तिरको डाँडामा स्कूल थियो । शमशेरको घरबाट स्कूल देखिन्थ्यो, तर त्यहाँ पुग्न चाहिँ आधा घण्टै लाग्थ्यो । स्कूलको घण्टी भने शमशेरको घरमा सुनिन्थ्यो ।

उनीहरू स्कूल पुग्दा पहिलो घण्टी पढाइसकिएको थियो र दोस्रो घण्टीका सर र गुरुआमाहरू कक्षा कोठातिर जाने तरखरमा थिए । शमशेर अफिस कोठामा भर्खरै पुगेको थियो । सर र गुरुआमाहरू पुराना एकदुईजना मात्र थिए । सबै अनुहार भोटेकै थिए । आफुले चिनेका सर, गुरुआमालाई खोज्यो शमशेरको दृष्टिले, तर त्यहाँ बिरानोकै सङ्ख्या धेर थियो ।

'शमशेर नानी ! बसौँ न, कति कामले आउनुभएको थियो हो' हेड सरले भोटे सर गुरुमातिर डराएका आँखाले हेर्दै औपचारिकताको निर्वाह गरे । शमशेर हेड सरको अगाडिको कुर्सीमा बस्यो । त्यति नै वेला स्कूलको घण्टीले दोस्रो घण्टीको सूचना घन्कायो । अप्रिय दृष्टिले शमशेरलाई हेरेर सबैजसो सर गुरुआमाहरू कक्षाकोठातिर लागे । 'के हो सर यस्तो ? खोइ पुराना गुरुमा र सरहरू कोही पनि छैनन् ? यी नयाँ जनावर मात्रै छन् नि के हो ?' शमशेरले एकान्त पाउनासाथ हेडसरलाई सोध्यो । हेडसरको अनुहारबाट डरको भाव अझै पूरै

रूपमा हराएको थिएन । उनी आफ्नो मेचबाट जुरुक्क उठे र प्रवेशद्वारमा पुगेपछि एकैछिन बाहिर निस्केर भित्र पसे । 'यिनीहरू कन्सुत्ले पनि लाग्छन्, के गर्नु नानी ! नोकरी खाएपछि, हिजोआज तरबारको धारमा छ नोकरी । पुराना सबै गुरुमा र सरलाई एउटा एउटा निहुँ गरी झिक्तै उनीहरूको मान्छे भरिसके उनीहरूले । अब मेरो पालो आउन बाँकी छ । खोई के गर्नु के गर्नु ! धेरै दिनको छैन मेरो पनि यो स्कूल अब । कति दु:ख गरेर यो स्कूल खडा गराएको थिएँ । तिम्रा बाले पनि कत्ति मद्दत गर्नुभएको थियो । एउटा शोकसभा गरौँ भनेको पनि यिनीहरूले मानेनन् । यो जात त जङ्गली नै जात रहेछ नानी !' बूढा हेडमास्टरले खुइय काडे ।

'हीराले भनेर आज थाहा पाएँ मैले त, पढ्नु नै छोडेछ उसले त । त्यही भएर कुरा बुझूँ भनेर आएको थिएँ म त । हीरालाई तपाइँको जिम्मा लगाउन मन थियो सर ! मलाई । म भाइले पढेन भन्ने पीरले गलेर आएको थिएँ । तपाइँको कुरा सुनेर म त चित परेँ सर !' शमशेरले आजित भएर भन्यो ।

'शमशेर नानी ! हिजोआजु हाम्रा नानीहरू त्यति सारो आउँदैनन् । आयो भने पनि उनीहरूका नानीले चुटेर लघार्छन् । मैले उनीहरूको नानीलाई त्यसको बदलामा सजाय गर्दा उनीहरू सबै सरहरू र गुरुमा पनि मलाई चारैतिरबाट घेरेर हप्कीदप्की गर्छन् । अझ कुनैकुनै वेला बेकसुर हाम्रा नानीहरूलाई नै पो यी गुरुमा सरहरू भएर चुट्छन् । खोई मैले त केही गर्न सकिनँ ।' भावविह्वल भएका हेड सरको अनुहारमा हेऱ्यो शमशेरले । बूढा हेडसरका आँखाबाट आँसु नै चुहियो ।

'नानी ! अब जानुहोला, के गर्नु परिस्थितिले गर्दा हिजोअस्तिसम्म स्नेह गरेर काखमा राख्नुपर्ने व्यक्तिलाई पनि यही मुखले गइहाल भन्नुपरेको छ । के गर्नु ... ऐले क्लास सकेर यिनीहरू सबैले मलाई घेर्छन् र सोद्धछन् के कुरा गरिस् भन्छन् ।' बूढाको आँखामा पुन: आतङ्कका रेखाहरूको प्रवेश भएको थियो ।

'सर ! म भरेतिर घरमा आउँछु ।' बूढाको आतङ्कमाथि आतङ्क थप्न शमशेरलाई मन लागेन । त्यसैले उ चुपचाप उठ्यो र त्यहाँबाट हिँड्यो ।

यसवेला घाम राम्ररी फैलिसकेको थियो । असोज महिनाको घामको गर्मी अब प्यारो लाग्न लागिसकेको थियो । स्कूलको मैदानमा आइपुगेर शमशेरले स्कूलपट्टि फर्केर हेऱ्यो । स्कूलको घामको टड्कारो किरणले स्कूलको छाना मुस्कुराएको थियो । उसको बाले रहर गरेर स्कूलको छानामा च्यादर हालिदिएको कुरा पनि उसको सम्झनामा ताजा भएर आयो । रमाइलो ठाउँमा स्कूल थियो । स्कूलको पूर्वी सिमानामा उनीहरूकै खेत पर्थ्यो । उसका बाले त्यस खेतको आमदानीमध्ये बीस मुरी धान स्कूललाई दिने गरेका थिए । त्यसैअनुरूप पोहोर बा खसेपछि शमशेरले नै हरुवालाई स्कूलको धान पुऱ्याउन पठाएको थियो । आफ्नो घरबाट समेत लगानी गरेको आफ्नै गाउँको स्कूल उसलाई आफ्नै जस्तो लाग्थ्यो । अरु उ र धनमाया बाहेक सबै भाइबैनीहरूले प्राथमिक स्तरको पढाइ यसै स्कूलमा गरेकोले पनि यस स्कूलप्रति शमशेरको आत्मीयता गाँसिएको थियो । तर आज हेड मास्टरको निरीह अनुहार र भोटे सर गुरुआमाहरूको उप्रतिको अप्रिय दृष्टि घरिघरि उसको मानस पटलमा आइरह्यो ।

हीरा उसको डरले पनि पढ्नको लागि स्कूलमै बसेको थियो । शमशेर भारी मन बोकेर घरतिर लाग्यो । उसको मनभित्र नमीठो पीडा भइरहेको थियो ।

•

त्यसबेलुकी शमशेर गोठबाट फर्कंदा घरमा अत्यधिक शान्ति थियो । उ सरासर आमाको कोठामा पुगेको थियो । आमाको बिस्तराको एक छेउमा हीरा सुतिरहेको थियो । हीराको टाउकोमा पट्टी बाँधिएको थियो । हीरालाई त्यस्तो अवस्थामा देखेर शमशेर अतालियो । 'धन्न मेरा कान्छाको आँखा फोरेनछन् असत्ती बजियाहरूले !' आमाले शमशेरलाई सुनाएर भनिन् र रुन थालिन् ।

# नौ

'नानी ! भित्रै बसौँ न है' हेड सर विमल शर्माले शमशेरलाई वरपर केही डराएको झैँ हेर्दै घरभित्र लगे ।

साठीको आसपास पुगेको उमेर, उमेरभन्दा बढी नै चाउरिएको अनुहार र धैरजसो फुलिसकेको कपाल भएको चार फुट छ इन्च जति उँचाइ र झोल्लिएको छाला देखा परेर विगतको हृष्टपुष्टताको बयान गरिरहेजस्तो देहका धनी विमल शर्मालाई शमशेरले आज गहिरिएर हेऱ्यो ।

'नेपालीहरू वीर हुन्छन्, अङ्ग्रेजहरू पनि नेपालीको साहसको कदर गर्छन् । त्यसैले अङ्ग्रेजी पल्टनमा पनि गोर्खा भनेर नेपालीलाई भर्ती गर्छन् ।' केटाकेटीमा शमशेरका हजुरबा शिवबहादुरसिंहले भनेको कुराको सम्झना भयो शमशेरलाई । आफ्नो पल्टने जीवनकथा सुनाउने क्रममा आफुले गरेको पराक्रमको कथा सुनाउँदा शिवबहादुरसिंह खड्काले आफ्ना पुर्खा र आफ्ना जातिकै वीरताका गाथा बालक शमशेरलाई धेरैपटक सुनाएका थिए । त्यसवेला यी कथाहरू उ बडो चासोले सुन्ने गर्थ्यो, तर हजुरबाको देहावसानपछि भने ती कथाहरू उसका हजुरबासँगसँगै अतीतमै विलीन भएका थिए ।

हेड सर विमल शर्माका आँखामा आतङ्कका रेशाहरू देख्दा र उनको भावभङ्गिमामा पनि डरत्रासका छायाहरू सलबलाएको देख्दा शमशेरले उसका हजुरबाले सुनाउनुभएको नेपाली वीरगाथा सम्झन

पुगेको थियो । 'हेड सर कतिबिघ्न डराउँछन्, आफुले काम गरेर, आफ्नै पौरख खाँदा पनि यसरी डराएर कसरी बाँच्नु !' शमशेरको मनमा तर्कवितर्क आउँदै जाँदै गरे ।

'अस्ति हीरालाई तिमीले त्यसरी स्कूलमा छोड्नु नहुने थियो नानी ! धन्न पो शान्ता गुरुमाले हीरालाई रगताम्मे भएको देख्नुभएपछि कुदाउँदै डिस्पेन्सरी पुऱ्याएर दवाई पानी गरेपछि पो घर पठाइदिएको । नानीलाई त्यति माथि सबै कुरा भनी पठाउँदा पनि, त्यो हीराको अनाहकमा टाउको फुटच्यो' –विमल शर्माले शमशेरसँग गुनासो गरेका थिए ।

'सर कत्ति लाछी कुरा गर्नुहुन्छ हो ! के त अब हामीले यिनीहरूसँग डराएर हाम्रा नानीहरूलाई स्कूल पढ्न पनि नजाऊ भनेर घरमा थुनेर राख्नु त । तपाइँ जस्तो मान्छेले हामीलाई पनि आडभरोसा दिनुपर्ने, तर तपाइँ त अझै हामीलाई नै पो तर्साउनुहुन्छ । हीराको टाउको फुटेकोमा भन्दा पनि हीरा जस्ता सबै हाम्रा नानीहरूले अब कहाँ पढ्ने ? मलाई त्यही मात्र चिन्ता छ । म त तपाइँसँग सरसल्लाह गरूँ भनेर पो आको । पढेलेखेको, उमेरले पाको अनुभवी भनेर मान्छु तपाइँलाई सर !' शमशेरले एक किसिमले जङ्गिँदैजसो भनेको थियो । बोल्ने क्रममा शमशेरको आबाज अलि माथिल्लो उचाइ पुग्न खोजेको थियो । शमशेरका कुराले विमल सरका अनुहारभरि डरत्रासका रेखाहरू तँछाडमछाड गरी डेरा बस्ने गरी आए । विमल सरले हत्तपत्त आफ्ना दुवै हात जोरेर शमशेरलाई नमस्कार गरे । त्यसपछि दाहिने हातको चोर औँलोले ओठ थुनेर चुपको सङ्केत गर्दै बिस्तारै बोले 'शमशेर नानी ! बिस्तारै बोल नानी ! भित्ताको पनि हिजोआज कान हुन थालेको छ । हेर मेरा तीन बैनी बिहे गर्ने उमेर पुगेका छोरी छन् । मभित्र तिमीसँग जस्तो जवान रगत पनि अब छैन । अस्ति भर्खरै पत्ताले स्कूलका एउटा सरले उनीहरूको विरोध गरेछन् । त्यसै बेलुकी ती सरको भर्खरै बिहा गरेर ल्याइएकी बेहुली

बेपत्ता भई । माइत पो पुगी कि भनेर खोज्न पुगे, तर माइती रित्तै पाए । बिचरा सर ठानामा पुगे, कतै केही पत्तो लागेन । नानी ! मलाई ती सरकी बेहुली मेरै छोरी थिई जस्तो लागेर पोलेर आउँछ । उनीहरूसँग हामीले के गर्नु ! जङ्गली छन्, जे पनि गर्छन् । विवेक छैन, आमा दिदीबैनी केही पनि भन्दैनन् नानी ! ....' विमल सर भक्कानिएर आए र क्वाँक्वाँ रुन लागे । शमशेर अवाक् भएर विमल सरलाई हेरिरह्यो । साठीवर्षे बूढा, छवर्षे बालख झैँ रोए ।

'होइन सर ! हामीले के गर्ने अब ? मैले त्यो कुरा मात्रै भनेको, यतिबिघ्न यिनीहरूले अत्याचार गर्दा पनि हामी चुप बस्नु हुन्छ त ?' शमशेरले बूढा रुन बन्द भएपछि भनेको थियो । तर बूढाले केही जवाफ दिएनन् । शमशेरले जबाफ पर्खिरह्यो, निकैबेर । त्यसपछि उसलाई विमल सरसँग यस्ता कुरा गर्नु भनेको बाहृ वर्ष सुकेको इनारमा बाल्टी हालेर पानी झिक्ने प्रयत्न गर्नु सरह लाग्यो । 'सर ! चिन्ता नलिनुस् केही हुँदैन, केही परे मलाई सम्झनुस् ।' शमशेरले त्यहाँबाट उठेर हिँड्न लागेपछि विमल सरको अनुहारमा हेरेर भनेको थियो । नसोची बोलेका हरफहरूमध्ये शमशेरले पछिल्लो हरप 'केही परे मलाई सम्झनुस्' पुनः मनमनमा दोहोऱ्यायो ।

'साँच्चै म के गर्न सक्छु त ?' उसको मनले आफैभित्र आफुलाई खोतलिरह्यो ।

•

'ठुल्नानी ठुल्नानी !' आधारातमै सिङ्गे दाजुको आवाजले शमशेरको निद्रा खुल्यो । एकैछिन उ अर्ध निद्रामै रह्यो । 'रातविरात कसैले बोलायो भन्दैमा एकै पटकमा बोल्नु हुँदैन, तीनपटक बोलाउन दिनू, चौथो पटकमा मात्रै बोल्नू,' उसकी आमाले बाल्यकालदेखि वारंवार भन्दै आएको कुरा शमशेरले झट्ट सम्झ्यो । त्यसैले कान थापेर उसले सुनिरह्यो र चौथोपटकमा जुरुक्क उठेर ढोका खोल्न

पुग्यो । तर अँध्यारै भएको कारण टर्चलाइट लिन उ पुनः आफ्नो सिरानीतिर पुग्यो ।

'के भयो, किन उठेको, के पेट विसन्चो भयो ?' सुनकेस्री भने भर्खरै मात्र बिउँझेकी थिई । 'बाहिर सिङ्गे दाजु आएका छन् ।' शमशेरले भन्यो । टर्च फेला पारेपछि टर्च बालेर घडी हेऱ्यो 'रातको दुई बज्दै रहेछ ।' सुनकेस्री पनि मनमा नाना भाँति अनिष्टका कल्पना जन्माउँदै लोग्नेसँगै ढोका खोल्न पुगी ।

'नानी ! सर्वस्व गरे पातकीले, ज्यान बचाएर आउँदै छु । निद्राको सुर थियो, दुईचारओटा वस्तु खोलेँ, अरु सबै भुसुक्क भए होलान्' सिङ्गेदाजु पिँढीमा बसेर टाउकोमा हात राखेर बोल्यो । शमशेरले केही सोधेन सिङ्गे दाजुलाई एकै छिन हेऱ्यो मात्र । त्यहीँ भएको एउटा मूढामा शमशेर र अर्कोमा स्वास्नी चाहिँ थ्याच्च बसी । कोही बोलेका थिएनन् ।

'मलाई तिनै दुइटाको करतुत जस्तो लाग्छ । आज पनि विनबित्थ अत्तो थापेर दागा धर्दै निस्केका थिए । कान्छा र मनवीरेलाई अधिकारी बाका घरमा खबर गरेर आगो निभाउँदै गर भनेर म दौडँदै आएको ।' सिङ्गे दाजुले केही दिनअघि गोठमा दूध ठेक्का गरेर लिन आउने उनै दुई भोटेका कुरा सम्झाउन खोज्यो । तर शमशेरले कुनै प्रतिक्रिया जनाएन ।

'हे भगवान् ! के सबै दशा अब हामीले नै भोग्नुपर्ने भो ? बिचरा मूक प्राणीहरूको के दोष थियो र ? कत्ति सकस पऱ्यो होला आगोमा सल्कँदा, कलिला बाच्छा र बाच्छी, पाडापाडी पनि बाँकी रहेनन् होला दाजु !' सुनकेस्रीले पिरिएर भनी ।

'तिमी चुप लाग, तिम्रो यहाँको मायापिरतीले तिनीहरूलाई बचाउनु त सक्तैन, बेकारको गफ किन गर्छौ ?' शमशेरले स्वास्नीलाई हकाऱ्यो । विनसित्तीको हकाराई पाएर सुनकेस्रीको मुख बन्द भयो ।

एकछिन त्यहाँ बसेपछि सुनकेसी उठेर आफ्नो कोठामा गई । मौनताबीच शमशेर र सिङ्गे दाजु केहीबेर त्यहीँ बसिरहे । शमशेरले स्वास्नीलाई हकारेको सुनेर सिङ्गे दाजु पनि झनै चुप लाग्नु स्वाभाविक थियो । 'दाजु ! तिमी पनि गएर सुत, अब ऐले डेढदुई घण्टा लाग्ने उकालो बाटो त्यहाँ हामी पुग्दा पनि केही काम छैन । भोलि सबेरै जानुपर्छ' शमशेरले सिङ्गे दाजुलाई नरम भएर भन्यो र आफु पनि आफ्ना कोठातिर लाग्यो ।

बिस्तरामा उभन्दा अघि नै पुगेर ढल्केकी थिई सुनकेसी, निदाउने कुरै थिएन । उ पनि बिस्तरामा ढल्क्यो । उ बिस्तरामा पुग्नासाथ सुनकेसीले उपट्टि ढाड फर्काई ।

'रिसाई, मैले दुनियाको रिस उसलाई किन झाड्नुपऱ्यो त, तर उ नै मेरो नजिककी हो, उसलाई त्यति भनेरै त केही आराम भयो मलाई' शमशेरले मनमनमा गुन्यो ।

रिसाएकी स्वास्नीलाई फकाउन अँगालो हाल्यो शमशेरले । सुनकेसी पनि लोग्नेको अँगाल्न आएको हातलाई समातेर आफ्ना गालाले थिचेर सुती । 'यो मलाई बुझ्छे, कति माया गर्छे' शमशेर ढुक्क भयो । त्यसपछि उसको आँखामा गोठ, आगो ... दूध ठेक्का गर्ने दुई भोटे केटा, कान्छा र मनवीरे गोठाला केटाहरू र चिन्ताको ज्वालामा दन्केको सिङ्गेदाजुको अनुहार आउन लाग्यो । 'यस्तो आधारातमा सिङ्गे दाजु त्यत्रो बाटो कसरी आयो होला, उसको जीउज्यान पनि आज बित्न सक्थ्यो' शमशेरको मानसपटलमा सिङ्गे दाजुको चित्र उभिइरह्यो ।

सिङ्गे दाजुको जन्म शमशेरकै घरमा भएको थियो । लोग्ने मरेपछि अलपत्र परेकी सिङ्गेकी आमालाई शमशेरका हजुरबा शिवबहादुरसिंहले आफ्ना घरमा आश्रय दिएका थिए । यस घरमा प्रवेश भएको महिनादिन पनि नपुगी सिङ्गे जन्मेको थियो । सिङ्गेको

न्वारनको नाम कसैलाई थाहा छैन, शायद स्वयं सिङ्गेलाई पनि थाहा छैन । सिङ्गेका निधारका दुई छेउमा जन्मैदेखि दुइटा टुटुल्का देखिएका थिए । ती टुटुल्का ठिक्क वस्तुका ठूटा सिङ जस्ता देखिन्थे । त्यसैले शमशेरका हजुरबाले बाल्यकालदेखि नै उसलाई सिङ्गे भन्न थाले । अन्तत: सिङगे सबैको सिङ्गे र सिङ्गे दाजु नै भयो । सिङ्गे चारपाँच वर्षको भएको थियो, सिङ्गेको मामा उनीहरूलाई खोज्दै आइपुगेको थियो । घरमा सिङ्गेकी हजुरआमा रोइरहेकी छ भनेर सिङ्गेकी आमा र सिङ्गेलाई सँगै लान खोज्यो । माइत जानको लागि सिङ्गेकी आमा झटपट तयार भई, तर सिङ्गे जान मानेन । आमाचाहिँले साथ लैजान लाख प्रयत्न गर्दा पनि उ विफल भई । अन्तमा सिङ्गेलाई यहीँ छोडेर उ भाइसँग माइत गई । त्यसपछि आमा चाहिँ फर्केर आइन । सिङ्गेले पनि आमा भेट्न मन गरेन । केही वर्षअघि साम्चीबाट मामा चाहिँ फेरि आएको थियो । यसपटक उसले सिङ्गेलाई उसकी आमा बितेको खबर सुनायो । सिङ्गेकी हजुरआमा अझै बाँचेको कुरा पनि मामाले सुनाएको थियो । अनि हजुरआमाको घिडघिडो नातिको मुख हेर्ने भएको कुरा पनि मामाले सुनायो । अर्थात् मामा चाहिँले सिङ्गेलाई आफुसँगै साम्ची पुगेर मरणासन्न हजुरआमालाई भेटेर आउन कर गऱ्यो । मामा रोएको देखेर, भर्खरैको मातृशोकमा डुबेको सिङ्गेले साम्ची जाने विचार गऱ्यो । शमशेरका बुबाआमासँग बिदा मागेर सिङ्गे साम्ची गयो पनि । तर मावलमा एकसाता मात्र बसेर उ फर्केर आयो ।

शमशेरका बुबा गोपालसिंह र सिङ्गेबीच चारपाँच वर्षको मात्र फरक थियो । गोपालसिंह र सिङ्गे बालसखा थिए । गोपालसिंह सिङ्गेलाई आफ्नो सहोदर भाइ जस्तो स्नेह गर्थे । सिङ्गेलाई पनि गोपालसिंह मालिक भएर पनि आफ्नै दाजु हुन् जस्तो लाग्दथ्यो । मावल पुगेर आएको सिङ्गेलाई त्यसवेला गोपालसिंहले सोधेका थिए 'ए सिङ्गे ! तँ किन मावल धेरै दिन नबसी आइस् हँ ?'

'त्यहाँको भाषा, खाना र मान्छे पनि मलाई अचम्मको लाग्थ्यो । त्यस्तो परचक्री ठाउँमा कसरी बस्नु मालिक ! मलाई त गएकै दिन फर्कन मन थियो, तर बूढी हजुरआमा नारीमा च्याप्प समातेर रुन्थिन् र बडो मुस्किलले यतिदिन बसेर आएँ' सिङ्गेले भनेको थियो ।

हुन पनि सिङ्गे दाजु कहिल्यै घर छाडेर गएका थिएनन् । सिङ्गे दाजुलाई आफ्नो यो घरबाहिरको दुनियाँसँग कुनै सरोकार थिएन । यो हर्कली खत्री क्षेत्रीकी छोरी हो । गोपालसिंहले कोक्रे गाउँमा आफै गएर मागेर सिङ्गे दाजुको बिहे गरिदिएका हुन् । दुवैमा असीम मायाप्रीति पनि छ । तर उनीहरूको सन्तान भने जन्मेका छैनन् ।

'कुखुरी ... काँ ...'

आफ्नै खोरका कुखुरा बासेपछि शमशेर तन्द्राबाट बिउँझेको थियो । शमशेर बिछ्यौनाबाट जुरुक्कै उठ्यो ।

सुनकेसी बिछ्यौनामै थिइ ।

# दश

घाम झलमल्ल लाग्दा सिङ्गे दाजु र शमशेर नीरपोखरी पुगेका थिए । उनीहरू पुग्दा गोठ घरको भित्तो र छानो थिएन । आगोले डढेका काला खाँवा र दलिन मात्रै थिए । बाटैदेखि बस्तुभाउका मर्मान्तक आवाजहरू सुनिँदै थियो ।

'ज्वाइँबाबु ! सर्वनाशै भएछ, हामीले पनि अबेरै चाल पायौँ । मान्छे जुट्न ढिला भयो । निकै नोक्सान भयो । यो नीरपोखरीमा यत्रो आगो लागेको पहिलोपल्ट हो' शमशेरलाई देख्नासाथ उसका ससुरा बूढा बोलेका थिए ।

सामान्य अभिवादनको काम सकेर शमशेर गोठको भग्नावशेषवरिपरि घुमेको थियो । कलिला हालसालै ब्याएका दुई बाच्छीहरू र तीन पाडाले प्राण त्यागिसकेका थिए । अलि छिप्पेका चार बाच्छाबाच्छी र तीन पाडापाडी अन्तिम सास लिने क्रममा छटपटाउँदै थिए । दुई माउ दुहुना भैँसी लडिराखेका थिए । चार माउ दुईवेते गाईको हलचल थिएन । बाकी बस्तुभाउहरू आगोले पोलेको डाहले चिच्याइरहेका थिए ।

'बाबु ! पल्लो बडहरेमा बस्तुको ओखती गर्ने डाक्टर छन् भनेको सुन्छु । अब हाम्राँ भएको घ्यूकुमारीले यत्तिका बस्तुभाउलाई कसरी पुऱ्याउने र ! अब बाँचेकालाई त बचाउनु नै पर्ला कि' नीरपोखरीकै माप्छान बूढाले भनेका थिए ।

‘हो नि, अब यिनको यत्तिकै विजोग पार्नु भएन’ वराल बूढाले पनि सही थापेका थिए ।

‘धन्न नि अधिकारी बाले सबैलाई डाकेकोले हारगुहार गर्दा यति बस्तु बाँचे नि हौ, नत्र काँ भेटिन्थ्यो यी दलिनका काठहरू पनि । सबै एकैसाथ खरानी भइसक्ने थियो नि’ खपाङ्गी बूढाले भने ।

‘कान्छा र मनवीरे आएर नभनेका भए मैले मात्रै कसरी थाहा पाउने र ? तै तिमरले पनि भरथेग गर्दिनाले यति गर्न सकियो । फेरि कुलो टाढा भैदिनाले पानी हाल्नै पनि कति गाह्रो भो । भैगो, ईश्वरको कृपा । जति सकियो उति गरियो’ अधिकारी बूढाले लामो खुइय काढ्दै जुँगा मुसारे ।

‘हन, मनवीरे त मान्छे भागेको देखेँ भन्छ नि, के हो हँ अधिकारी बा !’ वराल बूढाले साउती मारे ।

‘खोइ, कान्छा पनि भन्दै थियो । तिनै दुइटाको काम हो भन्दै थियो । मनवीरेले चैँ पछाडिबाट देखेको भन्छ । समात्ने थिएँ, आगोको लप्को देखेर आत्तिएँ र सिङ्गे दाजु र कान्छालाई उठाउन लागेँ । त्यसै मौकामा भागिगयो भन्छ मनवीरे ।’ अधिकारी बूढाले चिन्तित भएर भने ।

‘के भन्नुहुन्छ हो वराल दाजु ! मलाई त अब असाध्यै डर लाग्न लाग्यो । राति सुतेको वेला यिनले हाम्रै घरमा पनि आगो नलाउलान् कसरी भन्ने ।’ खपाङ्गीले पिरिएर भने । खनालका कुरा सुनेर अधिकारी र वरालका अनुहारमा पुन: सङ्कटको बादल थपियो ।

‘बा ! म मनवीरेलाई लिएर ओखती लिन पल्लो बडहरेतिर जानुपर्‍यो । कान्छा र सिङ्गे दाजु यतै छन् ।’ शमशेरले ससुरासँग अनुमति माग्यो ।

‘हुन्छ ज्वाइँ ! जानुस् म यता हेरदेख गर्छु । हुनुसम्म भैगो अब सुर्ता चैँ नगर्नुस् । भगवान्को इच्छा ।’ बूढाले ज्वाइँलाई ढाडस दिन खोजे ।

शमशेरले कुनै जबाफ दिएन । शमशेर विदा भयो, मनवीरे पछिपछि लाग्यो ।

'कस्तो इलमी केटो, के गर्नु दैवले परीक्षा लिँदै छन् । दुःख पाए बराले' माप्छानले पर पुगेको शमशेरलाई हेर्दै भने ।

'अधिकारी दाजुले ज्वाइँचाहिँ सारै गतिलो पाउनुभएको हो । कति धैर्यशाली मान्छे, यस्तो धैर्य जोकोहीसँग हुँदैन है । रूपरङ्ग पनि भगवान् रामचन्द्रको जस्तो । स्वभाव झनै राम्रो । यत्रो बित्यास पर्दा पनि पटक्कै विचलित छैनन् । मान्छे लच्छिनका छन् ज्वाइँ ।' वरालले अधिकारीको अनुहारमा हेर्दै शमशेर गएको बाटोतिर हेरेर भने ।

•

औषधि उपचार गरे पनि एउटै बस्तु पनि बाँचेन । घाउ निको नभएरै धेरैजसो बस्तु साह्रै दुःख पाएर मरे । मर्ने त मरे, तर औषधिमूलो गर्दा सिङ्गे दाजु, मनवीरे र कान्छाको सेवाशुश्रूषा देखेर भने गाउँ नै छक्क परेको थियो । डढेको गोठमा पाल टाँगेर बस्तुभाउ राखेर उनीहरू आफुहरू पनि त्यहीँ सुत्ने गर्थे । शमशेरले पनि यहीँ रात बस्ने जिद्दी गरेको थियो, तर सिङ्गे दाजुले मान्दैमानेन । त्यसैले शमशेर सबेरै भात खाएर आउँथ्यो र बेलुकी साँझ नपर्दै सिङ्गे दाजुको जिद्दीले गर्दा घरै फर्केर जाने गर्थ्यो ।

यस घटनाले गर्दा शमशेरलाई सिङ्गे दाजुप्रति अझ अगाध श्रद्धा पलाएर आएको थियो । बस्तुका घाउहरू दिनप्रतिदिन कुहुँदै जाँदा पनि पटक्कै झर्को नमानी आमाले आफ्नो सन्तान स्याहारेझैँ गरी सिङ्गे दाजुले वस्तुलाई माया गरेको देख्दा शमशेरको मन वारंवार पानी भएर पग्लने गर्थ्यो । तर यतिबिघ्न स्याहार गर्दा पनि एउटै बस्तु पनि बाँचेन । कुनैदिन दुइटा, कुनैदिन चारओटा, नत्र दिनको एउटाको दरले सबै बस्तु मर्दै गए । अन्तिम दिन पाङ्ग्रे गाई मर्दा भने सिङ्गे दाजु डाँको छोडेर रोए । 'असत्ती रहेछौ, जस्तै गर्दा पनि सबैले

छोडेर गयौ' सिङ्गे दाजुले रुँदै भनेको थियो । सिङ्गे दाजु रोएको देखेर शमशेरको मन पनि भरिएर आएको थियो । हुन पनि यतिको स्याहार गर्दा पनि एउटै बस्तु पनि उनीहरूले बचाउन सकेका थिएनन् ।

गोठमा अब सिङ्गे दाजुले दाम्लो खोल्न भ्याएका चार माउ गाई, डढ्न नपाएका काठपात र डढिसकेका खरानीका अवशेष मात्र बाँकी थियो । त्यसपछि त्यहाँ केही काम भएन र बाँचेका गाईहरू लिएर उनीहरू घर नै पुगे ।

चिराङ डाँडा पुगेको भोलिपल्टदेखि नै सिङ्गे दाजुलाई हनहनी ज्वरो आयो । झारफुक र गोली औषधिले पनि केही काम गरेन । केही नलागेपछि सिङ्गे दाजुलाई डम्फु अस्पतालमा भर्ना गरियो । डाक्टरको उपचार सुरु भएपछि भने सिङ्गे दाजुको ज्वरो ओर्ल्यो । टाइफाइडले गाँजेको सिङ्गे दाजुलाई शमशेरले वेलैमा अस्पताल नपुऱ्याएको भए कोनि के हुने थियो । त्यसवेला डाक्टरले सिङ्गे दाजुलाई यस्तै भनेको थियो । हुन पनि सिङ्गे दाजु बिरामी परेदेखि शमशेरले उसलाई एकैक्षण पनि छोडेको थिएन । शमशेरले सिङ्गे दाजुलाई यसरी हेरविचार गरेको देखेर रनमाया पनि छक्कै परेकी थिइन् । आफु बिरामी पर्दा यसो सामान्य खोजीनीति गर्ने शमशेरको बानीसम्म रनमायालाई पनि थाहा थियो, तर जेठाले सिङ्गेको यसबिघ्न हेरविचार गरेको देख्दा भने उनी अचम्मै परेकी थिइन् ।

शमशेरको निर्देशनमा घरपरिवार सबैको सद्भाव र हर्कलीको स्याहारसुसारले सिङ्गे दाजु पनि छिट्टै तङ्ग्रेको थियो ।

'दाजु ! म अब यसो बाहिरफेर हिँडडुल गर्नुपऱ्यो । गोठको काम पनि छैन । केही त गर्नुपऱ्यो । तिमीले आमा र घरपरिवारको हेरविचार गर्नू । तिमीलाई घर जिम्मा लगाएर हिँड्दा मलाई ढुक्क हुन्छ ।' एकदिन शमशेरले सिङ्गे दाजुलाई भनेको थियो । बाल्यकालदेखि आफ्ना घरखेतको काम गरेको एउटा गोठालो सरहको सिङ्गे दाजुलाई

हिजोआज शमशेरले बाबु सरह मान्यता दिन थालेको थियो । 'बस्तुभाउको त त्यसबिघ्न माया गर्ने यिनी मेरो परिवारको लागि आफ्नो प्राण दिन पनि पछि पर्नेछैनन्' शमशेरको मनले निर्णय गरेको थियो ।

'तिमीले आमाको राम्रो स्याहारसुसार गर्नू, भाइबैनालाई पनि राम्ररी सहृमाल्नू । मेरो निकै जरुरी काम छ । म भोलि रात बस्तै जान्छु' त्यसरात शमशेरले सुनकेस्रीलाई छातीमा टाँसेर भनेको थियो ।

त्यसक्षण शमशेरले भोलि एक रात मात्र घर नआउने कुरा गरेको थियो । बिहे गरेपछि लोग्नेसँग एकै रात पनि नछुट्टिएकी सुनकेस्रीलाई लोग्नेको कुराले नरमाइलो लाग्यो । 'आ ! भोलि एक रात त हो नि, अनि हाइहाल्छन् ।' सुनकेस्रीले आफ्नो मनलाई सम्झाउन खोजी । तर उसको मन किनकिन मानेन । उसलाई आजको रात लोग्नेसँग बिताउने अन्तिम रात हो जस्तो लागिरह्यो । त्यसैले उसका आँखा चिसिन लागे ।

'ए लाटी ! पर्सि त म आइहाल्छु । भोलि डुङलागाङमा हाम्रो मिटिङ छ । दिउँसोभन्दा राति नै सबैलाई फुर्सत र सुविधा पनि हुने भएकोले सबै राति नै भेला हुने भए' शमशेरले सुनकेस्रीलाई अँगालोमै बाँधेर भनेको थियो ।

'अनि केको मिटिङ नि, तपाईंको अफिस त छैन नि ?' सुनकेस्रीले पनि लाडिँदै लोग्नेसँग सोधेकी थिई ।

'म पर्सि भनूँला तँलाई । यो त्यस्तै कुरा हो ।' शमशेरले त्यसपछि सुनकेस्रीलाई बोल्न दिएन ।

शमशेर र सुनकेस्रीको मायापिरतीमा रात फुसुक्कै बितेको थियो ।

# एघार

नभन्दै त्यसपछि शमशेर घर फर्केन । दुईतीन दिनसम्म शमशेर घर नफर्केपछि सिङ्गे दाजुले डम्फु स्कूलमा गएर विराजलाई लिएर आए । विराजले डुङलागाङ गाउँमा गएर सोधखोज गऱ्यो । 'त्यसरात विनोद रिजालको घरमा झन्नै पन्ध्र जवान जति जम्मा भएका थिए । यो कुरा केकसोरी हो भोटेको कानमा पुगेछ र त्यसैरात ती सबैलाई झामझुम पारेर लगेको छ ।' डुङलागाङ गाउँको शमशेरका साथी श्रीरामका घरमा पुगेको विराजलाई श्रीरामका भाइ गणेशले भनेको थियो ।

'पक्रेका जति सबैको नाम थर ठेगाना टिपेर धमाधम तिनीहरूको घरमा आगो लगाउँदै उनीहरूको बिल्लीबाठ पनि पार्न थाल्यो अरे । विनोद दाइको घरबाट हिजै सबै भागिसके । पल्लो गाउँको शिव दाइ र बुद्धिमान दाइका घरमा आगो लगाइदिए रे ।' गणेशले डराउँदै भनेको थियो । 'विराज दाइ ! अब तिमी गइ पनि हालहो ! केही गरी उनीहरूले तिमी शमशेर दाइको भाइ भनेको थाहा पाए भने मलाई पनि पो ...' गणेशले हतारहतारमा भनिसक्यो । विराजले गणेशको अनुहारमा डर र त्रासको छायैँछायाँ मात्र देख्यो ।

त्यसपछि अतास्सिएको विराज बडहरे पुगेको थियो । बडहरेको घरमा पुगेर पिँढीमा थुचुक्क बस्यो विराज । आजभोलि रासोबासो चिराङडाँडामै सारिएकाले बडहरेको पुर्ख्यौली जग्गाजमिन सबै अधियामा दिइएको थियो । घरमा चाहिँ अधिया कमाउने रखाल माइलाको

परिवार बस्ने गर्दथ्यो । एउटा कोठा चाहिँ आफुहरू आउँदाजाँदालाई चाहिन्छ भनेर राखेको थियो । आउँदाआउँदै बाटैमा रात परेकोले विराज चिराङडाँडा नगएर बडहरे घरमा आइपुगेको थियो । उसको मन त चिराङडाँडाको घरमा आमाकै नजिक पुगेको थियो, तर बाटो डरलाग्दो र जङ्गल भएकोले एक्लै रातविरात हिँड्ने आँट उसले गर्न सकेको थिएन । एकमन रखाल माइलालाई साथै लिएर हिँडिहालूँ कि जस्तो पनि उसलाई नलागेको होइन । तर रखालमाइलाकी दोजिया स्वास्नी र भल्टचाङभुल्टुङ छोराछोरी देखेपछि विराजको थाकेको शरीर झनै थाक्यो । केहीबेर सिकुवाको खाटमै यसै पल्टयो उ । रखाल माइलाले सुत्ने कोठा खोलेर ओछ्यान मिलाइदियो । रखाल्नीले कत्ति कर गर्दा पनि उसले खाना खान मानेन । धेरै बेरसम्म रखालले कर गरेपछि बल्लबल्ल तीन कोसा भोटे केरा र एक गिलास दही मात्रै खायो विराजले । त्यसपछि विराज ओछ्यानमा पल्टयो । तर उसको थाकेको शरीरमा निद्रा थिएन ।

विराजका आँखामा रातभरि जसो ठुल्दाजुको पक्राउको समाचार, आमाको पिरिएको चित्र मात्रै नाचिरह्यो । केहीबेर कसोकसो उसका आँखा बिसाउन पनि खोजे, तर त्यसवेला पनि सपनामा 'विराज ! विराज ! हामी वरवाद भयौँ, तँ छिट्टै आएर हामीलाई सहारा दे' आमाले उसलाई अँगालो हालेर रुँदै भनेको देख्यो । यस सपनाले उसलाई ऐँठन गरायो । त्यसपछि उ ब्यूँझ्यो । निद्राबाट ब्यूँझिएपछि विराजलाई यस ठाउँमा बस्न मनै लागेन । ढोका खोलेर सिकुवामा आयो । गोजीबाट सलाई झिकेर बाल्यो र हातमा बाँधेको घडी हेऱ्यो । भर्खर रातको एक बज्दै थियो । तर समयको उसलाई वास्तै भएन । उ चुपचाप त्यहाँबाट बाहिरियो । पश्चिमको बाटो एकोहोरो हिँड्न लाग्यो ।

झिसमिसे उज्यालो नहुँदै उ चिराङडाँडाको आफ्नो घर पुगेको थियो । थाकेको विराज घरको आँगनमा पुग्यो । 'सधैँ त बिहान चारै

बजे आमा उठेर रामनाम जप्थिन्, आज किन आमाको चालचुल पनि छैन ? यत्ति बेरसम्म पनि कोही उठेको देखिएन । सिङ्गे दाजु सधैँ यत्ति बेरसम्ममा एक कित्ली चिया पकाएर पिइसक्थे । आज किन यति बेरसम्म पनि कतै बत्तीको उज्यालो छैन !' उसलाई कस्तोकस्तो लागेर आयो । 'आमा ! ए आमा, आमाहौ !' बिस्तारै बोलाउन सुरु गरेको विराजले चिच्याएरै बोलायो । तर जवाफ आएन । 'किन बोल्दिनन् आमा ? मीठु ! ए मीठु !' निकै जोरले चिच्यायो विराज । तर पनि कुनै प्रत्युत्तर उसले पाएन । 'सिङ्गे दाजु ! हर्कली ! ए हीरा ! भाउजू ! ए भाउजू !' सबैलाई डाक्यो उसले कोही बोलेनन् । 'बाँ ... बाँ ... !' त्यसैवेला गोठबाट गाई करायो । विराजलाई एकतमासले डर लागेर आयो । उ आँगनमै थुचुक्क बस्यो ।

त्यसपछि उ विस्तारै उठ्यो र आमाका कोठामा पुग्यो । आमाको कोठाको सरसामान जिउँतिउँ थियो । बाजेको पालादेखिको फलामे बाकस भने खुलै जस्तो लाग्यो विराजलाई । नजिकै गएर हेऱ्यो उसले । केही दूबो पैसा बाहेक त्यहाँ अरु केही थिएन । त्यसपछि दाजुभाउजूका कोठामा पुग्यो विराज । त्यहाँ पनि सरसामान सबै जस्ताको तस्तै थियो मान्छे थिएनन् । बिहेको लगत्तै दाजु भाउजूले डम्फुबजारमा खिचेको तस्बीर सधैँ झैँ भित्तैमा थियो ।

सिङ्गे दाजु र हर्कलीको कोठामा पनि उस्तै थियो । त्यसपछि विराज गोठमा पुग्यो । गोठमा लैना दुई भैँसी र भर्खरै थाकेका तीनओटी गाई थिए । दुई हल गोरु पनि परालको खोजीमा थिए । विराजलाई देखेपछि सबैले आआफ्नो जिब्रो बाहिर निकालेर खान मागे । नजिकै खस्रेखनिउको डाले घाँस थुपारिएको थियो । विराजले सबैका नादमा पालैसँग डालेघाँस हालिदियो । बस्तुभाउ पुच्छर हल्लाई हल्लाई डालेघाँस खान लागे । त्यसैवेला बाख्राको पाठोले म्याँ .... गरेर विराजलाई बोलायो । त्यहीँ एक भारी घाँस थियो । विराजले बाख्रालाई पनि टाट्ना हालिदियो । कलिली पाठीले पनि आशाले

विराजका अनुहारमा हेरी । उसले पाडी फुकाईदियो । पाडी उफ्रेर भैँसीको थुनमा मुख गाड्न पुगी । यति गरिसक्ता विराजलाई केही हलुङ्गो जस्तो लाग्यो । एकैछिन अन्यमनस्क जस्तो भएको विराज पुन: पिँढीमा आएर बस्यो । 'बैदार काकालाई केही थाहा छ कि ?' विराजले नजिकका छिमेकी बैदार काकालाई झट्ट सम्झन पुग्यो । बैदार काकालाई सम्झनासाथ विराजसिंहको गलेको शरीरमा केही फुर्ती आयो ।

त्यसपछि उ बैदार काकाको घरतिर लाग्यो । झन्नै सात मिनेटको उनीहरूको घरजग्गाको परिसर सकिनेबित्तिकैको घरघडेरी बैदार काकाको थियो । 'काका ! ए काका !' विराज आँगनमा पुगेर करायो । 'को हँ ? त्याँ को ?' बैदार काकाले सोधे ।

'काका ! म पल्लो घरको माइलो' विराज आफुलाई चिनाउँदै घरभित्र पस्यो । बूढाले बाहिर निस्केर विराजलाई हेरे र केही झस्केझैँ गरे ।

'ए माइला ! तँ चैँ गइनस् ?' बूढाले आत्तिएझैँ सोधे । 'कहाँ ?' – विराजले सोध्यो । 'हैन, के भन्छ यो माइलो ! तेरा आमा भाउजूहरू सबै हिजो दिउँसै मुङ्लान भागे नि, मैले त तौँ पनि गइसकिस् पो भन्ठानेथैँ ।'

'किन गए उनीहरू, आफ्नो घरबार छोडेर मुङलान कसरी पस्ने ?' विराजले आफैसँग प्रश्न गऱ्यो ।

'बाबै ! तौँ पनि भागिहाल् । जेठाले तिमेरु परिवारै सखाप पारिगयो । उसलाई त भोटेले अब के छोड्थ्यो । अझ तिमीहरूसँग सङ्गत गर्नेलाई पो खेदिछोड्छ यो भोटेले । सरसाउँदो बाउ बाजेको सम्पत्ति खाएर बस्दा पुगेकै थियो । बित्थाको आन्दोलन गर्नुपर्छ भन्दै किन हिँड्नुपर्थ्यो जेठाले' बूढाले विरक्तिएर भने ।

'बा ! चिया चिसो भयो । खाइहालौँ कि ।' बैदारको जेठो छोरोले कोठामा आएर भन्यो । 'ए ल है माइला ! अब भाग्यको भोग गर' भन्दै

बूढा भित्र घरतिर उन्मुख भए । विराजसिंहका घरको कैयौँ भोजभतेर खाएर बूढा भएका बैदारले त्यसवेला विराजको भोकतिर्खा सोध्न पनि उचित ठहराएनन् । बरु घरमा विराजरूपी सङ्कट पसेको भाव उनको अनुहारमा थियो । बिहानीको उज्यालोमा आज विराजसिंहलाई बैदार काकाको असली अनुहार देखेको अनुभूति भयो । भोक प्यास हराएको विराजले खान त के नै सक्थ्यो र तर उनीहरूले एक वचन मात्रै सोधेको भए पनि मनसम्म त रहन्थ्यो ।

त्यसपछि विराजसिंहले आमाको कोठामा बा, आमा र परिवारलाई सम्झेरै केही समय बितायो । सम्झनाको क्रममा उसले साहिँली बैनी सुनमायालाई सम्झ्यो । 'उ पनि त डम्फु हाइस्कूलको होस्टलमा थिई, उसलाई भेट्न जानु पर्‍यो ।' विराजले निश्चय गर्‍यो । बहिनीको सम्झनाले र उसलाई भेट्ने कल्पनाले विराजको क्षतविक्षत भएको संवेदनामा आशाको झिल्को देखियो ।

बिहान सखारै गाईभैँसीलाई कुटी पराल र घाँस पुन: थपिदिएपछि विराज आफु चाहिँ खालि पेट नै डम्फुतिर लाग्यो ।

•

'सुनमाया त आज बिहानै घर जान्छु भनेर यहाँबाट गयो त ! मैले परीक्षा नदिई नजौ भन्दा पनि मानेन । घर पुगेन ?' सुशीला गुरुमाले विराजसिंहलाई भनिन् । सुशीला गुरुमाको कुरा सुनेर विराजसिंह छक्क पर्‍यो । थकाइ, भोक, चिन्ता र भयले समेत आक्रान्त भएको विराजसिंहलाई गुरुमाको कुरा सुन्दा बेहोश होइएला जस्तो भयो, तर उसले आफुलाई सह्मालेर गुरुमासँग विदा माग्यो । 'सुनमाया कहाँ गई ?' विराजको मथिङ्गलमा सुनमायाको चित्र मात्र नाचिरह्यो ।

'कतै घरमा पो पुगेकी छ कि ?' विराजसिंहभित्र आशा पलाएर आयो । त्यसैले लखतरान भएको विराजले पनि आफ्ना पाइलालाई जोशिलो पाराले चिराङडाँडातिरै फर्कायो ।

साँझ झमक्क परिसकेको थियो । विराज घर पुग्ने हतारमा कुद्दै थियो । आज उसलाई सुनमायालाई भेट्ने इच्छाले घरतिर तानेको तान्यै थियो । बुढिछुकको माङ्गलबारेबजारबाट ओरालो छिचोल्नै आँटेको थियो 'एई विराज !' कसैले उसको पाखुरामा च्याप्पै समात्यो । विराज आत्तियो र झन्नै लडचो पनि । समात्ने मान्छे पुरुष नभएर स्त्री थिई । उ विराजकी बालसखा निमा थिई । निमालाई चिनेपछि विराजले आफुलाई राम्ररी सह्माल्यो ।

'निमा ! मलाई हतार छ, म ऐले जान्छु ।' विराजसिंहले आत्तिँदै भन्यो । 'ए विराज ! के भयो तिमीलाई ? किन तिमी यसरी कुदेको ? तिम्रो रूपरङ्ग पनि ठीक देख्दिनँ म ।' निमाले मायालु पाराले भनी । तीन दिनपछि बल्ल कुनै मायालु आवाज सुन्न पाएको लखतरान विराज सललल्ल पग्ल्यो । त्यहीँ बाटोकै छेउको कान्लामा विराजसिंह थुचुक्क बस्यो । 'निमा ! हामी बरवाद भयौँ' विराजले आफ्नो परिवारमाथि परेको विपत्ति सुनायो । निमा पनि विराजसँगसँगै रोई । त्यसपछि निमाले विराजलाई त्यहीँ मास्तिरको उसको घरमा जबर्जस्ती लिएर गई । घरको पिँढीमै निमाका बाआमा थिए । निमाले विराजको परिचय दिएर उसमाथि परेको विपत्तिका सबै कुरा बाआमालाई सुनाई ।

'आम्मै ! यिनीहरूले के गर्नु लाग्योहो । नानी ! पीर नगर, तिम्रो परिवारसित भेट भइहाल्छ । ए निमा ! यो नानीलाई राम्रोसँग खिलाइपिलाइ गर है' बाबुचाहिँले भने । आमा पनि उठेर भान्सातिर लागी ।

'विराज ! म छिट्टै भात पकाउँछु, तिमी खाएर मात्रै जाऊ, त्यतिन्जेल तिमी यहाँ आराम गर ।' निमाले विराजलाई एउटा कोठामा पुऱ्याएर सुकिलो बिस्तरामा बसाली । विराजले निमाका कुराको कुनै प्रतिकार गरेन । विराज बिस्तरामा ढल्क्यो, निमाले विराजको टाउको मुसारिरही । बिस्तारै विराज निद्राको गर्भमा पस्यो ।

'ए विराज ! अब तिमी उठ । तिमीलाई धेरै अबेर भयो ।' विराजका कानमा निमाको आवाज पऱ्यो । उ झस्केर झटपट उठेर बस्यो । निमालाई विराजले नचिनेझैँ हेऱ्यो । निमा मुस्कुराएर हेरिरहेकी थिई । बल्ल उसले आफु हिजो यहीँ बिछ्यौनामा ढल्केको सम्झ्यो । विराजले पुन: निमालाई हेऱ्यो ।

'तिमी यतिबिघ्न थाकेका थियौ कि, बिछ्यौनामा पर्नासाथ निदायौ । मैले खाना तयार गरेर तिमीलाई कतिपटक उठाउन आएँ । आपा र आमाले पनि उठाउनुभयो, तर हामीले तिम्रो मस्त निद्रा भङ्ग गर्न सकेनौँ र आपाले नै 'भैगो आज नउठा, यो नानीलाई भोकको भन्दा पनि ऐले निद्राकै दरकार छ' भन्यो । त्यसैले तिमीलाई हामीले सुत्न दियौँ । बरु अबेर नगर, खाना तयार छ, तिमी हातमुख धोएर आऊ, मलाई सुनमायाको चिन्ता लागिरहेको छ ।' निमाले चिन्ता व्यक्त गर्दै भनी ।

त्यसपछि विराजले पनि मुख धोएर खाना खायो र निमाका बाआमासँग बिदा माग्यो । 'नानी ! तिम्रो सबै काम राम्रो होस्' बूढाबूढीले आशिष दिए । निमा माथि जङ्गलको मुखसम्म पुऱ्याउन आई । विराजसँग छुट्टिने वेलामा निमाका आँखामा आँसु थिए । विराज केही बोलेन । निमा पनि केही बोलिन । तर विराजका आँखा पनि ओभाना रहेनन् ।

निमासँग छुट्टिएर पनि विराजको मनमा निमा मात्रै छाइरही । खेङ्पा जातिकी निमा र उसका बाबुआमाले आपत् परेको वेला आफुलाई गरेको व्यवहारले विराजको मन र मुटुभरि उनीहरूकै माया बसिरह्यो ।

निमाको मायाले बलियो भएको विराजसिंह सुनमायालाई भेट्ने उत्सुकता बोकेर आफ्नो घर चिराङडाँडातिर लाग्यो । घरपरिसरमा पुगेपछि विराजको होसहवास उडेको थियो ।

त्यहाँ उसको घर, गोठ केही थिएन, घर डढेर खरानी र डढेका काठका काला टुक्राटाक्री र कालो च्यादर मात्रै थियो । उसलाई सपना जस्तै लाग्यो । हिजो मात्रै गोठमा गाईबस्तुलाई डालेघाँस ख्वाएर गएको उसले त्यहाँ बस्तुभाउ खोज्यो । 'अहँ केही छैन ।' त्यसैवेला विराजलाई मास्तिरबाट तीनचारजना मानिसहरू आएजस्तो लाग्यो । उ त्यतै उन्मुख भयो । पोखरेल काका, भण्डारी दाजु, तिम्सिना काका र अधिकारी दाजु रहेछन् ।

'अइ माइला ! के हेरेर बसेको, भाग् हे, ज्यान जोगा नानी ! उनीहरूले हिजो दिउँसो आएर तेरी साइँली बुइनी घिस्याउँदै लगे । एक हूल थिए । सरसामान, गाईबस्तु सबैसबै लगे र हिँड्ने वेलामा मट्टितेल खन्याएर घरगोठमा आगो पनि लगाएर गए' पोखरेल काकाले भने ।

'तँ यतै छस् भन्ने चाल पाए भने, के गर्ने हुन् । नानी ! उतै मुङलान पस । हामीले तँसँग बोलेको मात्र थाहा पाए भने पनि हामीलाई नै लघार्लान् । छिट्टो भागिहाल् माइला ! ढिलो नगर् ।' तिम्सिना काकाले भने ।

'त्यसै गरहौ माइला ! गइ पो हाल्' अधिकारी दाजु र भण्डारी दाजुले पनि भने । त्यसपछि ती सबै आफ्नो बाटो लागे ।

विराजलाई भाउन्न होला जस्तो भयो । सुनमायाको रुँदै कराउँदै गरेको चित्र उसको कल्पनामा आयो । उसको मस्तिष्क फुट्ला जस्तो भयो । अब के गर्ने ? विराजसिंहको होश हराएको थियो ।

अब कहाँ जाने ? के गर्ने ... ! विराज धेरै बेरसम्म नबोली त्यहीँ थुचुक्क बस्यो । उसको शरीर चिन्ता पीर र थकाइले गलेको थियो । यी सबैलाई अतिक्रमण गरेर अहिले डरले पनि उसलाई छोपेको थियो । अब बल्ल उसलाई आफ्नो ज्यानको माया पनि लाग्न थाल्यो । त्यसैवेला चिसो सिरेटो चल्यो । एकसरो पातलो सर्ट छिचोलेर

सिरेटोले उसलाई भसङ्ग पनि पाऱ्यो । आफुलाई खोज्दै भोटेहरू आफ्नै पछिपछि आउँदै गरेको अनुभूति भयो उसलाई । त्यसैले उ जुरुक्क उठेर पूर्वतिर फटाफट हिँडचो । यसो कसैको घरमा पसेर आजको रात गाँस र वास मागूँ भने पनि उसको स्मृतिमा कोही आफन्त भेटिएन । बूढाबाजेको पालादेखिका आफन्त इष्टमित्रहरूले ढाकेको त्यो चिराङडाँडा उसको लागि एकाएक शून्य भएको थियो । विराजलाई लाग्यो 'आफुलाई भरअभर पर्दा मात्रै आफ्ना मान्छे कति छन् भन्ने कुरा थाहा हुँदो रैछ ।'

हिँजोका दिनमा आफ्नो घरमा हात पसार्न आउने, साख्खै नातेदार भएर आउने सबै अनुहार अहिले तुरुन्तै परचक्रीमा रूपान्तरित भएको विराजले देखिसकेको थियो । 'सम्पत्तिमा सबकोही, विपत्तिमा कोही न कोही' भन्ने उखानको अर्थ पनि बल्ल बुझ्यो विराजले । उनीहरूको परिवारमाथि यति ठूलो विपत्ति आइपर्दा पनि आज उनीहरूलाई सहानुभूतिका दुई शब्द व्यक्त गर्ने कोही भएन । मनभरि दु:खवेदनाका भक्कानाहरू बोकेर हिँडिरहेको विराजका पाइलाहरू अघि बढ्न पटक्कै सकेनन् । निमाको घरमा गएको रात आराम गरेर आएको भए पनि मनको थकानले गर्दा होला कति दिनदेखि हिँड्दा हिँड्दै लखतरान भएका उसका खुट्टाहरू यसवेला झनै दुखेर झमझमाइरहेका थिए । उ अघि बढ्नै सकेन । उसलाई बाटैमा डङ्रङ्ग पल्टूँ जस्तो भइसकेको थियो । त्यसैक्षण बाटैछेउको धिमालबाजेको परालको सुलीमा उसका आँखा परे । परालको सुलीभित्रै पसेर सुत्ने उसले निर्णय गऱ्यो । भयग्रस्त थकित उसले एकपटक त्यो झमक्क साँझलाई चारैतिर हेऱ्यो । सबैतिर चकमन्न थियो । त्यसै गाउँको कुनै छेउबाट कुकुर भुकेको आवाज आउँदै थियो । चारैतिरबाट आश्वस्त विराज परालको सुलीभित्र पस्यो ।

# बाह्र

'आमा ! मलाई यिनीहरूले पक्रेर यहाँ जेलमा राखेका छन् । तिमरलाई पनि यिनीहरूले सास्ती दिनेछन् । मेरो पत्र पाउनासाथ तिमीहरू एक मिनेट पनि घरमा नबस्नू । सम्पत्तिभन्दा ज्यान ठूलो हो । सानासाना कुरामा निहु खोज्दै नेपाली जति खेदिछोड्ने नीयत छ अरे यिनीहरूको । भारतले पनि होस्टेमा हैँसे गरिसकेको बुझियो । सिङ्गे दाजुलाई साथ लिएर तिमीहरू जतिसक्तो चाँडो भूटानबाहिर निस्कनू, मैले आफुलाई अन्याय र अत्याचारको विरुद्ध लडाइँमा होमिदिएँ । मेरो चिन्ता नगर्नू र घरमा भए जति सबैले तुरुन्तै घर छोडेर बाटो लाग्नू ।'

त्यसदिन विराजसिंह दाजुको पत्ता लगाउन घरबाट हिँडेको एक घण्टापछि शमशेरको चिठी लिएर एउटा केटो चिराङडाँडाको उसको घरमा आएको थियो । 'मेरो दाजु जेलमा काम गर्छ । मलाई मेरो दाजुले यो चिठी कसैलाई नदेखाई पुऱ्याउनु पठाएको' केटोले भनेको थियो ।

शमशेरको त्यस्तो चिठी पाउँदा रनमाया छक्क परेकी थिइन् । यत्रो लट्टीपट्टी, पुर्खाले आर्जेको जेथा चटक्कै छाडेर कसरी बनिवास लाग्नु ! उनी अलमलिएकी थिइन् । एकातिर जेठो छोराको त्यस्तो चिठी अर्कातिर धनसम्पत्तिको मोह । रनमायाले यसै गर्ने भनी ठहर गर्न सकेकी थिइनन् । त्यसै वेला डम्फुको पोस्ट अफिसमा काम गर्ने शमशेरको साथी मकरबहादुर हस्याङफस्याङ गर्दै आइपुगेको थियो ।

'आमा ! छिटो गर्नुस्, तपाईंहरू भागिहाल्नुस्, गइहाल्नुस्, शमशेरको घरपरिवार सबै सर्वनाश गर्ने भनेर उनीहरू आउँदै छन् अरे । यताको लोभमा नपर्नुस्, ज्यान रहे लाख हुन्छ । आमा ! सबैलाई लिएर गइहाल्नुस् । म यो कुरा चाल पाएर आजु काममा पनि नगई आको । उनीहरूको सुराकले थाहा पाए मेरो पनि के हाल गर्छ । रुपियाँ पैसा र एकसरो फेर्ने लुगा बोकेर तपाईंहरू भूटान छोड्नुहोस् । बाँकी भगवान्को इच्छा । म गएँ । चाँडै गइहाल्नुस् ।'

मकरबहादुरले सासै नफेरि भनेको थियो । 'बाबु मेरो माइलो छोरो र साहिँली छोरी यतै छन् । जेठो जेलमा परेको छ । यिनीहरूलाई छोडेर म कसरी जाऊँ' रनमाया रुन लागिन् ।

'आमा ! आफुसँग भएका सन्तान जोगाउनुस् । उनीहरूलाई पर्खंदापर्खंदै ती असत्ती आइपुगे तपाईंहरू आफ्नो ज्यान जोगाउन पाउनुहुन्छ पाउनुहुन्न ? आमा ! बिन्ती छ अबेर नगर्नुस् । भाउजू ! आमा र भाइबैनी लिएर चाँडै यहाँबाट निस्कनुस् । विराज र सुनमायालाई मैले भेटे म उतै पठाइदिन्छु ।' मकरबहादुरले रनमाया र सुनकेस्री दुवैलाई अनुरोधपूर्ण सम्बोधन गरेको थियो ।

'के गर्ने त बुहारी ?' रनमायाले सोधेकी थिइन् ।

'आमा उहाँको पनि यस्तै इच्छाको चिट्ठी छ । हामीले यहाँबाट छिट्टै हिँड्नु नै पर्छ' सुनकेस्रीले निराश भएर भनेकी थिई । 'ल त सिङ्गे दाजु ! अब यो चिराङडाँडालाई बिदा भनिदेऊ ।' रनमाया अललिएर रोएकी थिइन् ।

यतापट्टि बालख हीरा र मीठु थिए भने अर्कातिर साहिँली र माइलालाई छोडेर जानुपर्ने थियो । धनमाया घरै थिई र राममायाको पनि एक महिना अघि नै बिहे सकेकोले उ पनि आफ्नै घरमा थिई ।

'हो, मैले बालखकै रक्षा पहिले गर्नुपर्छ, मकरले भनेको कुरा ठीकै हो ।' धेरै सोचेपछि रनमायाले ठहर गरिन् र उनीहरू बाटो

लागे । केही खाजा सामल पनि पोको पारेकी थिई सुनकेस्रीले । मीठुलाई वेलावेलामा सिङ्गे दाजुले बोक्नुपर्ने थियो । हर्कलीले लुगाफाटो र सकेजति सामल बोकेकी थिई । कहिल्यै टाढा हिँडडुल नगरेका रनमाया र सुनकेस्रीलाई आफ्नो ज्यान घिसार्नै गाह्रो थियो । हीरा पनि बालखै थियो । उनीहरूले आफ्नो पितापुर्खाले आर्जेको जायजेथा, सम्पत्ति, सरसामान केही पनि लिएर जान सक्ने अवस्था थिएन ।

त्यसैले रनमाया आफ्नो मुटुभरि वेदना र गहभरि आँसु बोकेर बाटो लागिन् । त्यस्तै सुनकेस्री पनि जेलमा भएका आफ्ना खसमसँगको विरहको पीडा लुकाउँदै त्यहाँबाट हिँडी । स्वामिभक्त सिङ्गे दाजु र पतिभक्त हर्कली पनि पछि लागे । अनायस आइपरेको यो समय देखेर अचम्म परेका हीरा र मीठु अघि लागे ।

गोपालसिंहलाई पोलेको चाँचेखोलाको किनारमा पुगेपछि रनमायाको भक्कानो फुटचो । 'नरुनू भन्छौ निष्ठुरी ! मैले के अपराध गरेकी थिएँ र यो विजोग हेर्नुपऱ्यो, भोग्नुपऱ्यो मैले ।' रनमायाका भक्कानोले सबैका आँखामा आँसु उम्रे । 'भाउजू ! अब रुनु त जिन्दगीभरि नै छँदैछ, यी बालखलाई ठेगानमा पुऱ्याइदिऊँ ।' सिङ्गे दाजुले सम्भावित आतङ्कलाई दृष्टिगत गरी रनमायालाई त्यहाँ अलमलिन दिएन । त्यसैले मुटुभरि भरिएका वेदनाहरूलाई धीत मरुन्जेल पोख्न पनि नपाई रनमायाले बाटो लाग्नुपरेको थियो ।

•

लगातार दुई दिनसम्म सर्भाङसिरको बाटो जङ्गलैजङ्गल हिँडेर उनीहरू भारतको झारबारी पुगे । त्यहाँबाट उनीहरू बसमा चढेर सिलगडी शहरमा आइपुगे । मोटरको रमझम र ठूलाठूला घरहरू भएको यो शहर देखेर उनीहरू सबै अचम्म परेका थिए । त्यहाँ पुग्दानपुग्दै भूटानका विभिन्न गाउँबाट लघारिएका थुप्रै नेपालीसँग पनि उनीहरूको भेट भयो । त्यसो त झारबारीको सरलपाडा, पाटगाउँ र अखौबाट अनि भूटानको दागाना, चिराङ र सर्भाङ जिल्लाको सुरे,

गेलेफु आदि ठाउँबाट लखेटिएका र भागेर आएका थुप्रै नेपालीहरूसँग उनीहरूको भेट भइसकेको थियो ।

एउटा होटलमा सबैले खाना खाए । घरबाट हिँडेपछि आज दुई दिनपछि खाएका थिए उनीहरूले । अरु साथी पनि भेटेकाले उनीहरूलाई धेरै ढाडस भएको थियो । 'मेरो सुनमाया र विराजले के गरे होलान् नि ? 'आमा !' भनेर खोज्दा हुन् नि' रनमाया बूढी बाटोभरि रोएकी थिइन् । उनका आँसु ओभाएका थिएनन् । सिलगडी आइपुग्दा उनीहरूको झन्नै पचपन्न साठी जनाको एउटा हूलै भएको थियो । रनमायाले सबैसँग चिनापर्ची गर्दै जाँदा थाहा पाउँदै गइन्– कसैका छोरा उतै थिए, कसैका छोरी; कसैका त पति नै उतै थिए । सबैको पीरबारे सुन्दै जाँदा रनमायाको पीर पनि बाँडिएको थियो ।

भारत पसेपछि भूटानी भोटे सिपाहीको भयबाट भने उनीहरूले मुक्ति पाएका थिए ।

# तेह्र

'दरवाजा खोलो, जल्दी खोलो, नहीँ तो तोड दिया जाएगा ।' आधा रातमा लजको ढोका फुटालुँला झैँ गरेर कोही कराउँदै थियो । दुई दिनको हिँडाइले थाकेर निदाएका केटाकेटी बिउँझेका थिएनन् । रनमाया, सुनकेसी र सिङ्गे दाजु उठेर बसेका थिए । हर्कली पनि निद्रैमा थिई ।

'दरवाजा खोलो' कर्कश आवाज गुन्जिरहेको थियो । 'बाहर पुलिस दरोगा लोग आए हैँ । डरो मत, दरवाजा खोलो ।' यो होटलको मेनेजरको आवाज थियो । त्यसपछि सिङ्गे दाजुले ढोका खोले । पुलिसका लुगाका चारजना मानिस अघिअघि र होटलको मेनेजर पछिपछि कोठामा पसे । आधारातमा यसरी पराइ मान्छेहरू आफु सुतेको कोठामा पसेको देखेर रनमाया र सुनकेसी डरले होशहवास गुमाउन पुगेका थिए । त्यसैवेला हर्कली पनि ब्यूँझेकी थिई ।

'तुमलोग चोरी करके आए हो । रिपोर्ट मिला है । तुमलोगोँकी तलासी लेना है ।' लामोलामो र निकै मोटो जुँगा भएको अल्गो, कालो मान्छे करायो । 'हामी चोर हैनौँ, दु:ख परेर आएका हौँ ।' रनमायाले हिन्दी कुरा बुझे पनि नेपालीभाषामा आफ्नो कुरा भनिन् ।

'अभी पता चलेगा' त्यो डरलाग्दो पुलिसले भन्यो । त्यसपछि उनीहरूका सरसामानहरू उधिनपताल गरे उनीहरूले ।

'अब इधर आओ' त्यो पुलिसले रनमायालाई घिसार्दै तान्यो र उनका जिउभरि हात हालेर खोजी गर्‍यो । कम्मरमा बाँधेको पटुकाको गाँठो फेला पारेपछि त्यो पुलिसको अनुहार उज्यालो भयो । रुपैयाँको नाममा झिटिमिटी बोकेकी रनमायाको सबै रुपैयाँ त्यो पुलिसले आफ्ना गोजीमा हाल्यो । 'इतना सारा माल उडा के चोरी नहीं किया ! बूढी औरत होकर झूठ बोलती है साली' त्यसले लात हान्यो रनमायालाई ।

'उसके पास भी माल होगा, तुम तलासी ले लो' आतङ्कित सुनकेस्रीतिर लक्ष्य गर्‍यो त्यो पुलिसले र अर्को पुलिस सुनकेस्रीलाई समात्न पुग्यो ।

'मसँग केही छैन, छैन । मलाई नछोोऊ' सुनकेस्रीले रुँदै भनी ।

'बूढिया तो ढोँग करती है, इस साली की बात मत सुन, तलासी ले' त्यो अघिकै पुलिस करायो । पुलिसको डरले भाग्दै सुनकेस्री भित्ताको कुनामा पुगी । त्यहाँ पनि पुलिस पुग्यो र सुनकेस्रीका पाखुरामा च्याप्प समात्यो ।

'आमा ... ! सिङ्गे दाजु ... !' सुनकेस्री चिच्याएर रोएकी थिई । आधा रातको अप्रत्याशित यस घटनाले बेहोश जस्तै भएको सिङ्गे दाजुको होश सुनकेस्रीको चिच्याहटले बिउँझेजस्तै भएको थियो । 'ठूली दुलहीलाई छोड, पैसा भाउजूसँग थियो, तिमीले लियौ । भैगो छोड, उसँग छैन पैसा ।'

सिङ्गे दाजु सुनकेस्रीको रक्षार्थ त्यो सुनकेस्रीलाई समात्ने पुलिस छेउमा पुगेर पुलिसको सुनकेस्रीलाई समातेको हात तान्न पुगेको थियो ।

'इस बुरबकको ठिकाने लगा दो' अघिकै जुँगे पुलिसले चिच्याएर भन्यो ।

बाँकी दुईटा पुलिसले सिङ्गे दाजुलाई लात घुस्साले पिटेर भुइँमा थन्क्याइदिएका थिए । सुनकेस्री रोएर आफ्नो बचाउको लागि

कराइरहेकी थिई । सुनकेस्रीको चिच्याहटले हीरा र मीठु बिउँझेका थिए । मीठु आमाको नजिकमा पुगेर रुन लागेकी थिई । हीराले केहीबेर कोठामा हेरिरह्यो र भाउजूलाई गिजोलिरहेको पुलिसमा पुगेर उसको दृष्टि अडियो ।

'सर ! इसके पास तो कुछ भी नहीँ है;' सुनकेस्रीको आफुलाई लाख बचाउने प्रयत्नपछि पनि सुनकेस्रीका संवेदनशील अङ्गहरूमा आफ्ना कठोर हातले समातिरहेको पुलिसले भनेको थियो ।

'कैसा बेवकुफ आदमी है । इतना बढिया माल है, कुछ नहीँ ! देख कैसे ढूँडना पडता है,' त्यो डरलाग्दो पुलिसले निर्लज्ज हाँसो हाँस्तै सुनकेस्रीका चोलोभित्र हात हाल्यो । 'साली नखरा करती है ! बोल कहाँ कहाँ क्या क्या छिपाया है ?' त्यो डरलाग्दो पुलिसका कठोर हातहरूले सुनकेस्रीलाई सकेसम्म गिजोलेपछि उसले सुनकेस्रीलाई लछारपछार गर्दै उसको पेटिकोटभित्र पनि हात हालेर गर्न सकेसम्म गऱ्यो । सुनकेस्रीले त्यसैवेला त्यसका पाखुरामा तागतले भ्याएसम्म जोरले टोकिदिई ।

'यह तो जङ्गली है' पुलिसले सुनकेस्रीको टोकाइको पीडाले आफ्नो हात झिक्तै बोलेको मात्रै थियो 'आह ... मर गया ।' त्यसैवेला त्यही पुलिस जोरले करायो । हीराले कतिखेर कतिखेर नजिकैको काठको स्टुल बोकेर त्यसैले त्यो पुलिसको टाउकोमा बजारेको थियो । त्यो पुलिसको टाउको साँच्चै नै फुटेको थियो । रगतको भल बग्यो त्यसको टाउकोबाट । अब पुलिसहरू आतङ्कित भएका थिए ।

'इस गुण्डेको पकडकर चलो, इसे भी मजा चखाएँगे' रक्ताम्मे पुलिसले आफ्नो फुटेको टाउको समातेर आदेश दिएको थियो । त्यसपछि हीरालाई समातेर ती पुलिसहरू र होटेलको मेनेजर पनि त्यहाँबाट हिँडेका थिए ।

•

'सिङ्गे दाजु ! मेरो हीरालाई अपराधीले कता लगे । जाऊ न खोजेर ल्याऊ । मेरो बालख छोरालाई कुटपिट गरेहुन् पापीले । लौन नि म के गरूँ अब' रनमाया एकनास रोइरहेकी थिइन् । पुलिसको लात घुस्साले थङ्थिलो भएको सिङ्गे दाजु धुमधुमती बसिरहेको थियो । उसको शिर निहुरेको थियो । आफ्नै उपस्थितिमा उसका मालिक्नीहरूको दुर्दशा भएको थियो । उसले उनीहरूको संरक्षण गर्न सकेको थिएन । यसवेला स्वर्गवासी गोपालसिंह र जेल परेको शमशेरबहादुरको चित्र उसका आँखामा आइरहेको थियो ।

'भाउजू ! बिहान हुन दिनोस्, अनि म हीरा बाबुलाई खोज्न जान्छु । धैर्य गर्नुस् भाउजू ! भगवान्को इच्छा । हीरालाई केही हुँदैन' सिङ्गे दाजुले रनमायाको मुखमा हेर्दै नहेरी सान्त्वनाका शब्दहरू पोखेको थियो ।

'आप लोग सबेरे ही यहाँ से चलते बनिए । ऐसे चोरी करने वालौं को हमारे होटलमें नहीं रख सकते । बेकारका लफडा हुवा' अकस्मात् होटेलको मेनेजर कोठामा पसेको थियो । आफुसँग भएको सबै पैसा र बालख छोरा पनि पुलिसले नै लुटेर लगेपछि उनीहरूले कोठाको ढोका पनि थुनेका थिएनन् ।

मेनेजरले कोठामा एकपल्ट यसो चारैतिर हेरेर आफ्ना कुरा भनिसकेपछि फर्कन लागेको थियो । 'हेर्नोस् मेनेजर बाबु ! हामी चोर होइनौँ । धेरै धनी जमिन्दारको परिवार हो यो । दिनदशाले यस्तो पाऱ्यो । अब हामीसँग खर्च पनि छैन । एक दुईदिन हामीलाई यहीं बस्न दिनुहोस्' सिङ्गे दाजुले मेनेजरको गोडै समातेर भन्यो ।

'देखो तुमलोगोंका कलका पैसा नहीं लूँगा । आज तो तुह्मे कमरा खाली करना होगा । अब सबको कमरा मुफ्त में बाँटने से मेरा पेट तो नहीं भरेगा । फिर दरोगा तुमलोगौंको यहाँ देखेगा तो ..... नहीं बाबा ! नहीं, निकल जाना । बादमें कुछ बुरा हो गया तो

हमें कुछ नहीं कहना ।' यति भन्दानभन्दै मेनेजर सुनकेस्री बसेको छेउमा पुगेको थियो । 'कुछ जोर से पकडा हरामजादों नें, बहुत दर्द हुवा है क्या ?' भोको दृष्टिले सुनकेस्रीलाई हेरेर त्यसले आफ्नो हात सुनकेस्रीको ढाडमा पुऱ्यायो ।

'हामी बिहानै तेरो कोठा खाली गर्दिन्छौँ । ऐले तँ गइहाल् हाम्रो कोठाबाट' सुनकेस्रीले आफ्नो ढाडमा आइपुगेको मेनेजरको हात झट्कारेर भनेकी थिई ।

'क्यों गुस्सा करती हो सुन्दरी ! मै तो उन जालिमों जैसा नहीं हूँ । तुम कहो तो दो चार दिन रुक भी सकते हो' मेनेजरले सुनकेस्रीप्रति लालायित आँखा गाड्दै भन्यो ।

'तेरो होटेलमा बस्न त के थुक्न पनि हामीलाई मन छैन । तँ गइहाल् मोरा !' सुनकेस्री घाइते बघिनी जस्तै चिच्याई ।

'वाफ रे गुस्सा तो बहुत है । अभी तो चला जाता हुँ । वाद में सोच लेना । नहीं तो पछताओगी' मेनेजर आशाका बीउ छर्दै त्यहाँबाट हिँड्यो । मेनेजर गएपछि सुनकेस्री घुँक्कघुँक्क गर्दै रोई । घुँडामा टाउको लुकाएर रोइरही ।

'बुहारी ! नरोऊ दिनदशा लाग्दा यस्तै हुन्छ । तिमीले हिम्मत हार्नु हुँदैन ।' रनमायाले रोइरहेकी सुनकेस्रीको टाउको मुसारिरही ।

'आमा ! हामीले के पाप गरेका थियौँ र ! किन यस्तो दुर्दशा भयो हाम्रो !' सुनकेस्री सासूलाई अँगालो हालेर रुन लागी । रनमाया पनि बुहारीलाई सम्झाउँदै रुन लागिन् र आमासँगसँगै मीठु पनि रुन लागी । सबै रोएको देखेर हर्कली पनि रुन लागी । मान्छे मरेको घर जस्तो त्यहाँ सबै रोइरहेका थिए ।

'ए भाउजू ! ठूली दुल्है ! यसरी अब कति रुने ! अब हामी सबैको दुर्भाग्यले यो दिन आयो । कसैगरी नेपाल नपसे यी इन्डियनले

हामी सबैको मासु पनि काटेर बेचिदिन्छन् । तपाईंहरू आफुलाई सम्हाल्नुहोस् । अब केही बेरमै उज्यालो हुन्छ । हिजो भेटेका हाम्रो भूटानकै मानिसहरूसँग गएर भेट गरौँ । त्यसपछि के गर्ने सल्लाह गरौँला । यो पापीको होटलमा बस्नै हुँदैन । बरु म उज्यालो हुनासाथ बिस्तारै बाहिर निस्कन्छु र उनीहरू बसेको ठेगाना पत्ता लगाएर आउँछु । त्यतिन्जेल तपाईंहरू भित्रबाट ढोका लगाएर बस्नुस् । मेरो बोली नसुनी कसैगरे ढोका नखोल्नुस्' सिङ्गे दाजुले सबै कुरा भन्यो ।

# चौध

'तिमीले होटेलमा पैसा तिर्दा कहाँबाट झिकर दिएकी थियौ ?' दाहाल्नी बजैले सोधिन् ।

'यसै पटुकामा बाँधेको बिटोबाट झिकेर सयको एउटा नोट दिएकी थिएँ' रनमायाले आफ्नो कम्मरको पटुका देखाएर भनिन् ।

'हो, त्यसैवेला त्यही होटेलको मान्छेले तिमीसँग निकै पैसा भएको खबर पुलिसलाई पुऱ्यायो र पुलिस लिएर तिमेरूलाई लुट्न आयो' दाहाल बाजेले भने ।

'के जान्नु मान्छे यस्तो असत्ती हुन्छ भनेर !' रनमायाले लामो खुइय काढिन् । 'मेरो कान्छाको जिन्दगी बाँचे भैगयो नि भगवान् ! उता जेठाको के हविगत पारेहुन् । माइला र साहिँली के भएहुन्' रनमायाले गहको आँसु पुछ्तै भनिन् ।

'ए बजै ! शोक गरेर पनि के गर्नुहुन्छ र मेरा चार भाइ छोरा, चारओटी बुहारी, तीन छोरी, तीन ज्वाइँ, बाह्रजना नातिनातिना कसैको खुट्पत्तो छैन । कुन जन्मको धर्मले हामी बूढाबूढी चाहिँ ऐलेसम्म छुट्टिएका छैनम् ।' दाहाल्नी बजैले आफ्नो बेथा पोखिन् ।

'सबै कर्मको लेखान्त हो बजै ! के गर्नु हाम्ले र ?' दाहालले भने ।

सुनकेस्री सबैका कुरा सुनिरही । हर्कली पनि सातो गएजस्ती भएर ट्वाल्ल परिरहेकी थिई । सिङ्गे दाजु गोसेलिङ, सेमजोङ, पत्ताले, बूढिछुक, किकोर्थाङ, कालिखोला, लामिडाँडा र धनेसे आदि ठाउँबाट

भागेर आएका बीसपच्चीसजनाको समूहमा ल्याएर रनमाया, सुनकेस्री, हर्क्ली र मीठुलाई मिसाएपछि आफुचाहिँ हीराको खोजीमा हिँडेको थियो ।

भूटानका विभिन्न ठाउँबाट आफुहरू जस्तै बेघर हुन पुगेका आफ्नै देशका मानिसहरू भेटिँदा रनमायालाई केही सहज भएको थियो । तर सुनकेस्री भने रातिको आतङ्कको घेराबाट बाहिर निस्कन सकेकी थिइन । मीठु आमासँगै टाँसिएर बसेकी थिई । उसका आँखामा पनि आश्चर्यमिश्रित डरका भावहरू मात्रै थिए ।

•

'ए बहादुर ! भागो यहाँ से' एउटा पुलिसले सिङ्गे दाजुलाई आफ्नो डन्डाले घोच्दै भन्यो ।

'मेरो लडकालाई देऊ अनि जान्छु । राति तिमेरको पुलिसले ल्याएको छ । कहाँ छ ?' सिङ्गे दाजुले भन्यो ।

'क्या बात बोलता है । कहाँ का लडका, कौन लडका । भाग जाओ यहाँ से । नहीं तो लेजाकर बन्द कर देंगे' पुलिसले भन्यो । त्यसैवेला पुलिसको हूलमा रातिको डरलाग्दो पुलिसलाई सिङ्गे दाजुले चिन्यो । 'ओ दरोगा साहेब ! मेरो लडका कहाँ छ ?' सिङ्गे दाजु त्यो पुलिसको अघिल्तिर पुगेर करायो ।

'कहाँ से आया यह हरामजादा ? कहाँ से थाने में पागल घुस आते हैँ । निकाल बाहर करो इसको' त्यो पुलिस करायो ।

'तुमको नोकरी ठीक से नही करना है तो इस्तीफा दे दो । साले पागलोंको बिठाता है थाने में' डन्ठे पुलिसलाई त्यो डरलाग्दो पुलिसले बेस्कन हपाऱ्यो ।

'यह जबरजस्ती घुस आया है साहाब ! मै निकाल बाहर करदूँगा, गल्ती हो गया साहाब, एक बार माफ कर दीजिए' डन्ठेले हाकिमलाई अनुनय गऱ्यो । त्यसपछि पुलिसहरूको टोली भित्र पस्यो ।

'आजकल यहाँ पागलों से बहुत परेशानी बढ गई है' त्यो डरलाग्दो पुलिस आफ्ना साथीहरूसँग भन्दै थियो । लगत्तै डन्ठे पुलिस र त्यसको साथी डन्ठेले मिलेर सिङ्गे दाजुलाई लछारपछार गर्दै थानाको परिसरबाट बाहिर पुऱ्याइदिए ।

'यो भारतमा पनि नेपाली जातिलाई निको गर्दा रैनछन् । भारतमा पनि त थुप्रै नेपाली छन् भनेको सुन्थें । यहाँबाट पनि यिनीहरूले एकदिन हाम्रै हाल पारेर खेद्छन् है यहाँका नेपालीलाई' लघारेर थानाको परिसरबाहिर पुऱ्याइएको सिङ्गे दाजुले लामो खुइय काड्दै सोचेको थियो ।

'अब हीरालाई कहाँ र कसरी खोजूँ । हीरालाई नलिई भाउजूलाई भेट्न जाँदा भाउजूको बिलौना कसरी हेर्नु ! हे भगवान् ! म के गरूँ ?' सिङ्गे दाजु विचलित भएको थियो । 'अब खाली हात भएपनि दाजुको बचेको परिवारको सेवा गर्नु नै मेरो धर्म हो ।' आफ्नो मन दरो पारेर सिङ्गे दाजु रनमाया भएठाउँ पुगेको थियो ।

•

'आमा, बुबा, दाजुभाइ, दिदीबैनीहरू र साथीहरू ! हामी सबैको दुर्दशा हामी सबैले बुझेका छौँ । हाम्रो भूटानको माटोबाट लघारिएका हामीले एकदिन फर्केर भूटानमै जानुपर्छ । हाम्रा पुर्खाको माटो हामीलाई पर्खेर बस्नेछ । ऐले हामीहरूले हाम्रो आआफ्नो र आफ्ना परिवारको ज्यान जोगाउनु नै पहिलो काम भएको छ । यो भारत हाम्रो छिमेकी देश भएर पनि यहाँ हाम्रो सुरक्षा छैन । हामी त्यसैले हाम्रो देश नफर्कने वेलासम्म नेपालमा पसेर शान्तिले बसौँ । जे भए पनि नेपाल हाम्रा पुर्खाको देश हो । त्यहाँ हामी हाम्रो देश फर्कन नपाउन्जेल सुरक्षासाथ बाँच्न पाउँछौँ ।'

गोसेलिङबाट धपिएर आएका चन्द्रप्रसाद तिम्सिनाले जोशिलो पाराले भाषण गरे । त्यहाँ जम्मा भएका झन्नै पच्चीस परिवार भूटानीहरूले चन्द्रप्रसाद तिम्सिनाको आह्वानलाई समर्थन दिए ।

•

त्यसैदिन दिउँसो उनीहरूको समूह पैदलै काकडभिट्टाको लक्ष्य लिएर हिँडेको थियो । नक्सालबारीको थानामा पुगेपछि त्यहाँको पुलिसले उनीहरूलाई सोधपूछको बहानाले निकैबेर अलमल्यायो । नक्सालबारीको थाना काटेर निकै अघि पुगेपछि रनमायाले मीठुलाई खोजिन् । तर मीठु त्यहाँ थिइन । 'मीठु ... !' रनमायाले डाकिन् । 'मीठु नानी ... ! मीठु नानी ... !' सुनकेस्रीले पनि डाकी । तर मीठु कतै थिइन । बाटामा कहाँ अलमलिई मीठु । सबै जत्था नै मीठुको चर्चा गर्न लाग्यो । 'आजै नेपाल पस्नुपर्छ । यस भारतभूमिमा हामी भूटानीको सुरक्षा छैन' सबै मानिसहरू आत्तिएका थिए । अब मीठुलाई कसरी खोज्ने ? मीठुलाई खोज्नु जरुरी थियो । त्यसैले सबैको सल्लाहमा सिङ्गे दाजु मीठु खोज्न फर्कने भए । सेमजोङको युवा मणिकुमार खनाल सिङ्गे दाजुको साथमा पठाइए । 'भाउजू ! म मीठु नानीलाई लिएर फर्कन्छु, तपाईंहरू यो जत्था नछोडीकन नेपाल पस्नुस् ।' – सिङ्गे दाजुले गहभरि आँसु पारेर रनमायासँग विदा मागेको थियो ।

•

झन्नै पन्ध्र दिनपछि मणिकुमार खनाल एक्लै शिविरमा आइपुगेको थियो । 'मीठुको कतै पत्ता नलागेको, धेरै खोजतलासपछि पनि मीठु नभेटिएपछि फर्कनेरात सँगै सुतेका सिङ्गे दाजुलाई बिहान मणिकुमारले भेटेन । त्यसपछि मणिकुमार शरणार्थी शिविर खोज्दै आइपुगेको थियो ।

सुनकेस्री एकोहोरी भएकी थिई । त्यो सिलिगडीको पुलिस आतङ्कपछि नै एकसुरे भएकी सुनकेस्री मीठु हराएपछि झनै एकतमासकी भएर गएकी थिई । हुँदाहुँदै एकरात रनमायासँगै सुतेकी सुनकेस्री बिहान उठिन ।

अब रनमाया एक्लै भएकी थिइन् । हर्कली भए पनि नभएबराबर थिई । हर्कली झन्नै झन्नै बौलाही जस्तै भएर शिविरका छाप्राहरूमा दिनभरि डुलिरहन्थी । कुनैकुनैरात पनि हर्कली आउँदिनथी । शरणार्थी शिविरमा मानिसहरूको सङ्ख्या बढ्दो थियो । भूटानबाट सधैँजसो

मानिसहरू आइ नै रहन्छन् । हुँदाहुँदै शरणार्थीका शिविरहरू पनि एकपछि अर्को गर्दै खुल्दै गए एक-दुई-तीन-चार-पाँच ... ।

शिविरमा भएका कसैसँग पनि रनमाया खासै बोल्दिनन्, तर कुनै नयाँ मान्छे आयो भने उनी त्यहाँ कुदेर पुग्छिन् । 'मेरो जेठो, माइलो र हीरालाई देख्यौ ? सुनमाया र मीठुलाई भेटचौ ?'

'उनीहरू पछि आउलान्, भैगो ।' आगन्तुकको जबाफ आउनुअगाडि रनमाया आफै उत्तर दिन्छिन् । कोहीकोही रनमायालाई बौलाही बूढी पनि भन्छन्, तर उनको कुनै चालढाल बौलाहीको जस्तो छैन ।

•

आज पनि भूटानबाट केही शरणार्थी आएको कुरा रनमायाले थाहा पाएकी थिइन् । त्यसैले उनी हतारहतार तिनीहरूलाई भेट्न पुगिन् । 'तिमीहरूले मेरो जेठालाई भेटचौ ? माइला र हीरालाई देख्यौ ? अनि सुनमाया र मीठुलाई नि ?'

सबै शरणार्थीले रनमायालाई ट्वाल्ल परेर हेरिरहे । एकैछिन रनमायाले पनि सबैलाई हेरिरहिन् । त्यसपछि त्यहीँनेरि टुक्रुक्क बसेर घुँडामा मुख लुकाएर रुन लागिन् ।

•

यसवेला पनि रनमाया रोइरहेकी छिन् । उनको मुटु छेड्ने वेदनाका रुवाइहरूले महाभारतका डाँडाहरू पनि सुसाइरहेछन् । रनमायाको क्रन्दन एकनास गुन्जिरहेछ ।

•

ए ! कसैले सुन्यौ रनमायाको आवाज ?